दायित्व

(मासिक)

वर्ष २१ /पूर्णाङ्क ५७/वैशाख २०६४

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४१४९९६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सहयोगी
विज्ञान पन्त

विशेष सहयोगी
केशवराज पन्त
फोन: ४-४६४९८६

आवरण सज्जा
राजेश मानन्धर

कार्यालय:
घ-२७२/७०, चावहिल-७,
काठमाडौं
फोन ४-४७४९८३
पो.ब.नं. ६७६६, काठमाडौं

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
E-mail : dayitwa@hotmail.com

सहयोग
संस्थागत रू. ५०/-
व्यक्तिगत रू. २५/-

कम्प्युटर सेटिङ : शिव प्रसाद ज्ञवाली
मुद्रण : काठमाडौं भ्याली अफसेट प्रेस एण्ड ABC प्रकाशन प्र.लि. बसुन्धरा ४-३५५८४४/४-३८२५०३

दायित्व वाङ्मय प्रतिष्ठानको सांगठनिक स्वरूप

केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	९८४१५२६०१७	बालकृष्ण शर्मा	सदस्य	९८४१२५२८७९
ठाकुर शर्मा	उपाध्यक्ष	९८४१२४५३३१	भागवत ढकाल	सदस्य	९८४१२७१२२६
यादव भट्टराई	महासचिव	९८४१२६९००९	देवी नेपाल	सदस्य	९८४१४४४१३५
केशवराज पन्त	सचिव	९८४१३४८८३६	ममता शर्मा नेपाल	सदस्य	९८४१३७०५१५
कमलप्रसाद ज्ञवाली	कोषाध्यक्ष	९८४१२९८५१४	रेवतीरमण पोखरेल	सदस्य	९८४१२६९००८
अर्जुन विरक्ति	सदस्य	९८५१०६५४७६	अनिल कोइराला	सदस्य	९८४१२५०४५२
माधव घिमिरे	सदस्य	४४३१५३७	जयदेवकृष्ण श्रेष्ठ	सदस्य	९८५१०६३२५८

सम्पादकीय.....

- आज हामी साहित्यभन्दा पनि राष्ट्र र राष्ट्रियताको कुरा उठाउन खोजिरहेका छौं । राष्ट्र नरहे राष्ट्रियताको अर्थ के रह्यो ? राष्ट्रियता नै नभए साहित्यको औचित्य के भयो ?

- हाम्रा आँखाले आज राष्ट्र जोखिममा परेको देखिरहेका छन् । हाम्रा मस्तिष्कले आज राष्ट्रियता सङ्कटमा परेको निष्कर्ष निकालिरहेका छन् । यो सङ्कट निम्त्यायो कसले ? हामी नेपालीले । कस्तो वर्गले निम्त्यायो ? उच्च बौद्धिकवर्गले । कमजोर नेतृत्ववर्गले । अकर्मण्यतत्त्वले ।

- दश वर्ष सशस्त्र संघर्ष गरेको माओवादी शक्ति सम्झौतामा आउँदा जनताले ठूलो राहत महसुस गरिराखेका थिए र आशा गरेका थिए - अब देशमा शान्ति बहाली भयो । देशले कोल्टो फेर्नेभयो । हामीले काम गरेर खान पाउने भयौं । चैनसँग बस्न र सुत्न पाउने भयौं । तर, सोच्दैनसोचेको काम भयो/पत्याउनै नसकिने घटना भयो । तराइमा अचानक आगो बल्यो र विभत्स नरसंहार भयो ।

- यो सबै केका लागि ? वर्गीय हितका लागि कि जातीय एवं क्षेत्रीय विभाजनका लागि ? वर्गीय हितका लागि हो भने त ठीकै छ तर सङ्कुचित स्वार्थका लागि समाजमा जातीय र क्षत्रीय विभाजन ल्याई देश टुक्राउने षड्यन्त्र रचिएको हो भने त्यो राष्ट्रप्रेमी नेपालीका लागि सह्य हुँदैन । यसका विरुद्ध आम नेपाली जुरमुराएर उठ्छन् र समाजका कसिङ्गरलाई पन्छ्याएर छाड्छन् । त्यस्ता षड्यन्त्रकारीले देश टुक्राएर राजगर्ने सपना नदेखेहुन्छ ।

- राष्ट्रिय विभूति भानुभक्त, मोतीराम, देवकोटा, सिद्धिचरण र वि.पि.का सालिक तोडिनुको अर्थ के हो ? राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाहको सालिक ढालिनुको औचित्य के हो ? पहाडे र मधिसेको विभाजनरेखा कोरेर कुर्लिनुको सारतत्त्व के हो ? प्रश्नको तात्विक जवाफ छैन । कार्यप्रकृति बोल्छ - यहाँ कुनै न कुनै षड्यन्त्रको गन्ध छ । देशमा अस्थिरता ल्याई राष्ट्रलाई भीरमा पुऱ्याउन चाहने तत्त्वले पछ्याडिबाट आड भरोषा दिइरहेको सङ्केत छ ।

- तर हामी भन्छौं जहाँ तराइ छैन, त्यहाँ पहाड र हिमाल पनि छैन । जहाँ पहाड छैन, त्यहाँ हिमाल र तराइ पनि छैन । जहाँ हिमाल छैन, त्यहाँ पहाड र तराइ पनि छैन । नेपाल भनेको हिमाल पहाड र तराइ हो/नेपालको सामुहिक स्वरुप हो । नेपालको विविध जनजाति नेपालको गौरव हो । विविध भाषा नेपालको सम्पत्ति हो र विविध संस्कृति नेपालको पहिचान हो ।

- किमार्थ सुन्न सक्तैनन् नेपाली जनताले जातीय, वर्गीय र क्षेत्रीय एकतामा विभाजन ल्याउने कुरा । जातीय हिंसाको बीजारोपण गर्ने कुरा । हो, क्षेत्रीय वा वर्गीय हिसाबले कसैमाथि अन्याय हुनगएको छ भने आपसी सम्वाद र सहमतिका आधारमा समस्याको निकास खोजिनुपर्छ । समावेसी प्रकृयालाई प्रोत्साहन गरिनुपर्छ । तर सङ्घर्षको नाममा निहित स्वार्थलाई अगाडि सारेर देश ध्वस्त पार्न खोजिन्छ भने त्यस्ता तत्त्वमाथि कडा कारवाही गर्न पछि पर्नुहुन्न । राष्ट्रिय स्वार्थ र हितमा पनि सम्झौता गर्न लागियो भने देश वर्वादीको दिशातिर धकेलिन्छ ।

- जातीय गृहयुद्धको पीडा कति असैह्य हुन्छ भन्ने कुरा हामी सबैले बुझेका नहुनसक्छौं । भर्खरै कङ्गो पुगेर आएको यस पत्रिकाको सम्पादकले देखेको छ कङ्गोली जनताले भोगिरहेको पीडा । सन् १९६० मा कङ्गो छाड्दा बेल्जियमले सल्काएर छाडेका जातीय युद्धको आगोमा अहिलेसम्म जलिरहेका छन् कङ्गोली जनता । पचास वर्षअघिको समृद्ध कङ्गो अहिले ध्वस्त भएको छ । त्यो आगो हामीकहाँ पनि सल्कियो भने पचास वर्षपछि नेपाल कङ्गो नभएर अरु के होला ?

- नयाँ नेपाल निर्माण गर्ने सङ्कल्प लिएर अस्त्र उठाएको शक्ति अब सत्तामा पुगिसकेको छ । त्यस शक्तिको नयाँ सोच र विचारले पनि नेपालको भविष्य निर्माणमा पक्कै मद्दत मिल्ला ! नेपाली जनताको चाहना र सरकारको योजना एउटै भयो भने षड्यन्त्रकारी तत्त्व त्यसै पाखा लाग्नेछन् ।

- अब हामीले दृढ सङ्कल्प गर्नुपरेको छ । एउटै उद्देश्य लिएर अगाडि बढ्नुपरेको छ र संविधानसभाको माध्यमद्वारा देशको नयाँ रुपरेखा कोर्न कटिबद्ध हुनुपरेको छ । नयाँवर्ष २०६४ को नारा एउटै घन्कोस् । आम नेपालीको भावना एउटै बनोस् । कुत्सित स्वार्थ लिएर देशमा अस्थिरता ल्याउने तत्त्वको मति सप्रोस् । हामी नयाँ बिहानीको खोजीमा जुटौं ।

- समृद्ध एवम् समुन्नत नेपालको जय होस् ! राष्ट्रप्रेमी जनताको जय होस् ।

नववर्ष २०६४ को शुभ-आगमनसँगै सम्पूर्ण नेपाली जनमानसमा सद्बुद्धि पलाओस् । हार्दिक शुभकामना ।

दायित्व

(साहित्यिक मासिक)

विषय-सूची

सृजना	पेज नं.	स्रष्टा
अन्तर्वार्ता		
राम्री नाच्न मादल पनि राम्री बज्नुपर्छ	१	कृष्णप्रसाद पराजुली (प्रस्तुति : बिके पाल्पाली)
कथा/लघुकथा		
वाध्यता	१२	गीता केशरी
सिङ्गो लड्डु	२०	गोरखबहादुर सिंह
एउटा अनौठो कथा	३५	ओ.हेनरी (अनु: किशोर पहाडी)
आशा र निराशा	३६	नारायण गोदारे
कायर वीरबहादुर !	७०	मित्र 'उराठी' गौतम
लेख/निबन्ध		
मेरो जीवन : खुशी र आँसुको	८	फणीन्द्रराज खेताला
राष्ट्रगान : यस्तो भए पो टुङ्गोमा पुग्थ्यो	१६	हर्षनाथ भट्टराई
प्रशङ्ग : 'चालिसौं शताब्दी'को	५५	हरि मञ्जुश्री
योग र प्रयोग	५७	रमा सिंह
नाटक		
चोखो रगत	२८	वेदकुमारी न्यौपाने
यात्रा संस्मरण		
एकसय देशको साइकल यात्रा र आगामी सङ्कल्प	५२	पुष्कर शाह
भानुलाई भेट्न जाँदा	६१	'दुःखी महल' तिम्सिना
समीक्षा/समालोचना		
कालीगण्डकी खण्डकाव्य - एक परिचय	२१	प्रा.डा. लक्ष्मीकान्त पन्थी
ईश्वरको नाता : साहित्यमा	४०	ठाकुर शर्मा
दुई कृति : एक दृष्टि	४४	भागवत ढकाल
नियात्रासङ्ग्रहका दुई कृतिको अवलोकन	४८	बालकृष्ण शर्मा
'सुनेको कथा' पढेपछि	६०	ज्यो. पं. जीवनाथ ओझा
'नेता : चिरञ्जीवी भव' एक समीक्षा	६६	भीमसेन कुईकेल
गोर्खेको मुस्कान र बहरको चर्चा	७४	केशवराज आमोदी
कविता/गीत/गजल/मुक्तक/हाइकु/तांका		
कन्हैया नासनली-११/ विश्व सिरदेल-१५/ मोहनबहादुर कायस्थ-१५/ योगेन्द्र रेग्मी -१९/ दामोदर पुडासैनी 'किशोर'-१९/ बाजुराम पौडेल -३४/ उज्ज्वल जी.सी. -३४/ पौडेल मधु -३८/ विष्णुबहादुर सिंह -३९/ श्यामप्रसाद घिमिरे -३९/ अमृत बीसी 'सेन्टी' -३९/ गोर्खे साईलो -४३/ रासा -४३/ रामविक्रम थापा -४३/ सुवि सुधा आचार्य -४३/ ज्ञानुवाकर पौडेल -४७/ डा.दुर्गाप्रसाद अर्याल -४७/ इन्द्रकुमार श्रेष्ठ -६४/ जनकराज पौडेल -६५/ बिर्खे 'अन्जान' -६५/ सुरेश सुवेदी -६५/ धनराज गिरी -६५/ दिव्यलक्ष्मी पोखेल -६९/ श्रीराम श्रेष्ठ -७२/ अमर न्यौपाने -७३/ प्रकाश रम्घाली -७३/ शिवप्रसाद ज्ञवाली -७३/ शङ्कर सुवेदी -७६/ विष्णु न्यौपाने-७७		

कविता

सहिद : राष्ट्रका अमूल्य निधि

ॐ विष्णु न्यौपाने

सहिद
यस शब्दले
मनमा श्रद्धाको
अङ्कुर टुसाउँछ ।

सहिद
जस बिना हामी
सिङ्गो नेपाली आज
यहाँसम्म आउने थिएनौं ।

सहिद
जस बिना हामी
स्वतन्त्र हुने थिएनौं ।

यसर्थ
हामी भन्न सक्छौं
सहिद स्वतन्त्र छन्
स्वतन्त्रतामा सहिद छन्
यो यथार्थ हो ।

जो,
मलाई
यसलाई
हामीलाई
सबैलाई थाहा छ ।

तर साँचौं
एक पटक
सहिदको उचित कदर
के यो देशले गर्न सकेको छ ?
के हामीले गर्न सकेका छौं
के नेताले गर्न सके ?
जो सहिदको बलिदानले सत्तामा पुगे ।

वर्षैभरि
कुर्सी तानातान र हानाहानमा
अल्मलिएका छन्
हाम्रा मार्गदर्शकहरू
अनि वर्षको एक दिन
केही क्षणका लागि सहिदगेट सजिन्छ
मौन धारण गरिन्छ ।
केवल यसैले सहिदको त्यागको कदर हुन्छ ?
जब देशमा
सङ्कटको घण्टी बज्छ
अनि पुनः सहिदलाई सम्झिन्छ
अनि सहिद जन्माउनका निम्ति
आन्दोलनमा जनतालाई उक्साउँछन्
आफू पछि सर्छन्
जब जनता
गोली लागी पल्टन्छन्
ऊ एक अमर सहिद बन्छ
परिणाम
बिचल्लीमा पर्छ उसको परिवार
पत्र-पत्रिकामा खबर बन्छ
अनि पुनः सहिदहरूमा
एक सहिद थपिन्छ
बस !

वास्तवमा, सहिद यस राष्ट्रका अमूल्य निधि हुन्
यिनै सहिदहरूलाई सम्झन नसक्नु
उनका परिवारलाई कदर नगर्नु
उनका सन्तानलाई
पढाइ र रोजगारको
व्यवस्था गर्न नसक्नु वा नगर्नु
न्यायोचित व्यवहार गर्न नसक्नु
हाम्रो कमजोरी हो ।

जसका कारण यो देशमा
सतीको साथै सहिदको सराप लागेको छ
आज यसैले
हाम्रो दुर्गति भएको छ ।

यसर्थ
सहिदप्रति
उचित कदर गरिनुपर्दछ
प्रत्येक दिन
पलपल
सहिदको सम्मरण गरिनुपर्दछ
सहिदको त्याग बुझ्नुपर्दछ
अनि उनीहरूले
देखाएको पथमा लम्कनुपर्दछ
अनि मात्र
हाम्रो उन्नति हुनेछ
यो देशको उन्नति हुनेछ ।

धुम्बाराही

के ? 'मुस्कान' दोषमुक्त छ त ? यस प्रश्नमा घोत्लिंदा के भन्न मन लाग्छ भने समसामयिक गजलमा केही दोषहरूले गर्दा गजलको सौन्दर्यमा ह्रास ल्याउँछ । गजलले गजलका वास्तविक पारखीको हृदयलाई स्पर्श गर्न सक्दैन । दोष मुक्त गजल लेखनबाट हमेशा नवसाधहरू सचेष्ट रहनुपर्दछ । केही दोषहरू यसप्रकार छन्-

मेलको अभाव : जब एउटा शेरमा दुई अभिव्यक्ताका प्रसङ्ग एकैसाथ गासिन्न आउँछ तब त्यहाँ मेलको अभाव दोष देखिन्छ । अनमेलका ३ अवस्थालाई यसरी अघि सार्न सकिन्छ । जस्तै:

१) विषयवाचक अनमेल : दिन र रात वा विगत र आगतजस्ता प्रसङ्गलाई एउटै शेरमा बद्ध गर्नु ।

२) सम्बन्धवाचक अनमेल : एकै शेरि भित्र तँ, तिमी, तपाईंको प्रयोग गर्नु ।

३) कालवाचक अनमेल : पहिलो पङ्क्तिमा वर्तमान काल दोस्रो पङ्क्तिमा भुतकाल, भविष्यकालको प्रयोग गर्नु ।

गजलकार गोर्खे साईंलो गजल सिर्जनामा सचेष्ट हुन नै पनि एकाध शेरमा कालवाचक अनमेल दोषलाई उपेक्षा गर्न पुगेका पनि छन् । जस्तै :

जसरी पहिला पहिचान भयो
भरिलो छ सहर तब हुन्छ गजल ।

मन-मोहिनीको जब प्यास बढ्यो
रसिलो छ पहर तब हुन्छ गजल ।

यसप्रकारका गजलका अन्यान्य दोषहरू वा गजलका लोकप्रिय गुणहरू पनि छन् तर स्थानको अभावले यहाँ तिनको विवेचना संभव भएन । गजल सृजनामा कुरूपता, अश्लीलता, उत्तेजनात्मकता जस्तो दोषवानमा गजलकार सदैव सचेत रहन पर्दछ ।

अन्तमा गजलसिद्धान्त बमोजिम नै बहर बद्धताको ख्याल गरी श्रुतिमधुर, हृदयग्राही र भावाव्यञ्जनापूर्ण पार्न अथक परिश्रम र अभ्यास गरी आगामी दिनमा अझै स्तरीय र निखर गजल सङ्ग्रहहरू प्रकाशनमा ल्याउन गजलकार सफल होऊन् भन्ने हार्दिक शुभकामना ।

* * *

चाँदनी

५ शङ्कर सुवेदी

हे चाँदनी अझ तिमी अझ मुस्कुराऊ
हुन्थ्यो कि शान्त अब यो मनभित्र घाउ ।
त्यो दूरको क्षितिजमा अब भो नजाऊ
मेरै समीप मनको नभमा रमाऊ ॥१॥

हौ चाँद, चन्द्र अथवा शशि, चाँदनी हौ
वा जून हौ ? प्रिय निशा-पति चन्द्रमा हौ ।
जे हौ तिमी गगनको प्रिय एक तारा
चाहन्छु मै निकटमा बनिद्यौ सहारा ॥२॥

तिम्रो समीप म हुँदा नवरश्मि पाएँ
भित्रै म गद्गद भएँ अझ पास आएँ ।
सक्छयौ तिमी यदि भने घरभित्र आऊ
हुन्थ्यो कि शान्त अब यो मनभित्र घाउ ॥३॥

दौडेर जान्छु म छुनै पर भागि जान्छयौ
झन् झन् अगाडि म बढे अघि लागि जान्छयौ ।
चाहन्छु साथ म सधैं अब भो नजाऊ
मेरै समीप मनको नभमा रमाऊ ॥४॥

तिम्रो यही निकट शीतलको छहारी
आनन्द लुट्छ म सधैं मन मुग्ध पारी ।
भो अन्धकार पर झन् पर नै गराऊ
मेरै समीप मनको नभमा रमाऊ ॥५॥

तिम्रो त दर्शन बिना मन खिन्न हुन्छ
देख्दा तिमी गगनमा अनि शान्ति मिल्छ ।
मुस्काउँदै अझ तिमी वर झट्ट आऊ
मेरै समीप मनको नभमा रमाऊ ॥६॥

अस्ताउने अब तिमी नगरे कदापि
माया, दया र ममता थपिद्यौ ममाथि ।
स्वच्छन्द भै गगनको प्रिय गीत गाऊ
चाहन्छु साथ म सधैं अब भो नजाऊ ॥७॥

हे चाँदनी ! मन सधैं अडि गो तिमीमै
सद्भावको मधु, सुधा, सृजना तिमी नै ।
सौरै कला गगनमा परिपूर्ण छाऊ
हे चाँदनी ! अब तिमी अझ मुस्कुराऊ ॥८॥

रत्ननगर -१३, चितवन

अन्तर्वार्ता

रामरी नाच्न मादल पनि रामरी बज्नुपर्छ

५ कृष्णप्रसाद पराजुली

बि.सं. १९९२ असार २४ गते तदनुसार ८ जुलाई, १९३५ मा तत्कालीन पूर्व एक नम्बर काश्मे जिल्लाको भमरकोटमा जन्मनुभएका श्री कृष्णप्रसाद पराजुली तीन छोरी र दुई छोराका पिता र छोरा र छोरीसमेतका गरी दशजना नातिनातिनीका हजुरबा हुनुहुन्छ । उहाँको बाल्यकाल करुणालाग्दो एवम् मायालाग्दो छ । सातै महिनामा जन्मिएका वा अधिग्रो अवस्थामा यस धरतीमा पाइला टेकेका श्री पराजुली फालिइसकेको बचराजस्तो भएर कसरी हुर्किनु भयो त्यसको लामो कथा छ । जसबारे अधिकांश कुराहरू 'मेरो बालककाल : सुखदुःखको घामछायाँ' (साहित्यसागर : पूर्णाङ्क ८, २०५८ वैशाख-असार) तथा परिबर्द्धनसहित (अन्तर्दृष्टि, अनेसास २०६३ साउन) र 'बाल्यजीवनका झल्का र ज्ञानको खोजीमा काठमाडौं' (मिमिरे : पूर्णाङ्क २१४, २०६० असार) मा प्रकाशित पनि भइसकेका छन् ।

प्रस्तुत छ - 'दायित्व' साहित्यिक मासिकका लागि साहित्यकार बि.के. पाल्पालीले लिनुभएको अन्तर्वार्ता ।

☞ तत्कालीन अवस्थामा आफ्नो अध्ययनलाई कसरी अगाडि बढाउनुभयो ?

☜ छोटकरीमा भन्दा त्यो बेला गाउँमा विद्यालय थिएनन् । घरको फलैंचामा बसी पिर्कामा धुलो छरेर सिन्कले लेखेर मैले क-ख चिनें । गाउँमा छउन्जेल दुर्गाकवच, चण्डी, रुद्री र स्वस्थानी पढें । नेपाली साहित्यमा देख्न पाएको पहिलो किताब पारसमणि प्रधानको नेपाली साहित्य पाठमाला एउटा हो । सङ्घर्ष गरेर काठमाडौं आएपछि रानीपोखरी संस्कृत पाठशालामा प्रविष्ट भएँ । रुद्री खारेर पढें, त्यसपछि मध्यसिद्धान्त कौमुदी, रघुवंश आदि पढें र स्वतन्त्ररूपमा चाणक्यनीति र गीतादेखि साहित्यमा भेटिएसम्मका कृतिहरू पढ्दै गएँ । विस्तृत जानकारीका लागि मेरो आत्मकथा नै पढ्नुपर्छ ।

☞ मनोरञ्जन के हो ? बालबालिका र अन्यलाई कसरी साहित्यिक मनोरञ्जन दिन सकिन्छ ?

☜ मनोरञ्जन मनलाई रञ्जन गर्ने अर्थात् प्रसन्न पार्ने, दिल बहलाउने, खुसी तुल्याउने क्रिया हो । बालबालिकालाई मीठा बालगीत-कविता र कथा दिएर, नाटक खेलाएर, खेलकुद गराएर, चित्रहरू देखाएर मनग्यै मनोरञ्जन दिन सकिन्छ । त्यस्तै अन्यलाई पनि गरिने हो । बालबालिका र युवा तथा प्रौढ़हरूको स्तरमा चाहिं अन्तर हुन्छ । आकार, मात्रा र रूपमा पनि भिन्नता हुन्छ । साहित्यिक मनोरञ्जन दिनु भनेको त्यसको रसास्वादन गराउँदै सकारात्मक दिशातर्फ लैजानु पनि हो । आफ्नै माटो र आफ्नै परिवेशलाई नबिर्सी सम्भाव्य लेखनलाई गति दिने हो भने साहित्यिक मनोरञ्जन दिन सकिने थुप्रै-थुप्रै उपाय हुन सक्छन् ।

☞ साहित्यलेखनमा कहिले प्रवेश गर्नुभयो र पहिलो प्रकाशित रचना तथा कृति कुन हो ?

☜ किन-किन साहित्यको चस्का सानैदेखि लाग्यो । लेखनमा लाग्न त २००५-०६ सालदेखि लागेको हुँ । त्यतिखेर नेपाली पनि पढ्ने

संयोग पऱ्यो। नेपाली पद्दा प्रकृति-परिचयदेखि साहित्यसम्मका विषय थिए। लेख्ने अभ्यास पनि हुँदै गयो। त्यति बेलैदेखि लेख्न थाले पनि प्रकट हुने अवसरचाहिं २०११ सालदेखि मात्र जुऱ्यो। मेरा प्रथम प्रहरका रचना 'शुभकामना', 'त्यो बालक' आदि हुन्, जुन २०११ सालदेखि गोरखापत्र, परोपकार आदि पत्रिकामा प्रकाशित भएका थिए। झन्डै त्यसै बेलादेखि कथा पनि लेखें। पुस्तकाकार रूपमा चाहिं २०२२ सालदेखि भकाभक निस्केका छन्।

☞ तपाईंलाई मन परेको लेखनविधा कुन हो ?

✍ मलाई सबैजसो लेखनविधा मन पर्छन्। गीत-कविताले मलाई मुहुनी नै लगाएका छन्, आख्यान (कथा, उपन्यास) मा खेल्न-डुब्न मन लाग्छ। दृश्यकाव्यमा नाटक पनि त्यत्तिकै मन पर्छ। गद्यलेखनमा म यात्रासाहित्य र आत्मकथा चाँपट्टै मन पराउँछु। मेरो बालक भएर खेल्ने रहर कहिल्यै ओइलाउँदैन, त्यसैले बालसाहित्यमा चुर्लुम्मिदै आएको छु। भाषामा खेल्नु-रमाउनु, राम्रो रचना : मीठो नेपालीको ढुकढुकी हुनु र भाषाको मायामा अँगालो मार्नु मेरो अभीष्ट हो।

☞ साहित्यलेखनको प्रेरणा कसबाट पाउनुभयो ?

✍ प्रथमतः लोकभूमिबाटै हो। दुई-अढाई वर्षदेखि म लोकबालगीत गुनगुनाउँथे, गाउँथे र नाच्थें पनि। त्यसमा पानी सिंच्ने र बिरुवा हुर्काउने काम २००४ देखि २००७ सालसम्मको तत्कालीन समसामयिक स्थिति, जनजागरणको प्रहर, साहित्यिक कृति, आफ्नै अध्ययन-मननले गऱ्यो र एउटा साझा तथा सिङ्गो परिवेश दियो।

☞ साहित्यलेखनको लक्ष्य नै रोज्नुको कारण के हो ?

✍ म चुम्बकीय रूपमा यसमा लागें, अथवा भनुँ–साहित्यसेवालाई रोज्नुमा मेरो र साहित्यको सम्बन्ध सहदेवा-सहदेवा बुटीजस्तै हुनु हो। आत्मा जेसंग गासिन्छ त्यसैमा त लागिँदो रहेछ नि, होइन ?

☞ नेपाली साहित्यलेखनको वर्तमान अवस्था कस्तो पाउनुभएको छ ?

✍ नेपाली साहित्यले बहुविध रूपमा फट्को मारिरहेको छ। साहित्यमा हुनुपर्ने उदार र पक्षपातरहित वातावरण भने अहिले पनि पाउन सकिएको छैन। यसमा तपस्यारत हुनेहरू आफ्नै किसिमले लागेका छन्। अर्कातिर अहिले साँच्चै साधक पनि छन्, चटके पनि छन्। साधकहरू निश्चय नै केही दिन्छन्, तर चटकेहरू एउटा-दुइटा चटक देखाउन खोजेपछि थाक्छन्, भाग्छन् र हराउँछन्। नेपाली साहित्यलेखनको वर्तमान अवस्था यिनै दुई धारमा गएको म देखिरहेछु।

☞ साहित्यले देखाउनुपर्ने वास्तविक दिशा कुन हो जस्तो लाग्छ ?

✍ साहित्यले देखाउनुपर्ने दिशा विभिन्न हुन सक्छन्– यथार्थ र मनोवैज्ञानिक चित्रण, सबै विधामा पौल कृतिहरू, बालसाहित्य र लोकसाहित्यमा छेलोखेलो कार्य, जीवन र जगत्लाई बुझ्ने क्रिया र सामाजिक परिवर्तनका रूपरेखा आदि-आदि। राम्रो रचना : मीठो नेपालीको दिशामा लागेर आआफ्नै शैलीको निर्माण गर्दै भाषाको माया गर्ने तथा भाव वा विचारलाई प्रगतिमय तथा सशक्त बनाउने कार्य पनि यसका साँच्चीकैका दिशा हुन्।

रुक्नबाट बन्ने बहरलाई मुजाहिफ बहर भनिन्छ। कतिपय नेपाली समीक्षकहरूले त नेपाली लोकलय वा गीतिलय वा स्वनिर्मित लयलाई नै मुजाहिफ बहर भन्ने गर्दछन्। गजलकार 'गोर्खे साईलो' को सुत्रसहित शास्त्रीय छन्दमा आधारित 'मुस्कान' गजलसङ्ग्रहमा ६४ ओटा गजलहरूमा २८ ओटा गजलहरू त मुजाहिफ बहरमा रहेका छन्।

तोटक, इन्द्रबज्रा, वसन्ततिलका, छाया, पञ्चचामर, भुजङ्गी, तनुमध्या, कनकसुन्दरी, शालिनी, मोटनक, वंशस्थ, इन्द्रवंशा, मत्तमयुरी, शशिवदना, विद्युन्माला, मन्दाक्रान्ता, साथै नाम नखुलेका बहर सहित १७ ओटा गजलहरूमा मुजाहिफ बहरको प्रयोग भएको देखिन्छ।

प्रीतिभावको श्रुतिमधुर व्यञ्जनात्मकताले आच्छन्न नव स्वच्छन्दतावादी प्रणयधर्मी गजलकारका रूपमा देखापरेका 'गोर्खे साईलो' को प्रस्तुत कृति 'मुस्कान' को भूमिका लेखनका सन्दर्भमा बहुमुखी प्रतिभा सम्पन्न कवि एवम् गजलकार गोविन्दराज विनोदीले शास्त्रीय छन्द वा लयलाई पूर्णतः परिपालन गरिएको नेपाली साहित्यको प्रथम कृति हो भनेर उल्लेख गरेका छन् भने गजल सिद्धान्तका मर्मज्ञ मानिने समालोचक एवम् गजलकार डा. घनश्याम न्यौपाने 'परिश्रमी' ले भने नेपालीमा पहिलो बहरबद्ध गजलसङ्ग्रहका रूपमा प्रकाशित गर्ने महत्वाकाङ्क्षा राखेको देखिन्छ भनेर पाल्पाली युवा गजलकार सरोज काफ्लेको नाम समेत उल्लेख गरी कृति प्रकाशनमा भन्दा गुणवत्ता र मूल्यवत्तामा जोड दिनु पर्ने कुरा अधिसारेका छन्।

नेपाली गजलसाहित्यका आदि गजलकार मोतीराम भट्ट, भीमनिधि तिवारी र उपेन्द्रबहादुर 'जिगर' आदिका गजलहरू बहर बद्ध नै थिए भन्ने प्रसङ्गलाई बिर्सनु हुँदैन। वर्तमान अवस्थामा सुत्रसहितको शास्त्रीय बहरमा आधारितका हिसाब किताबले 'मुस्कान' गजलसङ्ग्रहलाई गजलकार 'गोर्खे' को प्रथम नेपाली गजलसङ्ग्रहमा स्थापित गरिसकेका छन् तर प्रकाशनको हतारको कारणले उचित लाभ प्राप्त गर्न सकेनन्।

गजलको रूपविधानमा आदि गजलकार मोतीराम भट्टकै शृङ्गारिक शैलीको अनुकरणलाई समसामयिक यथार्थताको प्रत्यङ्कन गर्नु गजलकारको वैशिष्ट्य हो। प्रणय अनुराग र युगीन असङ्गतिका भावबोधी वैयक्तिक अनुभूतिका रङ्गहरूले शेरलाई सिँगारेका छन्। समसामयिक वस्तुस्थितिको कलात्मक चित्रणको सुन्दर प्रस्तुति :

हिम पर्वतका परखाल ढले
मन मन्दिरका हिमताल गले।

सुखियाहरू नै वनबास गए
सब सुन्दर मौसम याम जले।

बरसात हुरी पनि अन्त भयो
जब बादलमा तकरार चले।

किन बन्द भयो मनको लहरी
किन चारतिरै रिसराग फले।

मनकी रसिया पनि दूर भइन्
दिलले दिलका सब प्रीत छले।

उर्दू- फारसीको इजमे-असजले मूल र मिश्रित छन्दका लागि भनेर अवैकल्पिक आठ मूल रुक्नहरूको निर्धारण गरेको हो। परिवर्तित छन्दका लागि जिहाफको प्रकृया अपनाई अन्य १२ ओटा रुक्नहरूको निर्धारण गरी बहर बृद्धिको शृंखलालाई कायम राखेको छ। यिनै कुरामा मध्यनजर राखी गजलकारले केही केही वार्णिक छन्दमा गजल लेखेर बहर बृद्धिको संभावनालाई उजागर गरेका छन्। शैली, शिल्प र प्रवृतिका बारेमा विज्ञ समालोचकहरूबाट टिप्पणी हुने नै छ।

पिङ्गल छन्दका सबै गजलका बहरका नामसमेत दिईएको यो सङ्ग्रह बहरबद्धताको कसीमा घोट्दा पृथक शैलीमा प्रस्तुत गरिएको छ। 'गोर्खे साईलो' को 'मुस्कान' ले सबै गजलका रसपिपासुहरूलाई सम्मोहित गर्ने नै छ। गजलमा भाव र कला दुवै पक्षको सुललित संयोजनले गर्दा कृति सुन्दर मनमोहक र सङ्ग्रहणीय बन्न पुगेको छ।

समीक्षा

गोर्खेको 'मुस्कान' र बहरको चर्चा

✍ केशवराज 'आमोदी'

सामाजिक सेवामा समर्पित एवम् नेपाली वाङ्मयिक क्षेत्रमा क्रियाशील गजलकार 'गोर्खे साँइलो' को वास्तविक नाम ऋषिप्रसाद लामिछाने हो । 'गोर्खे' को जन्म २००८ साल भाद्र १० गते ऋषि पञ्चमीको पवन अवसरमा नुवाकोट, चतुराले गा.वि.स. को थर्पुमा भएको हो । 'सम्मोहन' गजलसङ्ग्रहको सफलता पछि 'मुस्कान' गजलसङ्ग्रह बहर-बद्धतामा आधारित दोस्रो उपयुक्त कृति हो । उनी 'पल्लव' साहित्य विविधका प्रबन्ध-सम्पादक पनि हुन् र कविता, कथा, निबन्ध र संस्मरणहरू उनका साहित्य सिर्जनाका रुचिका विधाहरू हुन् ।

गजलको परिभाषातिर भन्दा पनि गजलका बहरतिर र बहरभन्दा पनि गजलकारको बहरमा शेरको संरचना गर्ने रहरतिर लेखनीको गति उन्मुख हुनेछ । छन्दको जुन पर्याय वृत्ति हो त्यसलाई गजलको भाषामा बहर गजलको प्राण हो । रुक्नहरू इन्द्रियहरू हुन् । उर्दु- फारसीमा छन्दशास्त्रलाई 'इल्मे-अरज' भनिन्छ । गजलमा बहरलाई ३ भागमा वर्गीकरण गरिएको छ ।

१) मुफरद बहर (मूलछन्द)
२) मुरक्कब बहर (मिश्रितछन्द)
३) मुजाहिफ बहर (परिवर्तित छन्द)

१) मुफरद बहर : अरबी भाषामा मुफदरको एक्लो वा एउटा भन्ने विशेषणीय पदगत अर्थ हुन्छ । 'इल्मे-अरज' ले आठ मूल रुक्नहरू मध्ये कुनै एउटा रुक्नको आवृतिबाट बन्ने छन्दलाई मूलछन्द भन्दछन् । गजलकार 'गोर्खे साइँलो'ले सूत्रसहित शास्त्रीय छन्दमा भन्नाले मूलछन्दमा आधारित भुजङ्गप्रयात, स्रग्विणी, विधाता, माधवमालती, प्रिया र नाम नखुलेको बहर सहित सातोटा मूलछन्दहरूको गरेको देखिन्छ । यिनमा ठूलो विधाता र सानो प्रियछन्द रहेका छन् । मफाइलुन् (ISSS) को चारपटकको आवृतिले विधाता (हजज मुसम्मन सालिम) बन्दछ । 'गोर्खे' को कलमको चमत्कार हेरौं :

जता पायो उतै भाग्यो कतै जाने बहानामा
बिहानीमा यसै जाग्यो कतै जाने बहानामा ।

२) मुरक्कब बहर : भिन्न रुक्नहरूको योगले बन्ने बहरलाई मुरक्कब बहर भनिन्छ । बहरका सूत्र र नियमहरूलाई राम्ररी बुझेका गजलकार 'गोर्खे' ले 'मुस्कान' (गजलसङ्ग्रह) मा पीयूष-वर्ष र नाम नखुलेको बहरमा समेत गरी दुईओटा गजल प्रस्तुत गरेका छन् । डा. पृथ्वीराज कालियाद्वारा सम्पादित एवम् भारत सरकारको हिन्दी तथा प्रादेशिक भाषाहरूमा विश्वविद्यालयस्तरीय ग्रन्थ निर्माण योजनाका अन्तरगत हरियाणा साहित्य आकादमीद्वारा प्रथम संस्करणको रूपमा ई.सं. १९९१ मा प्रकाशित डा. नरेशद्वारा लिखित गजल : 'शिल्प और संरचना' नामक लक्षणिक ग्रन्थमा छन्दकालागि फाइलातुन् X २, + फाइलातुन् (SISSX२+SIS) रहेको छ भने डा. घनश्याम न्यौपाने 'परिश्रमी' को चितवन साहित्य परिषद्को आयोजनामा भएको गजल प्रशिक्षण गोष्ठीमा प्रस्तुत कार्यपत्रबमोजिम फाइलातुन् X ३, + फाइलुन् (SISSX३+SIS) भएकोले हामीजस्ता गजलका पाठकका लागि चासोको विषय बन्न गएको छ । 'गोर्खे साइँलो' जस्ता बहरका जानकारले अवश्य नै बुझेर कलम चलाएका होलान् भन्नेमा म विश्वस्त छु । पीयुष-वर्षमा आधारित शेरको भावभङ्गिमा सहितको सौन्दर्य यसरी छचल्किएको छ :

माधुरीको साथ पाए पुग्छ मेरो कामना
चाहनाले माथ पाए पुग्छ मेरो कामना ।

फाइलातुन् र फाइलुन् दुइटा छुट्टै रुक्नहरूको मेलबाट बनेकाले यस शेरलाई मिश्रितछन्द भित्र राखिएको हो । प्रेम प्रणय केन्द्रित यो शेरको महत्व श्रृङ्गारिकतामा बेशी होला ।

३) मुजाहिफ बहर :- रुक्नका स्वरूपमा परिवर्तन गर्नु नै 'जिहाफ' को अर्थ हुन्छ । टुक्रिएका

☞ **तपाईंको परिभाषामा साहित्य के हो ?**

✍ साहित्य जीवन र जगत्को प्रतिविम्ब त हो नै । साथसाथै यो समाजको अन्तर्चित्र पनि हो । अभिव्यक्तिका स्तरमा साहित्य साँच्चै सर्वोपरि हुन्छ । साहित्यले लोलाएकोलाई जगाउन सक्छ, निदाएकोलाई उठाउन सक्छ । हिँडेकोलाई दगुराउन पनि सक्छ यसले । साहित्यलाई जनताको उमङ्ग र उल्लास, बह र व्यथा अनि हाँसो र आँसुमा जीवन्त तथा मूर्त हुन सक्ने सलसलाउँदो नदीको सङ्गम भने हुन्छ ।

☞ **जन्मनु र जीवनप्रतिको दृष्टिकोण बताइदिनुहोस् न !**

✍ जन्मनु जरा गाडेर बिरुवा हुर्कने अवसर जुर्नु हो । जीवनप्रति मेरो जहिले पनि सकारात्मक दृष्टि छ । जीवन बाँच्नुमा र त्यसै बाँच्नुमा अन्तर हुन्छ । अँधेरीमा जुन नचम्किए पनि जूनकिरी त कतै टिमटिमाइरहेकै हुन्छ । निराशाभित्र पनि आशाको झिल्का देख्ने त्यही जुनकीरी हुँ म । मेरा दृष्टिमा आयु थोरै भए पनि जीवनमय हुनुपर्छ ।

☞ **लेखकीय साहित्यिक आन्दोलन के हो र कुन तवरले अघि बढ्नु श्रेयस्कर हुन्छ ?**

✍ मेरा दृष्टिमा लेखकीय साहित्यिक आन्दोलन प्रत्यक्ष पनि हुन्छ र अप्रत्यक्ष पनि । लेखनाथले परिष्कारवादी धारालाई उन्ने-बुन्ने गरे, महाकवि देवकोटाले स्वच्छन्दतावादी धाराको वरपीपल लगाई त्यसमा हरियाली दिएर प्रगतिवादको इन्द्रेनीमा अँगालो पनि मारे । के यो आन्दोलन होइन र ? पक्कै हो, तर अप्रत्यक्ष रूपमा आएको आन्दोलन हो । कृति वा व्यक्तिद्वारा गरिने लेखकीय आन्दोलन पनि हुन्छ– झर्रोवादी आन्दोलन, आयामेली आन्दोलन, राल्फाली अभियान, सडक कविताक्रान्ति आदिलाई यसै रूपमा हेर्नुपर्ला । आन्दोलन जसरी आओस्– त्यो नसा, छाला र रगतचाहिँ भएरै आएको बेस हुन्छ ।

☞ **लोकसंस्कृतिमा देखिएको पाश्चात्य दुष्प्रभावलाई न्यून गर्न के गर्नुपर्ला ?**

✍ गधालाई नुहाउँदैमा गाई हुँदैन– गाई बनाउन त उसैको जातिमा फेर्नुपर्छ । हाम्रो लोकसंस्कृतिमा देखिने दुष्प्रभाव पश्चिमेली प्रभावका उपज हुन् । हाम्रो लोकसंस्कृति सगरमाथाभन्दा पनि उच्च छ । त्यसलाई निर्दागी बनाउन र पाश्चात्य दुष्प्रभावलाई न्यून गर्न मेरा दृष्टिमा चर्को सांस्कृतिक अभियान नै थालिनुपर्छ ।

☞ **बालसाहित्य, लोकसाहित्य र साहित्यबीचको भिन्नता औँल्याइदिँदै आफू बाल तथा लोकसाहित्यिप्रति बढी आकर्षित हुनुको कारण के होला ? बताइदिनुहुन्छ कि ?**

✍ बालसाहित्य बालबालिकाका निम्ति हो, तर प्रौढले समेत उनीहरूको मनोविज्ञान बुझ्न त्यसलाई पढ्नै पर्ने हुन्छ । लोकसाहित्य लोककै गला र कलामा ध्वनित हुने साहित्य हो । सृजनात्मक साहित्यचाहिँ लेख्य स्रष्टाहरू रच्छन् र निकाल्छन् । यस्तो साहित्य बढी कलात्मक र परिष्कृत हुन्छ । सृजनशील साहित्य पनि लोकसाहित्यको छाँगो लिएर आएको छ भने बढी ग्राह्य हुन्छ । देवकोटाको 'मुनामदन', 'कुञ्जिनी' र माधव घिमिरेका गीतिरचना यसका उदाहरण हुन् ।

बालसाहित्य र लोकसाहित्यमा बढी लाग्नुमा मलाई तत्कालीन आवश्यकता र माटाको

मायाले तानेका हुन् । आफूले लेख्न थाल्दा बालसाहित्यमा एक किसिमले खडेरी नै थियो । त्यो खडेरी हटाउन र बालसामग्रीको अभाव मेट्न म यसमा लागें । लोकसाहित्यमा चाहिं त्यसमा भएका गुलिया ऐंसेलुदानालाई जति सकिन्छ टिप्ने रहरले लागेको हुं ।

☞ आजसम्म तपाईंले पाउनुभएको मानसम्मानबाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

☜ नेपालमा सृष्टालाई दिइने सम्मान दुई किसिमका छन्– पहिलो राष्ट्रको ढुकुटीबाट शासनसत्ताको पजनीमा वा हन्डीका रूपमा आउरेबाउरे आफ्ना मान्छेलाई दिइने सम्मान, अर्कोचाहिं श्रद्धालु जनताले आफ्ना पसिना र श्रद्धामा सिंचेका तर सुदामाको कनिकाजस्तो बनाएर दिइने सम्मान । मैले पहिलो प्रकारको सम्मानको आशा गरेको छैन र हुरुक्क पनि भएको छैन । दोस्रो प्रकारको सम्मान भने मैले प्रशस्त पाएको छु । निष्कपट हुन्छ र माया गरेर दिइन्छ भने एक अम्खोरा पानी र एउटा चकटीलाई पनि म सम्मान ठान्छु । घमन्ड नगरी भनुं भने मेरा पाठक नै करोडौं छन् । उनीहरूको माया-ममता र मेरा कृतिप्रतिको अनुराग नै सबैभन्दा ठूलो सम्मान होइन र ?

☞ राजनीतिक चिन्तन र साहित्यको सम्बन्ध कस्तो हुन्छ भन्ने लाग्छ ?

☜ राजनीति र साहित्य टाढाका वस्तु होइनन् । मैले साहित्य र राजनीतिका सम्बन्धमा भनेकै छु–साहित्यलाई समाजको र राजनीतिलाई व्यवस्थाको संयोजनका रूपमा हेरियो भने ती दुईबीचमा रहेको गाढा सम्बन्ध बुझ्न सकिन्छ । तर साहित्य भुइंफुट्टा हुन थाल्यो र राजनीतिले छालाका चस्मालें हेर्न थाल्यो भने ठूलो विरोधाभास हुन्छ । साहित्य अभिव्यक्तिको मुहान हुन्छ अनि राजनीतिचाहिं शक्तिसञ्चयनको अभियान हुन्छ । त्यसैले यी दुईमा अन्योन्याश्रित सम्बन्ध रहन्छ । हामीकहां साहित्यलाई गौण ठान्ने र राजनीतिलाई नै सबैथोक देख्ने रोगले पनि सताएको छ । साहित्यिक कार्यक्रमलाई समेत राजनीतिक व्यक्तिको सहभागिताले प्रभावित गर्नाको कारण यही हो । निरालाले गान्धी र नेहरूलाई दिएजस्तो हाक दिने साहित्यिक तपस्वीहरू आउनुपर्ने भएको छ । यहां यस्ता कुरा बुझेर भावनालाई सम्मान गर्न सिक्ने हो भने देश र समाजले ठूलो गौरव प्राप्त गर्न सक्छ । वस्तुतः साहित्य र राजनीतिबीचको सम्बन्ध यस्तै हुनुपर्छ र तिनले क्रमशः सिर्जना र निर्माणको भूमिका निर्वाह गर्नुपर्छ ।

राजनीति सत्ताप्रधान र साहित्य सृजनामय हुनु स्वाभाविकै हो, साहित्यमा साधनारत भइरहनु सेवा र तपस्या नै हो भने त्यागमय र जनकल्याणमा आधारित हुनु राजनीतिको यथार्थ धर्म हुन्छ । पदलोलुपता र भ्रष्ट राजनीति - राजनीति नै होइन भन्छु म । साहित्यलाई पनि 'सहितस्य भाव साहित्य' भनिएको छ । यसैबाट प्रगतिउन्मुख चेतना उर्वर हुंदै जान्छ । वास्तविकता त्यही नै हो । यस रूपमा राजनीति र साहित्यको सम्बन्ध कहिल्यै नटुट्ने गरी गांसिएको हुन्छ ।

☞ तपाईंको साहित्ययात्रा र पारिवारिक सम्बन्धबीच कस्तो सामीप्य पाउनुहुन्छ ?

☜ मेरो परिवारमा श्रीमती साधारण हुन् । दिमागको कमजोरीले कान्छो छोरो साक्षर मात्र रहे पनि अरू सबैले रामरी पढेका छन् । जे भए पनि घर संभालिदिने सरल श्रीमती,

कविता

ऐना

✍ अमर न्यौपाने

तिमीले पत्थरले हान्यौ
ऐना कांचको थिएन
चकनाचुर भएन तलाउ ।

हान अझै हान
तिमीले हानेका पत्थरहरू
यो तलाउको पिंदमा संगाल्ने छु म ।

थाहा छ मलाई
पत्थरहरू सकिएपछि
फूलहरू मात्र बांकि रहनेछन् तिमीसंग ।

हेर्न नभुल्नू तलाउमा ऐना
थाहा हुनेछ तिमीलाई
कसको मुहारमा पत्थर हान्दैछौ यतिन्जेल ?

तिमीले पत्थरले हान्यौ
ऐना कांचको थिएन
चकनाचुर भएन तलाउ ।

पटिहानी - ७, चितवन

कविता

आकासिंदैछन् परेवाहरू

✍ प्रकाश रम्घाली

एउटा कथा
हुन सक्छ
तिम्रो पनि
मरो पनि
र, देशको पनि ।
कथाहरू धेरै छन्
एकादेशको कथा
फेरि
सुन्नेछौ - अशान्तिको कथा
आक्रामक भएर
अशान्तिको बाजले गाजेझैं
शान्तिको शान्त गाँजिरहेछ
शान्ति भत्कँदै
एक ओथारो परेवा
मिचियो अशान्तिमा
भय र त्रासदी लिएर
ओथारो बस्न फेरि फर्किएनन्
हिजो र आज परेवाहरू
क्रमशः शान्ति खोज्न
र, खोज्दै बुद्धकहां
आकासिंदै उडिरहेछन् परेवाहरू

तनहुं, बरभञ्ज्याङ्ग - ४

गजल

✍ शिवप्रसाद ज्ञवाली

नयां इतिहास अब लेख्नुपर्छ हामी मिली
पुरानो त्यो सडेकोलाई फेक्नुपर्छ हामी मिली ।

प्रशस्तै छन् दिउंसै रात पार्न खोज्नेहरू यहां
अंध्यारोमा नयां क्षितिज देख्नुपर्छ हामी मिली ।

दृढसङ्कल्प र अठोट सबका मनमा जगाएर
सुनामीलाई पहाड बनी छेक्नुपर्छ हामी मिली ।

अफ्ठ्यारो त्यो जङ्घार तर्ने सपनालाई पूरा गर्न
हरेक चरण नयां पाइला टेक्नुपर्छ हामी मिली ।

रिडीबजार, गुल्मी

गर्नु के अपराध हो ? जबकि शारीरिक पीडाको तुलनामा मानसिक पीडा कैयौं गुना कष्टकर र दीर्घ समेत हुन्छ। त्यसैले त फ्रान्समा नोवेल पुरस्कार बिजेता साहित्यकार 'केमु' ले पनि भनेका छन् - 'मृत्यु अनिवार्य छ भनि जानेर पनि प्रायः सबैले बाँचिरहने बारे चिन्ता गर्छन् तर कतिपय मानिसहरूको लागि मृत्यु जीवन भन्दा सुखद् हुन्छ।'

आफ्नै आँखा अगाडि आफ्नो श्रीमतीलाई नाङ्गै सहर घुमाउने वेइज्जत र अपमानबोधले भिमसेन थापाले सिसाले सेरिएर आत्महत्या गरे के यो उनको कायरता थियो ? यदि यो कायरता थियो भने आफ्नो अपमान भइरहंदा, आफ्नो स्वाभिमानमा आँच आउंदा पनि आँखा चिम्लिएर लाचार भई बस्नु के बहादुरी हो ? तेरो नजरमा त सायद त्यत्रो बहादुर र शक्तिशाली हिटलर पनि कायर लाग्छ होला ? प्राणदानको लागि आफ्नो स्वाभिमान गुमाएर पराइको पाउ पर्नु सायद बहादुरी होला ? कि दार्शनिक सुकरात पनि कायर थिए ?"

उनीहरूको यस्तै संवादमा म पनि र नभुल्ल भएर झुमिरहेको रहेँछु । जब साहुजीले पसल बन्द गर्ने बेला भयो तब मात्र झसङ्ग भएँ। घडी हेर्दै रातको ११ बजिसकेको रहेछ । पैसा तिरेर बाहिर निस्कें र कोठातिर लागें। मेरो मनमा पनि त्यही वीरबहादुरको कुरा खेलिरह्यो, 'के साँच्चै वीरबहादुर कायर नै थियो त ?'

अमरपुर- गुल्मी

कविता

दुर्भाग्य !

➢ *श्रीराम श्रेष्ठ*

चिन्ताग्रस्त जीवनमा
अतीतका कुरालें
अलिकता
चस्स गरेर मन दुखेको छ
हिजोआस्तै लाग्थ्यो
जीवन रङ्गीन सपना
जसोतसो गरी
रमाइलोमा नै बिताउने छु
आज म
समयको दौडाहा संगसंगै जवान भएंछु
जीवन जिउने क्रममा
मेरा सामु
अनगिन्ती समस्याहरू तेर्सिएका छन्
कहिले काहीं म टोलाउंछु
आफ्नो दुर्भाग्य देखेर
आफ्नो शून्यभाग्यलाई इङ्गित गर्दै
प्रतिप्रश्न गर्न मन लाग्छ
हे भाग्य विधाता !
किन मेरो भाग्य स्पष्टसंग कोरिनस् ?
मेरो भाग्य कोर्ने बेलामा
तेरो हातमा
भाग्यरेखा कोर्ने औजार थिएन कि ?
कि जानीजानी बिर्सिस् ?
किन पक्षपात गरिस्- मलाई ?
अब म कसोगरी
मेरो शून्य भाग्यमा
मेरो आफ्नै भाग्य कसरी कोरौं ?

बट्टार, तुवाकोट

खेदिन्छन् डमरु साना एकता नभएपछि
सिकारै कमिला गर्छन् लामा लस्करमा बसी ।

गर्नू सङ्गत ठूलाको साँघुरो हुन्न भावना
यौटै रुख भए ठूलो कोठै टर्दछ फंदमा ।

छानिदा सयमा एक उम्दा मान्छन् सबै जन
राम रावणमा छानौं सय नै चाहिने किन ?

छोटो बह्यो भने खालि आफ्नैलाई सताउंछ
बनी लठेत पापीले आफ्नै बन्धु मराउंछ ।

'तीतामीठा कुरा' बाट

आज्ञाकारी छोराछोरी र बुहारीहरूले मलाई सक्तो सघाएका छन् । सन्तोषमा छु म । मेरा कुनै पनि कृति निस्कँदा उनीहरू त्यत्तिकै खुसी हुन्छन् । लेख्ने पिरलो मलाई कहिल्यै परेन । परिवारको यत्रो सद्भाव, सहयोग नै त मेरो लेखनयात्रा र पारिवारिक सम्बन्धको सामीप्य हो । परिवारबाट मैले सधैं उत्साह पाएको छु, उल्लास पाएको छु। मेरा कृतिमा त्यो ऊर्जा सिञ्चित छ ।

☞ लेखेरै बाँच्ने वातावरण बनाउन सरकारी तथा गैरसकारी तवरबाट के गर्नुपर्ला ?

✍ सरकारले साहित्यमा गएको लगानी खेर गएको ठान्नुहुन्न । भत्ता, भोज र रक्सीजस्ता कुरामा हुने खर्च मात्र खेर जान्छ । साहित्यमा हुने लगानी कहाँ खेर जान्छ र ? गैरसरकारी तवरबाट स्वस्थ प्रतिस्पर्धासहितको व्यावसायिक योजना आउनुपर्छ । नेपाल र नेपालबाहिरका नेपाली जनतामा पुस्तक आदानप्रदानको सुगम व्यवस्था पनि हुनुपर्छ। त्यसो भए लेखेका किताब बिक्छन् । जति बढी किताब बिक्यो उति लेखकलाई बाँच्न सजिलो हुन्छ । लेख्नेले पनि राम्रो लेख्ने र स्वत्ताधिकार (कपीराइट) को व्यवस्था पनि राम्रो हुने हो भने लेखेरै बाँच्ने वातावरणको विकास हुन सक्छ भन्ने लाग्छ ।

☞ दाम, काम, माम र नामप्रतिको तपाईंको विचार के छ ?

✍ दाम आवश्यकतापूर्तिका निम्ति हो– विनिमयको माध्यम । काम नगरी बस्नु पाटेअल्छी हुनु हो । बाँच्नका लागि माम पनि चाहिन्छ नै । नामचाहिं दुई किसिमका हुन्छन्– सुनाम र कुनाम । असल काम गरेर कमाइने नाम सुनाम हो । कसैको चोरी डकैती र हत्या गरेर चलाइने नाम पनि त हुन्छ नि । त्यस्तो नाम नाम होइन– सुनाम त पटक्कै होइन । त्यसैले मानिसले सुनामको प्राप्तिमा लाग्नुपर्छ। डाँकु रत्नाकरको पनि त नाम छ, तर त्यही डाकु वाल्मीकि बनेपछि सुनाममा परिवर्तित भयो। हामी सबै उनलाई सम्झिरहन्छौं। म बालकवितामा भन्न चाहन्छु–

थुपारेर दाम, केही हुन्न ज्ञान
मानिस उठ्ने भए गर्नुपर्छ काम
चाहिन्छ है नाना, चाहिन्छ है माम
चाईंदो मात्र खाई राख्नुपर्छ नाम !

☞ धर्मप्रतिको व्यक्तिगत धारणा के छ ?

✍ मैले ईश्वर र धर्मको बारे आफ्नो मान्यता व्यक्त गर्दा भनेको छु– म धेरै कुरालाई वस्तुवादी तथा वैज्ञानिक दृष्टिमा हेर्न चाहन्छु। यस रूपमा ईश्वर र धर्म पनि सामाजिक चिन्तन र विश्वासका उपज हुन् । यथार्थमा ईश्वर भन्नु भावनात्मक आत्मनिष्ठा हो र धर्मचाहिं कर्तव्यबोधका रूपमा ग्रहण गरिने धारणा हो । जो निष्ठामा रहन्छ उसले ईश्वर चिन्दछ। त्यस्तै युगअनुसार सामाजिक कल्याण हुने काम गर्नुमा नै ठूलो धर्म हुन्छ । ईश्वर र धर्मप्रतिका मेरा मान्यता यस्तै आयामीमित्र पर्छन् । अझै सरल रूपमा बुझ्ने हो भने धर्म धारणा वा कर्तव्यकै अर्को नाम हो, अर्थात् यो मानवकल्याण हो । मभित्र त्यही नै मान्यता, त्यही नै धारणा छदै छ । संक्षेपमा अहिले यत्ति मात्र भनुं ।

☞ तपाईंको बखानमा लेखन र सङ्गीतको सम्बन्ध कस्तो रहेको हुन्छ ?

✍ लेखन र सङ्गीतको सम्बन्ध मुटु र शरीरको जस्तै हुन्छ । गलाले गाउने अभ्यास नभए

पनि प्रत्येकको मनले त गाइरहँदै हुन्छ। त्यो पनि त सङ्गीत र गायन हो। लेखन र सङ्गीतको त्यस्तो सम्बन्ध नै सृजनात्मक हुनाका साथै शाश्वत र चिरस्थायीसमेत हुन्छ।

☞ साहित्य र समाजसेवाको तादात्म्य कस्तो हुनुपर्ने हो र कस्तो पाउनुभएको छ ?

✍ साहित्य समाजकै निम्ति हो अनि समाजमै साहित्यको अभ्युदय हुन्छ। साहित्य र समाजको सम्बन्ध नङमासुजस्तै छ, श्वासप्रश्वासजस्तै छ। उन्नत समाजको कल्पना साहित्यमा हुन्छ भने साहित्यले समाजलाई उत्कर्षमा पुऱ्याउँछ। साहित्यको माध्यममा समाजसेवा हुने भएकाले नै साहित्यले स्थायित्व पाएको हो अन्यथा साहित्य पनि कोरा कागज मात्र हुने थियो। आफ्नै डिङ हाँक्नेहरू पनि नभएका होइनन्, तर गरेर देखाउने नै लक्ष्यमा पुगेका छन्। डिङ हाँकेर मात्र केही हुँदैन।

☞ साहित्यले मान्छे वा मान्छेद्वारा साहित्य–कुनले डोऱ्याउनु राम्रो हुन्छ ?

✍ बुझ्ने हो भने दुवैथरी सँगसँगै रहन्छन्। साहित्यमा पनि 'सु' र 'कु' हुन्छ भन्छु म। सुसाहित्यले सुवास दिन्छ, गति दिन सक्छ। कुसाहित्य चाहिं साहित्यको नाममा कलङ्क हो। यसले कसैलाई डोऱ्याउँदैन, बरू उचालेर पछ्याँछ।

☞ आजभोलिको साधनाविहीन साहित्यले भोलिका लागि कस्तो असर पार्ला र यसको न्यूनीकरणका लागि वर्तमान नयाँ पुस्ताले कस्तो बाटो समात्नु राम्रो हुन्छ ?

✍ खोक्रो पसिसकेको रूख सप्रन्छ भनेर के आस गर्नु र ? त्यस्तै हो साहित्य। वरपीपलजस्तै हरिलोभरिलो भएर छपक्क भइरहन त लेखनमा साधना हुनुपर्छ र हुनुपर्छ दम पनि। साधनालाई उकास्न पत्रपत्रिकाले राम्रा-राम्रा लेख-रचना दिनु, अध्ययन सुविधा पाउने गरी पुस्तकालय चलाउनु, श्रव्यदृश्य सामग्रीमा सस्ता होइन–गम्भीर सामग्री दिनु आदि आवश्यक हुन्छन्।

नवपुस्ताले लेख्नासाथ छपाउने रहर नगरेर साथीहरूलाई सुनाउने, माझने, चिल्याउने आदि गरेर रचना छाप्ता उनीहरूका रचना गुणयुक्त र स्तरीय हुन्छन्।

☞ साहित्य र भावनाबीच कस्तो सम्बन्ध हुन्छ ?

✍ भावना सबैमा हुन्छ। नलेख्नेहरू भावना टिप्दैनन्। लेख्नेहरू त्यो भावनालाई शब्दमा पोख्छन्, वाणीमा उतार्छन्। भावनाविनाको साहित्य गुदीविनाको फल हो। साहित्य त केस्रादार रसिलो सुन्तला हो अथवा चुसेर मुखभरि रस आउने गेमरा उखु हो। बोक्रा मात्र चपाउँदा त न स्वाद हुन्छ, न स्वास्थ्य।

☞ साहित्यमा दर्शन, चेतना र साधनाको आवश्यकताबारे बताइदिनुहुन्छ कि ?

✍ दर्शन हुन्छ र नै त दृष्टिकोण राम्ररी आउँछ। दर्शन हुनेहरू नै स्वस्थ कल्पनामा जिउँछन्। चेतनाले त्यसमा बत्ती बाल्छ। साधनाले चाहिं सृजनालाई साध्य बनाउँछ। दर्शन नहुनेहरू भाँचिन्छन्, चेतना नहुनेहरू पछारिन्छन् र साधना छैन भने फूल त परै जाओस् काँडा हुन पनि नपाएर लछारिन्छन्।

☞ वर्तमानमा सृष्टाको आर्थिक, सामाजिक सम्मानको अवस्था कस्तो पाउनुभएको छ ?

✍ कतिपय सामाजिक सम्मान मात्र दिन सक्ने, आर्थिक उपादान दिन नसक्ने हुन्छन्। किताब मात्र किनिदिए पनि सम्मान हुन्छ। बिन्तीपत्र लेखाएर आर्थिक रूपमा पनि सम्मान दिनु

यही छोरालाई राम्रोसँग हुर्काउन पाएँ भने बुढेसकालको सहारा हुनेछ। माया भन्ने चिज यस्तो रहेछ कि अब त लाग्छ यो श्रीमती र यो छोरो नभए त बाँच्ने सक्तिनँ।

एक दिनको कुरा हो वीरबहादुर नजिकैको अर्कोगाउँमा डोका, मान्द्रा बुन्न गएको थियो, धेरै बुन्नुपर्ने भएको र ओहोर-दोहोर गर्न कठिनाई पर्ने भएकोले उतै बास बसेको थियो। राती गाउँमा भीषण वर्षा भयो, मान्छेहरू भन्न थाले कलीयुगमा प्रलय हुन्छ। पृथ्वी जलमग्न भई सबै डुबेर शून्य भई फेरि सत्ययुग शुरू हुन्छ। शायद, आजै रहेछ कि क्या हो भन्दै अड्कलबाजी गर्न थाले। बिचरा वीरबहादुरलाई पनि रातभर निद्रा लागेन, छटपटी भइरह्यो, मनमा नराम्रो नराम्रो विचार उब्जिएर त्रसित भयो।

बिहान उज्यालो भयो। तथापि पानी पर्ने क्रम भने जारी नै थियो। गाउँको खहरे खोलो पनि वैशले मत्त भएको थियो। गाउँमा जताततै पहिरैपहिरो गएको देखिन्थ्यो। कैयौं घर, गोठ पहिरोले पुरिएका थिए। वीरबहादुर पनि हतार हतार गर्दै मनमा आशङ्का बोकेर गाउँ फर्किंयो, जब घरनिर पुग्यो घरको नाम निसानै थिएन, पुरै पाखो पहिरोले झारेको थियो। वीरबहादुर बेहोस भएर ढल्यो। जब व्युझियो विलाप गर्दै छाती पिटेर रुन थाल्यो। निष्ठुरी दैव मेरो परिवारै उजाड पार्नु थियो भने मलाईमात्र किन छोडिस् ? सँगै लगेको भए पनि त आनन्दै हुने थियो। अझै कति कष्ट दिनलाई मलाई बाँकी राखेको छस्। यस्तो नाटक हेर्नु थियो त किन दुई चार वर्षलाई मेरो छाप्रोमा सुख भित्र्याइदिइस् ? भन्दै विलाप गर्न थाल्यो।

'त्यसैले वीरबहादुरले जुन निर्णय गऱ्यो ठीकैजस्तो लाग्छ।'

दोस्रोले भन्यो - 'जे सुकै भए पनि यो उसको कायरता थियो र क्षणिक आवेशमा आएर आत्महत्या गऱ्यो। संयमित भएर सोचेको भए ऊ फेरि आफ्नो पेशा गरेर बाँच्न सक्थ्यो। उसको परिवारको वियोग सम्झेर मर्नुपर्ने कुनै कारण नै आउँदैन। उसको त्यत्रो लामो जीवनमा केही वर्षमात्र त उसले परिवारसँग बस्न पाएको थियो। क्षणिक समयमात्रै माया साट्न पाएको थियो, त्यतिकै लागि यस्तो अनमोल जीवन गुमाउनु त उसको मुर्खता र कायरता मात्र हो।'

'बडो दार्शनिक कुरा गर्छस्, अनमोल छ जिन्दगी।'

के वीरबहादुरको जिन्दगी अनमोल छ ? के कालागि अनमोल छ ? कस्का लागि बाँच्ने ऊ ? के पाउनलाई बाँच्ने ? जसलाई एकपट्ट भनं, एकहर ढाक्न ठूलो संघर्ष गर्नुपरेको छ। कुनै दिन बिरामीहुँदा औषधिको जोहो गर्नसमेत महाभारत छ। उसको जिन्दगी अनमोल छ ? यस्तै यावत् समस्यासँग संघर्ष गरेर, ओच्छ्यानमा थला परेर गुहुमुतमा डुबुल्की मार्दै, हर फेर्न नसकी हरमा फिरा परेर नारकीय जीवन भोगी स्वभाविक मृत्यु वर्नु के बहादुरी हो ? हैन भने बेसहारा भै, एक गासको आसमा जीवन धानिरहनु के बुद्धिमत्तापूर्ण कुरा हो ? म त भन्छु उसले ठीक निर्णय गऱ्यो। बरू बुढ्यौलीमा ओछ्यानमा थला परेर अर्कोलाई भार भएर मृत्युदेखि डराएर भाग्न खोज्नेहरू नै कायर हुन्। जसले आफ्नो स्वाभिमान र नैतिकता गुमाएर पनि दुनियाँको आखामा घृणित भएर पनि, लाखौं अपमान सहेर पनि मृत्युदेखि भागेर सञ्जिवनी बुटी खोज्दै अमर हुने चाहना राख्छ त्यही बरू मूर्ख हो, कायर हो।'

आजकल कतिपय युरोपीय देशहरूमा अति पीडादायक शारीरिक रोगहरूको कारण कसैले मृत्यु चाहन्छ भने चिकित्सकको सहयोगमा मर्न पाउने कानुनी व्यवस्था समेत भइसकेको छ भने मानसिक पीडामा स्वैच्छिक मृत्युवरण

कथा

कायर वीरबहादुर !

५ मित्र 'उराठी' गौतम

माघको चिसो साँझ बागबजारको एउटा रेष्टुराँमा छिरेर कफीको तातो घुट्को लिई जाडो छल्ने प्रयत्न गर्दै थिएँ। मजस्तै जाडोसँग पैंठेजोरी खेल्न आउनेको भीडले रेष्टुराँ भरिएको थियो । सँगैको अर्को टेबुलमा दुईजना तातो तुम्बा तानीरहेका थिए र आपसमा गफ गरिरहेका थिए। एकजना सायद भर्खरै गाउँतिरबाट आएको थियो क्यारे ! गाउँकै गफ कोट्याउँदै थियो । मलाई पनि उनीहरूको गफको विषयले आकर्षण गऱ्यो र आँखा कफीकै कपमा लगाएर कान त्यही टेबुलतिर तन्काएँ ।

तुम्बाको चुस्की लिँदै एउटाले भन्यो - 'बिचरा वीरबहादुरले आत्महत्या गरेछ, कस्तो नरमाइलो लाग्यो ।'

अर्काले पनि चुरोटको लामो सर्को तान्दै सोध्यो- 'कहिले ? कहाँ ? किन ? कसरी, आत्महत्या गऱ्यो ?'

वाह ! एकैचोटीमा सबै प्रश्न सोधेको ? ल ठीकै छ सुन् म सविस्तार वर्णन गर्छु ।

'बिहान झिसमिसेमै एक हुल पँधेर्नीहरू पानी लिन पँधेरोतिर गइरहेको बेला पँधेरैनिरको रुखमा चिण्डोजस्तो गरी मान्छे फलेको अर्थात् झुण्डिएको देखेर तर्सिएछन् । एकैछिनमा गाउँमा हल्लीखल्ली मच्चियो । सबैजना जम्मा भए । झुण्डिएको रहेछ वीरबहादुर । बिचरा वीरबहादुरले त दुःख लुकायो, तैपनि नरमाइलो चाहिँ लाग्दोरहेछ आफूले चिनेजानेको र सङ्गत गरेको मान्छे मर्दा ।'

अर्कोले कुनै महापुरुषको वाणी सापटी लिएर ओकलिहाल्यो- 'के को बिचरा नि, आत्महत्या गर्नेलाई पनि बिचरा भन्ने ? आत्महत्या त कायर हरूले मात्र गर्दछन्, ती त वास्तवमा समाजका अपराधी हुन् ।'

पहिलोले व्यङ्गात्मक हाँसो हाँस्दै जवाफ दियो- वाह ! वाह !! गाउँ छोडेर कलेज पढ्न के सहर पसेको थिइस्, सिकिछस् नि ठूला मान्छेहरूको भाषा । यति छिट्टै बिर्सिस् वीरबहादुरको अवस्था ? कस्तो जीवन बाँचिरहेको थियो बिचरा वीरबहादुरले ? सानै देखिको पोलियोले खुट्टा सुकेको टुहुरो वीरबहादुर जेनतेन बैसाखी टेकेर गाउँभरि माग्दै खाँदै गरेर हुर्कियो । बिचराको भएको अलिअलि पुर्ख्यौली जेथा जमिन पनि आफन्तहरूले यताउता पारेर खाइदिए । उसले न कहिले जाडो भन्न पायो, न गर्मी र वर्षात् नै भन्न पायो । बल्लो घरबाट पल्लो घर, अझ पल्लो घर गरेर अलिअलि गर्दै गुजारा गर्थ्यो, अन्नले पेट भर्थ्यो, भर्थेन तर समाजका बुजुकहरूको गाली र अपमानले भने उसको मन ढपक्क भरिन्थ्यो, हिनताबोधले पानी पानी हुन्थ्यो र त कहिलेकाहीँ एकान्तमा बसेर आँखाभरि आँसु पारेको हुन्थ्यो । बिचरा कहिलेकाहीँ त ठूलाघरे साहुको कुकुरलाई दिएको मीठो खानेकुरा देखेर मुख मिठाउँदै घुट्को निल्थ्यो र हेरिरहेको हुन्थ्यो तर त्यसैबेला टोलका छिल्लिएका र बदमास केटाकेटीहरूले उसको बैसाखी खोसेर भाग्थे, ऊ बसेर रोइरहन्थ्यो ।

हो, समय एकनास नहुँदोरहेछ । विस्तारै विस्तारै ऊ ठूलो हुँदै गयो, गाउँकै चित्रेदाइसँग डोका, डाला, मान्द्रा, चित्रा आदि बुन्ने सिप सिक्यो, लगनशील र इमान्दरीसाथ काम गर्दै गयो र आफ्नो पेट पाल्ने जोहो गऱ्यो । बस्नलाई एउटा झुप्रो बनायो ।

पारी सुकुम्बासी टोलकी एकजना बिधवालाई आफ्नो झुप्रोमा भित्र्यायो र एउटा छोराको बाबु बन्यो । लाग्थ्यो गरिबै भए पनि ऊ अब सुखी थियो । दिनभर डोका, चित्रा बुनेर कमाई गर्थ्यो, साँझबिहान हातमुख जोर्न पुगिहाल्थ्यो । सायद पुराना दुःख, पीर बिर्सिएको थियो र त भन्थ्यो- 'भगवान्ले बल्ल म माथि दृष्टि पुऱ्याएछन्, माया गर्ने बुढी र एउटा मायालु छोरो भइहाल्यो यही मेरोलागि प्रशस्त छ । अब

भनेको लेखकलाई मार्नु हो र लेखक पनि मर्नु हो । सम्मानको नाउँमा अपमान भयो भने कसैलाई पनि सह्य हुँदैन ।

☞ नेपालमा भाषा-साहित्यको अवस्थालाई आँकलन गर्नुपर्दा कसरी गर्नुहुन्छ ?

✍ नेपालमा भाषा-साहित्यको अवस्था दिनदिनै सुधँदै जानुपर्ने हो । गइरहेकै पनि हो । तर अहिले चाहिँ भएको राम्रो पनि खस्कँदै पो गएको हो कि जस्तो लाग्छ । राज्य र राजनीति जति महत्त्वपूर्ण होला, भाषा-साहित्यको पनि त्यत्तिकै महत्ता हुन्छ । यी दुवैलाई भित्री दाह्रा धसेर मार्ने र चपाएर निल्न खोज्ने प्रवृत्ति ठीक होइन । भाषा-साहित्यको योजनाबद्ध विकासका निम्ति कुनै राम्रो रूपरेखा बनेको देखिएको छैन । त्यो बन्नुपऱ्यो, आउनुपऱ्यो । 'नाच्न नजान्ने आागन टेढो' को तालले हुँदैन । राम्ररी नाच्न मादल पनि त राम्ररी बज्नुपऱ्यो ।

☞ साहित्य र मौरीबीचको तुलना कसरी गर्नुहुन्छ ?

✍ साहित्यको क्रिया राम्रो वस्तुको सञ्चय गर्नु हो भने मौरीले मधु सञ्चय गर्छ । यस रूपमा साहित्य र मौरी दुवैले मह चखाउने काम गरिरहेका हुन्छन् । उहिलेदेखि गर्दै आएका छन्, पछिसम्म गर्छन् नै ।

☞ विद्यालय वा जेलमा कुन रोज्नुहुन्छ ?

✍ निश्चय नै विद्यालय रोज्छु । जेल पनि विद्यालय हुनुपर्छ । तर हामीकहाँ राजनीतिको असन्तुलन र शासनसत्ताको अस्थिरताले विद्यालय नै जेल हुने अवस्था भइरहेछ । विद्यालयमा अध्ययन गर्नेहरूलाई ठिगुँरा ठोक्नु भएन । बरु जेललाई पनि विद्यालयमा परिणत गर्नुपर्ने आवश्यकता छ, अनि पो संसार उज्यालो हुन्छ ।

☞ नेपाली भाषा-व्याकरणमा देखिएका मतभिन्नतालाई कसरी मूल्याङ्कन गर्नुभएको छ ? निराकरणका उपायसमेत बताइदिनुहुन्थ्यो कि ?

✍ अलिअलि मतभिन्नता हुनु कुनै अनौठो होइन । नयाँ आएका परिपाटीलाई सकार्नुपर्छ । 'मेरो गोरुको बाह्रै टक्का' को नीति त्याज्य हुन्छ । सकभर सम्बद्ध क्षेत्रका सबै मिलेर एउटा खादिलो निष्कर्षमा पुग्ने हो भने मतभिन्नताको निराकरण सहजै हुन्छ । त्यस स्थितिमा भाषाविद् र भाषाप्रेमी सबै मिलेर 'लालमोहर' लगाइदिए हुन्छ ।

☞ अन्त्यमा केही भए ?

✍ धेरै त प्रश्नैहरू भए– कुनै-कुनै प्रश्न त सिङ्गै लेख बन्न सक्ने खालका पनि छन्, के भन्नु ! अहिलेलाई भन्नुपर्ने कुरा सकिए पनि, भन्न बाँकी पनि छन् । तिनलाई अन्तर्गर्भमै राखी छाडौं, प्रकारान्तरमा आएका छन् र आउलान् पनि ।

✍ ✍ ✍

विधाताले जब पुरुषको सृष्टि गऱ्यो, तब त्यो स्कुलमास्टर थियो । त्यस समय त्यसको झोलामा किताब र तत्त्वज्ञानलाई छाडेर अरु केही थिएन । तर आइमाईको सृष्टि गर्ने समयमा त्यो सहसा चित्रकार बन्यो । त्यतिखेर उसले रङ्गिबिरङ्गी तूलिकाहरु पनि प्रयोगमा ल्यायो ।

- रवीन्द्रनाथ टैगोर

संस्मरण

मेरो जीवन - खुशी र आँसुको

ॐ फणीन्द्रराज खेताला

जन्मैदेखि कोही कसैको आत्मीय वा प्रिय बन्दैन होला, यो मेरो आफ्नै एकलौटी तर्क हो । जन्म दिने आमालाई दूधको नाताको भोक लागेपछि नवजात शिशुले चिन्दछ भने बाबुलाई अलिपछि स्नेहले बाँधिएपछि । त्यस्तै अरू नातागोता क्रमशः उमेर र परिधि फैलिँदै गएपछि परिचय हुँदै जान्छ, स्नेहको बन्धनले बाँधिन्छ र अपनत्व पैदा हुँदै जान्छ भन्ने कुरा पनि मेरो तर्क हो । यो मेरो जिज्ञासा पनि हो । त्यस्तै जिज्ञासा अर्को युवावस्थाको दौडमा बाँधिने दाम्पत्य जीवन पनि हो । अपरिचित दुई व्यक्तित्व, त्यो पनि फरक लिङ्गीय स्वभावका प्राणीको सम्भोग नै दाम्पत्य जीवनको सुरुआत हो, यो नै मेरो आफ्नो दाम्पत्य जीवन बारेको तर्क हो । अनि म यसलाई प्राकृतिक मान्छु र सामाजिक अनि आवश्यक पनि । यही आवश्यकताको परिधिभित्रको सामाजिक प्राणी यो लिपिकार पनि आफ्नो छब्बीस वर्षे जीवनमा सोह्रवर्षको एक आपरिचित, नदेखेको मात्र होइन कि आफूले कल्पनासम्म पनि नगरेको शील स्वभाव र रूप एवम् शारीरिक गठनकी, युवतीसंग विवाह बन्धनमा बाँधिएँ । यसोभन्दा धेरैले भन्न सक्नेछन् 'आफूले मन पराएको मान्छे त जस्तो भए पनि राम्रै र असल नै लाग्छ ।' हुन पनि यस्तो भनाइलाई हम्मेसि नकार्न पनि सकिन्न ।

मानिसको इच्छा जस्तो सुकै अवस्था वा परिस्थितिको अगाडि पनि बलवान् नै रहन्छ, तर यस्तो इच्छा वा इच्छित वस्तु प्राप्त हुनु वा नहुनु समयको हातमा छ । त्यसैले माथिको अवस्थाबाट गुज्रँदै गर्दा मेरा इच्छा र रहर पनि असीमित नै थिए । किनकि म पनि एक सर्वसाधारण जीव नै हुँ र त्यो बेला पनि त्यस्तै थिएँ । हाम्रो नेपालीमा एउटा भनाइ छ, 'मान्छे ताक्छ मूढो, बच्चरो ताक्छ घुँडो' जस्तै मेरो जीवनमा पनि धेरै पटक बच्चरो र घुँडोको खेल खोलिएको थियो । त्यो खेल विगतमा र अहिले पनि उस्तै छ, खेलिँदैछ । एक या दुईपटक मात्रै होइन धेरै पटक बच्चरोको चोट मेरो घुँडाले सहेको छ, खपेको छ । कति पटक त यौवनकालको प्रवेशसँगै यस्तो परिस्थिति आएको छ, जसले गर्दा मैले आफ्नो छात्रजीवनलाई बीचैमा छोडेर भौतारिनु परेको छ जीवनमा ! माथि उठ्ने अग्रगामी योजनाका सोचमा सदैव जस्तो नै परिस्थितिजन्य बच्चरोको प्रहार भएको छ । तैपनि २००५ असारमा मेरो जीवनसंग गाँसिएर सुख दुःख सधैं भोग्ने र खेप्ने कबोल गरेर मलाई पछि लाएर घर भित्रिएकी मेरी जीवनसंगिनीको धैर्य, कार्यकुशलता र सहनशीलताको परिणामबाट आज आफूले कल्पना गरेजति र खोजेजति सफलताको सिँढी चढ्न नसके पनि खुट्टा दरो पारेर उभिन र समाजमा 'मानिस हुँ' भनेर चिनाउन सफल भएको छ । यो सबै उनैको देन हो, म त केवल निमित्त मात्र हुँ ।

अब एकछिन उनको परिचयबारे पनि केही हरफ लेखुँ ! हुन त अगाडि मैले जे जति गल्दन गरें त्यसबाट पनि यो लेख पढिदिनेहरूले थाहा पाइसक्नु भएकै हुन सक्छ कि यो खेताला भन्नेले कसको बारेमा बोल्दै छ, लेख्दै छ भनेर । तापनि छोटो परिचय दिनु सान्दर्भिक ठान्दछु । उनी १९९० वि.सं. असारमा अर्याल कुलमा जन्मिएकी, उनको जन्मराशी वृश्चिक हो । राशीको नाम यूगल कुमारी र घरेलु कल्याणी । उनी २००५ असार महिनामै अर्याल कुल छोडेर भट्टराई कुलसंग गाँसिन आएकी हुन् । हाम्रो विवाह कोर्ट वा देवस्थलमा भएको होइन । अँध्यारो छिडी कोठामा लगन गाँठो कसेर, खुला आँगनमा सबैको सामुन्ने जग्गेमा अग्नि साक्षी राखेर र सात फन्का घुमेर सम्पन्न भएको थियो । लक्ष्मी रूपमा उनी अघिअघि र म पछिपछि आफ्नो घरमा भित्रिएका थियौं । त्यति बेला बेलुकीको सात बजेको थियो । बागमती र

प्रवेश गर्छ र मूल्याङ्कन गर्दछ । जहाँ प्रतिक्रियात्मक भावनाको उदय हुन्छ, त्यहीं आलोचनाको जन्म हुन्छ । स्वस्थ आलोचना प्रेरणादायी हुन्छ । त्यसैले यस काव्यमा नेताहरूमा हावी हुँदै गएको गलत प्रवृत्ति र शोषणहरूलाई नजिकबाट नियाल्दै उनीहरूलाई असल कार्य गर्न, देश र जनताको पक्षमा लाग्न सके चिरञ्जीवी हुन सकिन्छ भन्ने सन्देश दिइएको छ र त्यही अर्थमा कृतिको शीर्षक 'नेता : चिरञ्जीवी भव' राखिएको छ । व्यङ्ग्यात्मक शीर्षक हुँदाहुँदै पनि यस अर्थमा कृतिको शीर्षक आफ्नो उद्देश्य पूर्तिमा सफल देखिन्छ । काव्यकारले कृतिको शीर्षकलाई काव्य-बैठानको अन्तिम श्लोकमा लगेर यसरी जोडेका छन् -

जनता धैर्यशाली छन् सहन्छन् नसके पनि
लागेको मनमा भन्छन् यी यस्तै नपचे पनि ।
जीउ थाक्यो मनै थाक्यो बोल्दैनन् बुझ क्यै अब
यस्तो औसर पाउन्नौ नेता चिरञ्जीवी भव ॥

(काव्य-बैठान, अन्तिम श्लोक, पृष्ठ २७)

ठाउँ-ठाउँमा संस्कृतका मार्मिक उक्तिहरू प्रस्तुत गरिएको प्रस्तुत काव्यमा वर्णहरू अनारदाना जस्तै मिलेका देखिन्छन् । नेपाली स्वर वर्ण र व्यञ्जन वर्णहरूको सुरुका अक्षरहरूको प्रयोगबाट काव्य रचना गर्नु नितान्त नौलो र कठिन कार्य हो । प्रत्येक साहित्यकारमा आफ्नै नयाँ मार्ग स्थापना गर्ने चाहना अनुरुप रचना भएको यस कृतिमा लेखक सफल देखिन्छन् । खासै रूपमा व्याकरणात्मक त्रुटि भेट्टाउन नसकिए पनि नेपाली भाषाको शब्द भण्डारको ज्ञानमा कमी भएका पाठकका लागि भने कुनै-कुनै शब्दले केही असहज स्थिति पैदा गर्न सक्ने देखिन्छ । अन्त्यमा, नेपाली साहित्यमा नवीन मार्ग कोर्न सफल प्रस्तुत कृतिप्रति 'कृति : चिरञ्जीवी भव' को कामना गर्दछु ।

भद्रबास, काठमाडौं

एकताका आँकुराहरू

ॐ दिव्यलक्ष्मी पोखेल

मनभित्रका ती भय त्रास फाली
यो प्राण प्यारो गरिमा अंगाली ।
उर्वें सडकमा नभनेर ज्यान
लाग्यो पिएकैं घरि मध्यपान ॥१॥

यी हात पाउहरू लर्बराए
ए शान्ति आऊन भनी कराएं ।
यो क्रान्तिलाई अब पूर्ण पारौं
भन्दै खनिए जनता हजारौं ॥२॥

यो राष्ट्रको रोदन रात कालो
चिर्दै उदाउँदछ धुर्वतारो ।
भन्दै म बादल् मनि हेरि बाटो
थाप्दै गएं वर्तन एकताको ॥३॥

यो बाटिकाको बटवृक्ष माथि
बोल्यो चिडिया सुप्रभात छायो ।
सरर्र हावा पनि सर्सरायो
सारङ्गीले राष्ट्रिय गीत गायो ॥४॥

मेची र काली शिरमा उचाई
लाली उदाइन् सुप्रभात छायो ।
झुल्के रवि ती वन कन्दरामा
त्यो स्पर्सले यो शिर झक्झकायो ॥५॥

ब्यूझेर हेर्दै म हिमाल हास्यो
कुल्चन्छु भैंमा छ पवित्र माटो ।
ती भाइ मेरा बहिनी मसीना
पोखी रहेका श्रमका पसीना ॥६॥

ढोका उघारीकन वृद्धआमा
राखेर पानी भरि चौघडामा ।
गर्दै गइन् स्वागत शान्तिलाई
यी हातमा हातहरू मिलाई ॥७॥

भन्ने विश्वासमा परेका जनताहरूका आशाहरू निराशामा बदलिए। प्रक्रियाबद्ध शासन व्यवस्थाको सुरु हुनु पर्नेमा आपसी वैमनश्य र खिचातानीमा नेताहरू अल्मलिए। जनचाहनाको कदर हुन सकेन। नेता 'नेता' जस्ता भएनन्। बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थामाथि नै शङ्काको स्थिति उत्पन्न हुने परिस्थितिहरू सिर्जना हुँदै गए। यस्तै जनधारणाहरूलाई पक्रेर यो कृतिको रचना भएको छ। काव्य-उठानका केही श्लोक हेरौं -

घुम्दै थिएं कतै तिम्रो सुनें गुनगुन कानमा
के गर्छन् आजका नेता मस्त छन् खानपानमा।
घामका बालुवा जस्ता सोस्नमा नामी छन् अति
खौलामा पनि पर्दामा फिर्दैन यिनको मति ॥

(काव्य-उठान, पहिलो श्लोक, पृष्ठ १)

तसर्थ हाँसिलो तिम्रो मुहार नगिरोस् भनी
सद्भाव मनमा राख्दै रिसानी नमिलोस् भनी।
सङ्केत गरेँ तिम्रो भित्र-बाहिरको मति
सुमार्गको लिई इच्छा सुनाउँछु सुने जति ॥

(काव्य-उठान, अन्तिम श्लोक, पृष्ठ १)

यस कृतिमा समेटिएका कवितात्मक विषयवस्तुलाई मुख्य दुई रूपमा विभाजन गरेर हेर्न सकिन्छ। पूर्वार्द्धमा नेताहरूका कार्यशैली, दुर्गुण, अदूरदर्शिता, नातावाद, कृपावाद र पदीय दायित्वका बारेमा चर्चा गरिएको छ भने उत्तरार्द्धमा नेताहरूलाई गल्ती सुधार्दै, आफ्ना मानवीय कमीकमजोरी हटाउँदै देश र जनताको हीतकार्यमा लाग्न आग्रह गरिएको छ। नेताका प्रवृत्तिगत आचरणहरूलाई औंल्याउँदै गरिएको यो आग्रह हिजोका लागि हो, आजका लागि हो र भोलिका लागि पनि हो। यसलाई यसरी नै बुझ्नुपर्छ। यो सधैंका लागि हो, जबसम्म यस पक्षमा सुधार हुँदैन।

साहित्य भनेको मानवीय अन्तर्जगत्को कलात्मक भाषिक अभिव्यक्ति हो। दृश्यमान बाह्यजगत्को प्रतिक्रियास्वरूप मानव हृदयमा अन्तर्जगत्को निर्माण हुन्छ। त्यही अन्तर्जगत्लाई पक्रन चिरकालदेखि मानिसभित्र सिर्जनाको आवेग पैदा भएको हो। यस खालको आवेगलाई साहित्यकारले मात्र भाषामा व्यक्त गर्न सक्छ। कृतिमा यही रूपमा नेताका समग्र प्रवृत्तिगत अवगुणहरूलाई स्वस्थ रूपमा आलोचना गरिएको छ, व्यक्तिगत होइन। आलोचना गुणवादी र दोषवादी हुन्छ। कसैको गुणैगुणको मात्र बखान गर्नु राम्रो हुँदैन तर यस कृतिले भने नेताहरूका प्रवृत्तिगत दोष देखाउँदै सन्मार्गको अवलम्बन गर्न तथा सुधारतर्फ लाग्न सचेत पारिएको छ। विद्यमान राजनीतिक व्यवस्थाप्रति कवि कत्ति पनि औंल्याउँदै उनीहरूसँग आशावादी पनि छन्। काव्य-मर्मका केही श्लोक हेरौं -

झन्डामा झगडा गर्छन् झन्झट जति जे परोस्
झाले-माले जुनै हुन्छन् सिद्धान्तै कुल्नि के परोस्।
झिलिमिली झिमिक्कैमा बन्न पाए पुगिगयो
झीर झीरे झिरिप्पैमा रोप्न पाए पुगिगयो ॥

(काव्य-मर्म, श्लोक २६, पृष्ठ ८)

रघुनाथ बने सक्छौ वेलैमा सुध्रने भए
रावण बनी लेखिन्छौ यथार्स्थिति दिने भए।
रिटिक्क पार्न सक्नेछौ देशलाई अझै पनि
रीतिथिति सपारेमा लाग्दैन बेर क्यै पनि ॥

(काव्य-मर्म, श्लोक ७४, पृष्ठ २०)

ज्ञप्त भाव बुझ्यौ पक्कै ज्ञानी बन बनाउन
तीतो सत्य मीठो हुन्न गाह्रो हुन्छ पचाउन।
सबैको भावना त्यै हो ज्ञानी छौ बढी के भनौं
व्यक्तिको चाहनाभन्दा राष्ट्रको स्वार्थमा भुलौं ॥

(काव्य-मर्म, श्लोक ९९, पृष्ठ २६)

आलोचनाका लागि सर्वप्रथम आलोचकले आलोच्य विषयसँग घनिष्ठता कायम गर्छ, त्यसभित्र

रुद्रमती (धोबीखोला) तरेर पुल्चोकबाट चावहिल भित्रिएको त्यो दिनको सम्झना अझ मेरो मानसमा ताजै छ।

तपाईंहरू यो नसम्झनुहोस् कि तपाईंहरूले नै 'वरिष्ठ साहित्यकार'को पगरी पहिराएर समाज अगाडि उभ्याइदिनुभएको यो खेताला आफ्नो बखान गर्दैछ। म त निम्न-मध्यम वर्गीय हामी नेपालीकै कथा भन्दैछु। अन्यथा नलिइदिनुहोला। यो मेरो आफ्नो बखान वा कथा होइन। कुन व्यक्ति को हो, ऊ कस्तो छ र के हो भन्ने कुरा सबै जब सङ्गत हुन्छ र व्यवहार परिआउँछ त्यतिबेला मात्रै थाहा हुने कुरा हो। तर माया ममता र स्नेह अक्सर चाँडै नै हुन्छ वा हुँदोरहेछ कि जस्तो मेरो मनमा त्यतिबेला लाग्यो, जब हामीलाई जरगेमा राखिएको थियो। मैले उनको आवाजसम्म त्यतिबेला सुनेको थिइनँ। यद्यपि मेरो विवाह पाकै उमेरमा भएको थियो, तर संस्कारले गर्दा पारिवारीक वा सामाजिक कारणले पनि अहम् कायम थियो। हो, उनको अनुहार मैले बिहे छिन्दा र स्वयम्बरका बेला देखेको मात्रै होइन, राम्रैसँग हेरेको थिएं तर आवाज चाहिँ जरगेमा मन्त्र पढ्दा सुनें। यसैबाट बुझ्न सक्नुहुन्छ कि ममा कति धीरता रहेछ। जबकि फागुनमा बिहे छिनेर झण्डै चार महिनापछि बिहे भएको थियो।

मानिसको आनिबानी, विधि व्यवहार सङ्गत गरेपछि मात्र थाहा हुने कुरा हो। त्यस्तै उनको रहनसहन, इच्छा, विधि-व्यवहारको विस्तारै परिचय पाइयो। जसले गर्दा मलाई लाग्यो कि सायद त्यति बेलाको हाम्रो नेपाली समाजमा म नै सबभन्दा भाग्यमानी व्यक्ति हुँ कि ! किनभने त्यसबेलाको मेरो जीवन सांसारिक जीवन थियो। दाल-चामलको हिसाब-किताबको जीवन थियो। जुन कि मेरी नव-विवाहिता पत्नीले आफूसँग ल्याएकी थिइन्। यसोभन्दा दाइजो भन्ने नसम्झनु होला। त्यति बेला आजको जस्तो हिसाब-किताब हुन्थ्यो वा हुन्थ्यो त्यो मलाई थाहा थिएन।

२००७ सालसम्म आइपुग्दा पहिलो छोराले जन्म लियो, जुनबेला क्रान्तिको हावा चल्दै थियो। राजनीतिक कार्यकर्ता मात्र होइन, सामाजिक कार्यकर्तामाथि निगरानी थियो। जुन बेला मेरो पहिलो छोरोको जन्म भएथ्यो, त्यति बेला मेरो अवस्था पनि त्यस्तै थियो। घरमा कम बस्दथें। कैले कता कैले कता लुकीलुकी हिँड्नुपर्ने अवस्था थियो। मोहन शम्सेरको शासनकालको अन्त्यतिर चारैतिर पकड-धकड थियो। यसैबेलातिर दुईवटा घटना घटे। एक त पिताजीले घरबाट निस्किएर जाने बिदा दिनुभयो, अर्को पक्राउ परेर तारिख र सरकारी निगरानीमा परेको थिएं। त्यसबेला मेरो स्थायी कुनै पेशेवर काम थिएन, जसबाट खास नियमित आम्दानी होस्। बिदा पाएको घरमा बसिरहनु पनि त्यति ठीक थिएन। आत्मीक रूपबाट सल्लाह दिने र सल्लाह लिने आफ्ना व्यक्ति पनि कोही थिएनन् पत्नी बाहेक। म त्यति बेला दुई तीन राणा परिवारको घरमा ट्यूशन गर्थें। अरूले त केवल काम गरेको अधिल्लो महिना र चालु महिनाको पारिश्रमिक दिएर बिदा गरे, एकजना जर्नेल साहेबले भने वर्तमान परिस्थितिबारे धेरै कुरा गरेर भविष्यमा पुनः बोलाउने आश्वासन दिई एकमुष्ट पैसा दिएर बिदा गरे। त्यसैले मैले आफ्नो नयाँ गृहस्थी निर्माण गरें। यसमा मेरी पत्नीको सल्लाह र ठूलो सहयोग रह्यो।

त्यसपछिका मेरा दिनहरू अनौठा तरिकाले बिते। कहिले तारिख, कहिले जेलको बन्दी यस्तै गर्दागर्दै २००७ ले प्रवेश पायो। देशमा प्रजातन्त्र नामको शासन सुरु भयो। केही होला भन्ने आशा गरेका जनता निराश बने। मैले पनि खास केही प्रगति गर्न सकिनँ। म केवल एसएलसी मात्र थिएँ, आईए मेरो अपूरो थियो। २०१५ सम्ममा मेरा दुई छोरा र दुई छोरी भइसकेका थिए। नयाँ संसदीय निर्वाचनपछि एउटा अस्थायी काम हात लागेको थियो, त्यो पनि त २०१७ को पर्वले खोस्यो मात्र होइन, उपत्यका छोड्न नपाउने पुर्जी समेत थमायो। त्यसबेला मेरी श्रीमतीले जुन किसिमको धैर्य र आत्मविश्वासले घर सञ्चालन गरिन्, त्यो देख्दा म आफै छक्क पर्ें। उनी धेरै पढेलेखेकी स्कलर होइनन्। साधारण लेखपढ र घरगृहस्थीको हिसाब-किताबसम्म राख्न सक्ने, गृहकार्यमा दक्ष थिइन्। हुन पनि त्यसबेला आजको जस्तो न त स्कूल थिए, न सबै बाबुआमाको छोरा

मात्र होइन छोरीलाई पनि पढाउनुपर्छ भन्ने चेतना नै थियो । नारी शिक्षाबारे त्यति जागृति आइसकेको थिएन । पुरातन संस्कारले विराम लिइसकेको थिएन, तापनि उनीले नेपाली भाषाको राम्रो अध्ययन गरेकी थिइन् । त्यसले गर्दा पनि मलाई उनीमाथि गर्व थियो किनभने फुर्सतको बेला उनी किताब पढ्न रुचाउँथिन् । यसको अर्को कारण पनि थियो, त्यो के भने म आफू लेख्ने र हिन्दी, अंग्रेजी र नेपाली भाषाका किताब पढ्थें । साथै सङ्ग्रह पनि गर्थें । यसको पनि सायद उनीमा प्रभाव परेको हुन सक्छ । २०१८ साल माघ १५ गते मेरो उपत्यका-बन्दी फुकुवा भयो । त्यसैबेला शिक्षाविद् धरणीधर कोइरालासँग भेट भयो । उहाँकै प्रेरणाले म फर्पिङको त्रिभुवन आदर्श विद्यालयमा आवासीय शिक्षकको रूपमा जाने कुरा आयो । मैले श्रीमतीसँग सल्लाह मागें । उनीले 'आँखा चिम्लिएर जाऊ, यहाँको चिन्ता नराख' भनेर खर्चबर्चसहित बिदा दिइन् । वर्ष दिनपछि परिवार सबै लिएर मैले उक्त ठाउँमा १३ वर्ष बिताएँ । उनैको प्रेरणाले करले पनि मैले आफ्नो स्नातक तहसम्मको अपूरो शिक्षा पूरा गरें ।

२०३२ सालको सुरुमा फर्पिंडबाट चाबेल, पशुपति मित्रमा सरुवा भएर आएपछि दुई वर्ष डेरामा बस्दा सायद उनीलाई सारै तीतो अनुभव भएछ क्यार, आफै लागिपरी गरेर घर किन्ने योजना बनाइछन् । एक रात मसँग भनिन् 'डेरामा कति बस्ने, हामी घर किनौं न हुन्न ?' म केही बोलिनँ । किनकि घर किन्न पैसा चाहिन्थ्यो, त्यो मसँग थिएन । उनले फेरि थपिन् 'किन नबोलेको मैले त घर पनि हेरिसकें, पुरानो भए पनि जग्गा धेरै छ किनौं न हुन्न ? मलाई आफ्नो घर भनेर बस्न मन लाग्यो ।' स्वास्नी मानिसलाई गहना भन्ने कुरा कति प्रिय हुन्छ, उनीले आफ्ना सबै गहनाको पोको मेरो अगाडि राखिदिएर भनिन्, 'यो बेच, अलिअलि मसँग छ, अरू रिन खोज, नपुग जागिरे जेठो छोराले महत गर्ला ।' यसरी मेरो घर जोरियो । २०४१ सालमा होनहार असल शिक्षित, जागिरे माइलो छोरा ज्योति दुर्घटनाबाट दिवंगत भयो । त्यो चोट मातृहृदयमाथि ढुङ्गाले थिचेर पीडा सहँदै बिताइन् । जेठो छोराले विद्रोह गऱ्यो, बाबुलाई तथानाम भनेर बेइज्जत गर्न खोज्यो त्यो पनि खपिन् ।

तर भित्रभित्र मानिसको अन्तरालमा जलेको पीडाको खोजी गर्ने कसले ! सबै आफ्नै धुनमा मस्त हुने वा रहने आजको यो व्यस्त वातावरणमा कसले कसको चासो लिन्छ र ! सहनशीलताको पनि एउटा सीमा हुन्छ । जब त्यसले सीमा नाघ्छ अनि शरीरभित्र धमिराको प्रवेश हुन्छ, त्यही भएको रहेछ मेरी अर्धाङ्गिनीको शरीरमा पनि । क्यान्सररूपी धमिराको प्रवेश भइसकेको रहेछ । सहनै नसके पनि सहेको परिणाम एक दिन निस्कियो । अनि पछि उपचार थालियो, तर अबेर भैसकेको रहेछ । डाक्टर तथा आधुनिक उपचार विधिको पनि केही चलेन । आखिर एक दिन अर्थात् २०६१ असोज १८ गते साँझ ४:३० बजे हामी सबैलाई माया गर्दागर्दै आफूलाई सुकाएर जीर्ण बनाएकी उनी सदाको लागि बिदा भएर गइन् । आज पनि म छु, जेजस्तो छु, सबै अर्थात् छोराबुहारी छोरीजुवाई नातिनातिना भएर पनि एक्लो छु । जब एक्लो हुन्छु, आँसु फुट्छ आँखामा ।

मेरो जीवनमा असोज महिना र शारदीय पूजा नवरात्रि । म खुशी हुँ कि आँसु बगाऊँ ? किनकि -

वि.सं.१९७९ असोज १३ गते महानवमी मेरो जन्मदिन ।

वि.सं.२०२४ असोज २१ गते नवरात्र चौथी मेरो कान्छो छोरा प्रकाशको जन्मदिन ।

वि.सं.२०२८ असोज ४ गते नवरात्र प्रतिपदा मेरी बुहारी कमलाको जन्मदिन ।

वि.सं.२०४१ असोज ११ गते माइला छोरा ज्योतिको दुर्घटनामा परी निधन ।

वि.सं.२०६१ असोज १८ गते मेरी श्रीमती कल्याणीको निधन ।

वि.सं.२०६२ असोज १९ गते जगदम्बाश्री पुरस्कार प्राप्त ।

त्यसैले असोज महिना र शारदीय पूजा मेरो जीवनको खुशी र आँसुका ती दिन बन्न पुगे ।

३६ ३६ ३६

प्रस्तुत गरेका छन् ।

विकास समयको माग हो, देश र जनताको आवश्यकता हो । देशलाई के, कसरी र कुन रूपमा अघि बढाउने भन्ने कुरा राजनीति र राजनेतामा भर पर्दछ । यस रूपमा हेर्दा हाम्रो देशमा अहिलेसम्म सच्चा राजनेताको जन्म हुन नसकेको भावना हुनुपर्छ । ऐस, आराम, सुख, सुविधा र मोजमज्जामा नेताहरू लिप्त हुनु हुँदैन । नेता बन्नु सजिलो काम होइन । जनताका मनमस्तिष्कमा नेताप्रति सद्भाव रहन सक्नुपर्छ । आफ्नो छवि स्वच्छ राख्न नेता सफल हुनुपर्छ । कर्मद्वारा नेता आफ्नो क्षेत्रमा सफल हुन सक्छन् तर नेपालका नेताहरू नारा, जुलुस र बन्दमा नै आफ्नो सफलता देख्छन् । शिक्षा-दीक्षा र सुसंस्कारको अभावमा सद्विचार आउन नसकेका नेताहरू जनतालाई भ्रममा राखेर आफ्नो स्वार्थका साधन बनाउन सिपालु देखिन्छन् ।

प्रकृतिले हामीलाई के दिएकी छैनन् ? खोलानाला, नदी, हिमाल, पहाड र तराईको समथर भूभाग दिएकी छन् । हिमालबाट पहाड हुँदै तराईसम्म पुगेका स्वच्छ नदीहरू नेपाली भूभाग सिञ्चित गर्नमा आतुर छन् । तराईका मैदान अन्नरूपी सुन फलाउन क्रियाशील छन् । उचित योजनाको अभावमा चारकोशे झाडी, वन-जङ्गल, अमूल्य जडिबुटी, वन पैदावार निकम्मा भएका छन् । पहाड फोर्न सक्ने साहस बोकेका नेपाली पाखुरीहरू विदेशमा नै पराश्रित भएका छन् । असङ्ख्य चेलीबेटी विदेशिएका छन्, अस्मिता लुटिएको छ । यति हुँदा पनि कुनै त्यस्तो नेता पाउन सकिएन, जसमा राष्ट्रियता भएको होस् । नेपालका साधन, स्रोत र जनशक्ति स्वदेश निर्माणमा लगाउन प्रेरित गरोस् । यस्तो बुझेको र केही गर्ने सोचाइ भएको नेता नहुनु के नेपालीको दुर्भाग्य हो ? जाल, झेल, षडयन्त्र र झूटको खेती गर्नु नेताको नैतिक विषय हो ? सत्ता पाउनकै लागि एउटै दलभित्रका सदस्यहरूबीच गुटबन्दी हुनु, विभाजन हुनु के सुहाउँदो कुरा हो ? चुनावमा जनता सामु गरेका वाचा बन्धनका कुराहरू बिर्सनु नेताका विशेषता नै भएका छन् । देशको वनसम्पदा नाश गर्नु, जनतालाई भकुण्डो जस्तो ठान्नु र देश कङ्गाल बनिसक्दा पनि छिमेकी देशहरूको उन्नति देखेर त्यसको सिको गर्नपट्टि चेत आउन नसक्नु दुर्भाग्य भएको छ ।

दूरगामी सोचाइ र दूरदृष्टि नभएका नेताहरूका कारण नेपाल र नेपालीको यस्तो हविगत भएको कुरा नकार्न सकिँदैन । यत्रो प्राकृतिक स्रोत र साधनले भरिपूर्ण देश नेपाललाई त्याग, सेवा र केही गरौं भन्ने भावना राख्ने हो भने पक्कै पनि स्वर्गको टुक्रो बनाउन सकिन्छ । संसारकै प्रसिद्ध शासन व्यवस्था प्रजातन्त्र नेपालमा असफल भएजस्तो देखिनु नेताहरूकै कारण हो । शासन व्यवस्थाका सच्चा पहरेदार वास्तवमा जनता नै हुन् । उनीहरूकै हितका लागि नेता लाग्नुपर्छ । प्रजातन्त्र पुनः स्थापना हुँदा पनि जनता रैतीबाट माथि उठ्न सकेका छैनन् । देशमा शान्ति, सुव्यवस्था र सरकारको प्रत्याभूति हुन सकेको छैन । नेताहरूका यस्तै कार्यको सचित्र वर्णन प्रस्तुत काव्यमा गरिएको छ ।

चार श्लोकमा काव्य-उठान, उनान्सय श्लोकमा काव्य-मर्म र चार श्लोकमा काव्य-बैठान चुनी मुख्य तीन भागमा विभक्त रहेको यस कृतिमा नेपाली कविता साहित्यको क्षेत्रमा नौलो प्रयोग गरिएको छ । सायद, यसरी नेपाली स्वर वर्ण र व्यञ्जन वर्णका प्रत्येक अक्षरबाट कविता हरफहरू सुरु गरी लेखिएको यो नै पहिलो कृति हुन सक्छ । यसले नेपाली कविताका क्षेत्रमा हास्य-व्यङ्ग्य कविताका नयाँ मार्गहरू प्रशस्त गरेको छ ।

साहित्य गतिशील विधा हो । साहित्यले व्यक्ति र समाजका चाहना अनुकूलका यथार्थलाई समेटन सक्नुपर्छ । २०४६ सालको ऐतिहासिक जनआन्दोलन प्रजातन्त्र पुनः स्थापना गर्न सफल भयो । प्रजातन्त्रको नव-विहानीसँगै देश र जनताका आशाहरू सल्बलाए । शान्ति, ससुव्यवस्था कायम भई देशले विकास निर्माणको नयाँ प्रक्रिया समात्छ

समीक्षा

'नेता : चिरञ्जीवी भव' एक समीक्षा

ॐ भीमसेन कुइँकेल

साहित्य एक कला हो, जुन समय, परिस्थिति अनुकूल परिवर्तित हुँदै जान्छ । यो साहित्यकारको भौतिक सामर्थ्य हो । बोलीचाली र सामान्य प्रयोगको भाषाभन्दा साहित्यकी भाषा बेग्लै खालको हुन्छ, जसमा कुनै न कुनै प्रकारको विशेष सामर्थ्य रहेको हुन्छ । साहित्य गतिशील कलात्मक अभिव्यक्ति भएकाले प्राचीन कालदेखि आजसम्म आइपुग्दा यसका फाटका महत्त्वपूर्ण परिवर्तन र उपलब्धिहरू तथा विभिन्न वादहरूको प्रयोग हुँदै आएको छ । विज्ञान प्रविधि, सूचना प्रविधि, शिक्षाको विकास, चेतनाको स्तर बृद्धिजस्ता कुराका साथै अन्तर्राष्ट्रिय परिवेश यसका परिवर्तनका सकारात्मक पक्षहरू हुन् । नेपाली साहित्यको कविता विधामा पनि विभिन्न परिवर्तित रूपहरू देखा पर्दै आएका छन् । देशमा विद्यमान राजनीतिक-सामाजिक परिवर्तन, उच्च व्यक्तिहरूमा देखिने पदलोलुपता, भ्रष्टाचार, अनैतिकताजस्ता विषयहरूले साहित्यलाई प्रभावित पार्दछन् ।

वि.सं. २०१७ सालको राजनीतिक परिवर्तनले स्वतन्त्र अभिव्यक्तिमा रोक लगाएपछि साहित्यिक विधाहरूमा एक किसिमको परिवर्तनको बाढी नै आयो । अमलेख, अस्वीकृत, राल्फा, आयामिक, बुटपालिस जस्ता आन्दोलनहरूले साहित्यिक विविधताका मार्गहरू प्रशस्त गरे पनि यी आन्दोलनहरूले निरन्तरता पाउन सकेनन् भने वि.सं. २०३०-३१ सालतिरदेखि हालसम्मको कुनै साहित्यिक अनुसन्धान भएको पाइँदैन तर पनि यसलाई समष्टिमा समसामयिक भन्ने प्रचलन रहेको छ ।

वि.सं.२०४६ सालको ऐतिहासिक जनआन्दोलन सफल भई देशमा प्रजातन्त्रको पुनः स्थापना भयो । सार्वभौम सम्पन्न जनताद्वारा बनाइएको प्रजातान्त्रिक सरकारले जनताको शान्ति-सुरक्षा, महँगी, भ्रष्टाचार, अन्याय, अत्याचार रोक्नुको सट्टा झन् फैलने अवसर पाए । जनताका आशाहरू निराशामा बदलिए । उनीहरूमा ठूलो सङ्घर्ष र बलिदानले प्राप्त गरेको बहुदलीय शासन व्यवस्थाप्रति नै एक प्रकारको नैराश्यता आउन थाल्यो । आफूले अमूल्य मतदान गरी जिताएका जनप्रतिनिधिहरू सत्तालिप्सा र भागबण्डामा सीमित रहे । जनआकाङ्क्षा गौण बन्न पुगी व्यक्तिवादिता हावी हुन पुग्यो । पाँच वर्षका अवधिलाई छानेका नेता आपसी खिचतानीले मध्यावधिमा थन्किए । अल्तियारमा उजुरीका थुप्रा लागे । कोभन्दा को कम भनेझैं गरी बहुमलुट मच्चाइयो । जनप्रतिनिधिहरू जनताको घरदैलोमा टेक्न छाडे । जनतामा पनि नेताप्रति वितृष्णा जाग्न पुगेको अवस्थामा यिनै समसामयिक यथार्थलाई प्रस्तुत गर्दै नेपाली कविता विधामा नितान्त नयाँ स्वरूपमा देखा पर्न पुग्यो - वासुदेव गुरागाईको 'नेता : चिरञ्जीवी भव' ।

साहित्य एक कला हो, जीवनको अनुभूति हो । प्लेटोले भनेजस्तै अनुकरणको अनुकरण मात्र होइन । यसले जीवन जगत्का यथार्थलाई प्रस्तुत गर्दछ । अरू कलाहरूले जस्तै साहित्यले पनि जीवनबाट नै सामग्रीहरू लिएको हुन्छ । साहित्य समाजको दर्पण हो । समाजका तीता-मीठा अनुभूतिलाई काव्यात्मक रूपमा प्रस्तुत गरिँदा त्यसमा यथार्थता पाउन सकिन्छ । यथार्थ वा सत्य तीतो हुन्छ, जसलाई सहजै पचाउन सकिन्न । एउटा सचेत स्रष्टाले हाम्रा नेताहरूमा देखा पर्दै गएका यिनै गलत प्रवृत्ति र सोचहरूलाई हास्य-व्यङ्ग्यात्मक कविताका माध्यमद्वारा सफल रूपमा

कविता

नानीहरूलाई इतिहास पढाइसकेपछि

ॐ कन्हैया नासननी

नानीहरू !
यस्तो छ नेपालको इतिहास
स्थिर आकासमन्तिर
संभ्रम घसिरहेको नेपालको घाइते इतिहास
वर्तमानको बैसाखी टेकेर
भविष्यको अनिश्चिततातिर लागिरहेको
नेपालको इतिहास
नालापानी, खलङ्गा, कुती र केरुङ्गको युद्धमा
थला पर्नेगरी घाइते भएको नेपालको इतिहास
खुम्चिइरहेका सीमानाका
मक्किइसकेका तुना बाँधेर
लाज छोप्दै ङिच्च हाँसिरहेको
नेपालको इतिहास
मेची, महाकाली, हिमाल र
तराईको सानो फ्रेमभित्र
आईसीयुको रोगीजस्तै बाँचिरहेको
नेपालको इतिहास ।

नानीहरू !
यहाँको इतिहासको प्रत्येक खण्ड
रक्तपात र षड्यन्त्रका हरफहरूमा टुङ्गिन्छ
हरफहरू - भीम मल्लकी पत्नी सती जाँदा
'यो देशमा भलो चिताउनेको भलो नहोस्'
भनिदिएको श्रापको
हरफहरू - अपमानित भिमसेन थापाले
थुनामा सेरिएर गरेको मृत्यु-वरणको
हरफहरू - बन्दी बहादुर शाहको
जीवनको अन्त्यको
हरफहरू - माटोको लागि चुँडिएको
प्रत्येक मुटुको
हरफहरू - वंश हुर्केको दरबारभित्रै
वंश नाश भएको ।

नानीहरू !
हामीले त सकेनौं -
प्रयास गरेका थियौं तर सकेनौं
अब तिमीहरूले समाप्त पार्नुपर्छ
हरफहरू लेखिने/बन्ने यो क्रमलाई
अति भइसकेको छ
अब डाँफेले उन्मुक्त नाच्न पाउनुपर्छ
खोलाको रङ्ग रातोबाट
स्वाभाविक निलो बन्नुपर्छ
प्रश्न-चिन्ह बनेर झोक्किइरहेको
मानिसहरूको शिर ठाडो हुनुपर्छ
नेपाली भएको गर्व गर्ने प्रत्येकले
पुर्खाले काँगडा र टिष्टा पुगी
पाल टाँगेको नबिर्सनुपर्छ ।

नानीहरू !
अकस्मात् झस्किएर बिउँझिएका आँखाजस्तै
दिग्भ्रमित टोल्हाइरहेको देश
मणी गुमाएको अश्वत्थामाजस्तै
निस्तेज बनेको देश
आस्था र विश्वासको प्रत्येक पात्रबाट
धोखा पाएको देश
नयाँ अनुहार खोजिरहेको छ
तिमीहरू ती अनुहार बन्न सक्नुपर्छ
हामीले सकेनौं -
प्रयास गरेका थियौं तर सकेनौं
अब तिमीहरूले पुर्नुपर्छ
असमान सन्धिहरूबाट देशलाई लागेको घाउ
अब तिमीहरूले च्यात्नुपर्छ
लिँदै नलिएका ऋणका तमसुकहरू
अन्यथा, हिंसा र षड्यन्त्र
यहाँको संस्कृति बन्नेछ ।

नानीहरू !
यहाँ धेरै आन्दोलन भइसके
धेरै क्रान्ति भइसके
अब एउटा यस्तो आन्दोलन गर
यस्तो एउटा क्रान्ति गर
जुन सत्ता, स्वार्थ र सम्पत्तिको लागि होइन
चरित्र-निर्माणको लागि
केवल चरित्र-निर्माणको लागि
अन्यथा पछिका पुस्ताले
कवच र कुण्डल गुमाएका कर्णले जस्तै
आफ्नो पहिचानको तृष्णा बोकेर बाँच्नुपर्नेछ
र, निस्लोट थामिसकेको
नेपालको इतिहासले पनि
विश्राम लिनेछ- एउटा लामो विश्राम !

३६ ३६ ३६

कथा

बाध्यता

ॐ गीता केशरी

पुस महिनाको छोटो दिनमा कार्यालयको समय पूरा गरी घर फर्कदा घाम डुब्न लागिसक्छ । त्यसमा पनि असनको चोकमा छ दिशाबाट जम्मा भएको भीडलाई छिचोलेर किनमेल गरी घर फर्कने हो भने कस्तो अवस्थामा पुगिएला ?

हो, मीना आज त्यस्तै स्थितिमा पुगेकी छन् । दुवै हातमा झोला बोकेर बस बिसौनीमा पखंदापखैदै रात परिसकेको छ । जति बस आउँछ, सबैमा खचाखच यात्रुहरू भरिएका हुन्छन् । 'ए दिदी, यताबाट भित्र छिर्नोस्, भित्र पसेपछि ठाउँ आफै बन्छ' भन्ने सल्लाह कण्डक्टरले दिए पनि उनले आँट गर्न सक्दिनन् । मिनीबसमा उभिएर यात्रा गर्नुपर्दा गर्दन र कम्मरले सहनुपर्ने कष्टको उनलाई राम्रो अनुभव भइसकेकोले शिष्ट भाषामा 'भो भाइ म अर्को बस पर्खेर नै जान्छु, उभिएर जान सक्तिनं' भन्दै सिट पाउने आशामा धैर्य बटुली रहन्छिन् ।

एक दुई गर्दै बसहरू छुट्दै जान्छन् । हतास र निराशले उनलाई कोपर्न थाल्छ । तेस्रो बस पनि छुट्ने लागेको थियो । कण्डक्टरले बल्लबल्ल दुईजनाको सिटमा खादिएर बस्ने मौका मिलाई दिएकाले शरीरको आधा भागलाई सिटमा अडाएर बस्छिन् र सुस्ताउँछिन् । साथमा बसेका ती दुई यात्रुहरूलाई त्यसरी दुईमा तीन भएर बस्नुपर्दा अफ्ठ्यारो परेछ क्यार ठुस्स पर्दै आपसमा कुरा गर्न थाल्छन् -"सिट अनुसारको टिकट काटेर बसमा यात्रु चढाउने व्यवस्था हाम्रो देशमा कहिले बस्ला ? हरेक ट्रिपमा सिटभन्दा झण्डै दोब्बर यात्रुहरू हुलेर चलाउछन् । सिन्की बनेका यिनीहरूबाट उठाएका पैसाजति आफ्नै गोजीमा हाल्ने त होलान् नि ?" भन्दै हाँस्छन् । अर्कीले त्यसमा पीरो थप्दै सुनाउँछिन्, "यहाँ चढाउनेलाई मात्र के भन्नु, चढ्नेहरू पनि उस्तै छन् । दुईटा खुट्टा राख्न पाए भयो । साधनको कमी र बढ्दो माग रहेसम्म यसलाई मौका बनाएर पैसा कमाउने यी बस व्यवसायीहरूले छोड्दैनन् ।

यसले मीनाको मनलाई नराम्रोसँग छुन्छ र पनि कुरामा सत्यता रहेकोले झट्ट जवाफ दिइहाल्ने ठाउँ पाउँदिनन् । आफ्नै मनको अदालतमा आफूलाई निर्दोष साबित गर्न यसरी बयान पेश गर्छिन्, "अरूलाई दुःख दिँदै यसरी खादिएर चढ्ने मेरो पनि चाहना होइन । यो मेरो प्रयासको असफलताले ल्याएको बाध्यता हो । आज, यो मलाई परेको छ भने भालि अरू कसैलाई पनि पर्नसक्छ । यो सत्यतालाई कसरी बिर्सन्छौ भन्ने प्रश्न आँखामा लिएर साथमा बसेका तिनीहरूलाई पुलुक्क हेरी चुप लाग्न बाध्य पार्छिन् र आफू घरमा केटाकेटीहरूले के गरिरहेका हेलान् ? बत्ती निभ्ने बेला हुन लागिसक्यो, मनेर चिन्तित हुँदै छटपटाइ रहन्छिन् । यिनै छटपटीलाई केही समयपछि त्यस कठिन बसयात्रा समाप्त गरी घर पुग्छिन् । तर, त्यहाँको स्थिति देखेर उनलाई अरू विरक्त लाग्छ र ती हातमा झोलाहरू एक कुनामा थन्काई छोराछोरीतर्फ फर्केर सोध्छिन्, "स्कुलको युनिफर्म अझै फुकालेका छैनौ ? भोलि के लगाएर स्कूल जान्छौ ? कति खेल्नुपर्छ तिमीहरूलाई हँ ? होमवर्क गरिसक्यौ ?" जवाफ छैन उनीहरूसँग । चुपचाप लागेर आमाको गालीलाई स्वीकारेर उभिइरहन्छन् । यसैबीच राधा आइपुग्छे र त्यसमा अरू थप गर्दै भन्छे, "हेर्नोस्, त्यसबेलादेखि खाजा ल्याएर दिएकी अहिलेसम्म खाएका छैनन् । उक्लेर यति उफ्रेका छन् कि के भन्नु । तपाई आउँदासम्म के के पो

मजल

ॐ जनकराज पौड्याल

आँखाको भाषा बुझेर आऊ सुस्तरी-सुस्तरी
मधुर गीत गजल गाऊ सुस्तरी-सुस्तरी ।

कसैले तिमी आएको अनि गएको नदेखोस्
लुकेर आऊ लुकेर जाऊ सुस्तरी-सुस्तरी ।

सुकेको पात टेकेर कतै आवाज नआओस्
जोगाई टेक्नू बाटोमा पाउ सुस्तरी-सुस्तरी ।

समाजरूपी समुद्रभित्र नडुबोस् कहिल्यै
बगी नै रहोस् मायाको नाउ सुस्तरी-सुस्तरी ।

अनाममण्डली

मजल

ॐ बिर्खे अञ्जान

छिमेकको हाँसो अनि उपहासको खानी भा'छु
जहाँ पाइला अघि सर्छन् त्यतै मात्र जानी भा'छु

आफू बाँच्न अरूसँग हात थाप्नु परेपछि
आँखाभित्र कसिङ्गर बिझाउने नानी भा'छु

आना सुका ढुकुटीमा नभएर रित्तो हुँदा
इष्टमित्र दाजुभाइ दुनियाँको हानी भा'छु

सधैं पर्छ झुकाउन स्वाभिमानको शिर यहाँ
छैन कुनै अस्तित्व नै बग्दो भेल पानी भा'छु

के-के हुन्छ भनी हिजो गाउँ छोडी सहर पसें
पानीमाथि नुन हाली खुसी मान्दै खानी भा'छु

मकवानपुर

मजल

ॐ सुरेश सुवेदी

मुर्दा जिएर रित्तै- रित्तै म आउँदैछु
हो रित्तिएर रित्तै-रित्तै म आउँदैछु ।

भैगो बसेर एक्लै बाटो नहेर्नु मेरो
आँसु पिएर रित्तै-रित्तै म आउँदैछु

भत्केर जिन्दगीको मेरो विदिर्ण छाती
साथै लिएर रित्तै-रित्तै म आउँदैछु

सारा भविष्य आफ्ना आफै म जिन्दगीमा
राखी दिएर रित्तै-रित्तै म आउँदैछु ।

अनाममण्डली

मजल

ॐ धनराज गिरी

उमङ्ग ली नयाँ नौलो साल आयो हजुर !
कालो मैलो धुनु स्वच्छ ताल आयो हजुर !

पक्कै पनि समयले लिन्छ अवतार
गोकुलमा फेरि 'नन्दलाल' आयो हजुर !

प्रतीक हो मिलनको '६३' यो साथी
उर्लिएछ प्रेमगङ्गा छाल आयो हजुर !

एक ढिक्का ढाइकोटी भन्छन् मेची-काली
सन्देश यो सञ्चारमा हाल आयो हजुर !

महलले झुपडीको गला चुम्नु पऱ्यो
नारौं अब प्रेमजुवा खाल आयो हजुर !

चितवन

दोरदोर, तनुङसुर, छिम्केश्वरी, रम्घा र आमडाँडाहरू एवम् त्यस आसपासका प्राकृतिक दृष्यहरूमा मन बहलाउँदै रम्घा र आमडाँडाहरू त्यस आसपासका प्रकृतिक दृष्यहरूमा मन बहलाउँदै र त्यहांसम्म हामीलाई पुऱ्याउन आएकी सरु बहिनीसंग गफगाफ़ गर्दै पीपलको छहारीमा, चुंदी नदीको किनारामा पुगियो । मनमनै भाखा टिपिंदैथिए -

दमौलीको सम्झना बिर्सना
ग'को माया मानुको तिर्सना
पानी सलल, जुन देश गए नि ए माया आफ्नै गाउं बेसी झलल ।

अनि त्यसरी नै चुंदीको पानीसंगै बहंदै मनमनै गुन्गुनाइरहेथ्यौं -

..... कसरी हुन्छ अब चुंदी र मेची काली भेट ।

बस पनि आइपुग्यो । सरु बहिनीले ल जानोस् ! बरू कस्तो लाग्यो हाम्रो यो ठाउं ? भनी सोध्दै थिइन् । अनायसै अन्तर बोली निस्किहाले -

प्रकृतिले रैछ बरै दिएको
हांसो- खुसीमा धरती जिएको
छन्द मिलाउन बसेछ रम्घा
माधुर्य थप्ने लयमा छ चुंदी
काव्यधरामा बहने लगाव
संस्कार राम्रो चुंदीको समाज
सत्कार गर्ने अतिथिहरूमा
पाऊं खोजेरै अरू खै ! कहां म ?

हामी बस चढ्यौं र रम्घा, चुंदीबाट टाढिंदै गयौं भौतिकतामा र नजिकिंदै गयौं आत्मीयतामा ।

-भारपा - ८, पीपलबोटे, पाँचथर
हाल: काठमाण्डौ
२०६३

गाउँ आउँदै छु

ॐ इन्द्रकुमार श्रेष्ठ

पूर्वी पाटो उपर चुचुरा कालिकाथान हाम्रो
कालो माटो बुरबुर कतै रङ्ग रातो छ राम्रो ।
बाली झुल्दै लहलह गरी फाँट बेसी मलाई
खोज्दै होलिन् अलमल परी अश्रु आँखा रुलाई ॥

(१)

झर्दो होला छडछड गरी खेतखेतै छहारा
शोभा पाई कुसुम तृणको मख्ख पाखापखेरा ।
कैले मित्रै लुकिकन बसी हांस्छ सल्ला सुसाई
कैले फाल्दै बदलि वनको नाच्छ मुण्टो उठाई ॥

(२)

भोकैतिर्खै दिनदिनभरि काम चर्को गरेर
फिर्दीहोली प्रियतम कठै ! साँझ पर्दा गलेर ।
कान्छी बैनी अति चहकिली गाउंकै दीप मेरी
अल्छी फाल्ने सबल मनकी सृष्टिकै सीप मेरी ॥

(३)

आमा रोगी सकस सहंदै हांस्न सक्छ्यौ कसोरी
बाबा बूढा घरजम सबै धान्न सक्छौ कसोरी ।
टाढा आएं सहर घरमा छैन शोभा रहेको
आमा तिम्रो अविरल नदी हेर्छ कल्ले बहेको ॥

(४)

डुल्दाडुल्दै सहरसहरै भेट्न गाह्रो सुगन्ध
आफ्नै माटो दिलगगनमा खालि टल्की रहन्छ ।
पर्खी बस्नू अतुल हितका मित्र मेरा नवीन
फर्की आएं सकिनं अब ता बाँच्न आफ्नो बिना म ॥

(५)

कमलाकुन्ज, दियाले-३, ओखलढुङ्गा

भाँच्ने हुन् भन्ने लागिरहेको थियो ।"

"किन, तिमीहरू यस्ता भएका ? कति दुःख दिन्छौ म एउटीलाई ? साँचिनै अब त म पाकै भइसकें ? यसो भन्दै थकाइले सिथिल भएकी मीरा आरामी मेचमा ध्याच्च बस्दै राधालाई एक ग्लास पानी ल्याउन अह्राउँछिन् । केटाकेटीहरू आमा दिक्क भएको चाल पाएर उनलाई खुसी पार्न भन्छन्, "आमा, लुगा फेरेर पढ्न बसौं ?"

केटाकेटीको त्यस सुबोध चेहरालाई हेर्दै एकछिन पहिले उनीहरूदेखि आफू दिक्क भएर कराएकीमा खेद मान्छिन् र सम्झन्छिन् । आफूले पनि बाल्यकालमा बाआमालाई छलेर कति मस्ति लिने गर्थिन् र कुटाइ खाएपछि त्यसरी नै उनीहरूको सामुन्ने आएर भन्थिन्, "म काम गर्न जाउं ?" फरक यति छ म काम गर्न जाने अनुमति माग्थे भने यिनीहरू पढ्नलाई माग्दै छन् । मीनाको दिक्कदारी सबै जान्छ र मुसुक्क हांस्दै भन्छिन्, "छिटो लुगा फेरेर आई पहिले यो खाजा खाओ अनि पढ्न बस । अबदेखि म अबेर घर फर्के पनि राधादिदीले भनेको मान्नु र पढलेख सिद्धाएर मात्र खेल्नु है ?"

उनीहरू आज्ञाकारी बन्दै आफ्नो कोठातर्फ लाग्छन् । राधाले पानी ल्याएर दिन्छे । उनी पानीको घुट्को लिंदै राधासंग सोध्छिन्, "संजय, कुनबेला निस्कनु भयो ? यहाँ हुन्छु भन्नुभएको छ ?

अहँ, त्यसो त केही भन्नु भएन । भरखरै जस्तो निस्कनु भएको हो । बरू तपाईंले घर फर्कन यत्रो समय किन लगाउनु भयो भनेर कराउँदै हुनुहुन्थ्यो ।"

"अनि तिमीले भनिनौं त आज म किनमेल गरेर आउँदै छु भनेर । तिमीलाई भनेर नै गएकी थिएं ?"

राधा चुप लाग्छिन् । मीनाले त्यस चुपको अर्थ बुझ्छिन् र मनमनै भन्छिन् "कति कुरा सम्झिराखोस् यो राधाले पनि । सबैको जिम्मा यसैले लिनुपर्छ । म पछिको यस घरमा यहीं त छ" भन्ने सोच्दै आफ्नो विचारधारालाई अन्तै मोड्छिन् र मनमा कुरा यसरी खेलाउन थाल्छिन् ।

त्यत्रो समयसम्म त घरमा नै हुनुहुँदो रहेछ । केटाकेटीहरूलाई पढ्न मात्र लगाइदिएको भए पनि त हुन्थ्यो ? यतिबेला भइसक्यो कुन बेला बत्तीले आँखा झिम्काउने हो ? अनि के गरी यिनले पढ्छन् लौ ? केही भनुं भने, सासु भन्नुहुन्छ, 'तिमीले किन काम गर्न जानुपर्छ । घरमा बसेर लोग्ने छोराछोरीमाथि विचार पुऱ्याए भइहाल्यो । पैसाको हामीलाई दुःख परेको छैन ।'

श्रीमान् भन्नुहुन्छ, "तिमी पढेलेखेकी नारी हौ । यी छोराछोरी र घर परिवारमा ध्यान दिएर यिनीहरूलाई राम्रो शिक्षा अर्ति बुद्धि दिन सक्यौ भने सामाजिक र राष्ट्रसेवा यहींबाट सुरु गर्न सक्छ्यौ । असल नागरिक छोराछोरीलाई बनाउनु भनेको के राष्ट्रको भविष्य बनाउनु होइन र ? व्यर्थै यत्रो दुःख किन उठाउँछ्यौ ?

थाहा छ मलाई उहाँहरूले यसरी मलाई भन्नु पनि एक प्रकारको माया नै हो । तर मेरो आफ्नो सोच अर्कै छ । मलाई लाग्छ, धनको सम्पूर्णता व्यक्तित्व विकास होइन र काममा लाग्नुको अर्थ पनि पैसा कमाउनु मात्र होइन । व्यक्ति निहित ज्ञान सीप र चेतनाको शक्तिलाई जागरण गराई यसलाई फैलाउन सकिएमा मात्र क्षमताको बृद्धि हुन्छ र आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ । यी प्राप्तिले नै व्यक्तित्व विकास गराउंछ । यो वस्तो गुण हो, जो न त घट्न सक्छ न त हराउन नै । धनी व्यक्ति गरिबमा परिणत हुन सके पनि विद्वान् फेरि मूर्ख हुन सक्दैन । धनलाई चोरेर खोसेर लैजान सक्छ भने ज्ञान र सीप आफ्नो अधिनमा हुन्छ, जुन बाँड्न सकिन्छ, मागेर लिन सकिन्छ तर चोरेर रित्याउन सकिंदैन । धनको सदुपयोग गर्न र कुनै पनि आपत्ति विपत्तिबाट

बच्न चाहिने पनि के ज्ञानै होइन र ? यसैले, यस्ता योग्यताले पूर्ण दुवै नारी र पुरुष हुनुपर्ने आवश्यक छ। छुट्याएर भाग लगाएको गार्हस्थ्य र संसारी खण्डलाई भत्काएर समतर बनाई दुवै वर्गलाई दुवै क्षेत्रमा सक्षम बनाउन सकिएमा मात्र जनता शक्तिवान् भएर निस्कन सक्छन्। नत्र जनसंख्या मात्र बढ्दछ। आधाभन्दा बढी जनता पराश्रयी भएर बस्नुपर्ने हुन्छ।

व्यक्तिबाट सुरु भई परिवार समाज र राष्ट्र हुँदै विश्वको परिवेश समेत हुन पुगेको आजको अवस्थालाई स्वीकारेर सीमाबद्धजस्ता सङ्कीर्ण भावनाबाट मुक्त हुन सकेमा मात्र मानव जातिलाई सबल बनाउन सक्छौं।

यस तथ्यलाई सम्झाउँदै बुझाउँदै जाने प्रकृयामा जति कठिनाई आइपरे पनि त्यसलाई चुनौति मानेर अन्तरिम कालमा परेका हामीहरूले सामना गर्नैपर्छ र आउँदा पुस्ताका लागि अगाडि बढ्न फराकिलो बाटो बनाईदिनु हाम्रो कर्तव्य मान्नै पर्छ।

छोराछोरीको भूमिकामा एक अंश म पनि हुं भन्ने परिचय दिन म चाहन्छु। यसैले मैले यी बाधाहरूलाई मौकाको रूपमा लिन सक्नुपर्छ भन्ने सोच्दै थिइन्। यतिकैमा सञ्जय गुनगुनाउँदै बाहिरबाट आइपुग्छन् र मीरा आरामी मेचमा लखतरान परेकी देखेर सोध्छन्, "के भयो तिमीलाई ? सन्चो भएन कि कसो ?"

"केही भएको छैन। भरखरै जस्तो आएं, त्यसैले।"

"अनि, के मा अल्मलिएर अबेर भयो ? मलाई खबर गरेकी भए लिन आउथें ?"

"यस्तो अबेर होला भन्ने थाहा भयो र बोलाउं। बरू यहां बसेर नै छोराछोरीलाई पढ्न सिकाइदिनुभएको भए, एउटा समस्या त जान्थ्यो। बाहिर निस्कनुभएछ।"

"अहो ! यो पढाउने काम त म गर्न सक्दिनं। हैरानै पाछन् कति एउटै कुरालाई दस पटक भनिरहनु। यो काम तिमी नै गर।"

"अनि तपाईंले के गर्ने नि ?" भन्दै उनी हांस्छिन्। सञ्जय निर्धक्कसंग भन्छन्, "तिमीलाई भान्सामा साथ दिन्छु। पकाउन त आउँदैन, तैपनि ..... ।"

"मिलेर काम गरेपछि त सकिन्छ। हामीले बाहिरको काम पनि यसरी नै सिक्ने गर्छौं।"

दुवै जनाले कुरा बुझेर हांस्छन् र मीनालाई लाग्छ, माया गरेर आफूले सक्दो सहयोग गर्न उहांहरू यसरी चाहिरहनुभएको छ तर वर्षौं पुरानो संस्कारको गडेको जरोले कहिले रोकिदिन्छ भने कहिले असमर्थ बनाई पन्छनु पर्ने बाध्यता ल्याइदिन्छ। यसैले म आफ्ना छोराछोरीमाथि एकै प्रकारको व्यवहार गर्न चाहन्छु र यिनीहरूलाई जीवनका यी दुवै क्षेत्रमा सक्षम बनाउन बाल्य अवस्थादेखि आफ्नो काम आफै गर्न लगाई आत्मनिर्भर हुन सिकाइरहेकी छु।

यसरी मनमा कुरा खेलाएर मीना टोलाएकी देखेर सञ्जय उनलाई झकझकाएर सोध्छन्, "कहां हराएकी ? हेर, तरकारी डढाइसक्यौं ? लेऊ डाडु म चलाइदिन्छु।"

मीना, छोराछोरीलाई बोलाएर सोध्छिन्, "भोली स्कुल जान सबै कुरा मिलाई सक्यौ ?

केटाकेटीहरूले आफ्नो कोठाबाट नै जवाफ दिन्छन्। एउटाले भन्छ पेन्सिल ताछदैछु र अर्कोले भन्छे जुत्तामा पालिस गर्दैछु।"

त्यो सुनेर सञ्जय र मीना दुवै खुसी हुन्छन्। सायद उनीहरूको सपनालई सत्यमा परिणत गर्ने आशाको किरण फैलिदै छ।

शालीक रहेको थियो। बिहानका कान्तिमय सूर्यका किरणलाई शरीरमा संगाल्दै सालघारी उकालोमा चुंदी बेसीलाई आँखाभरी अटाउने प्रयास गर्यौं। भानुभक्तीय जन्मभूमिको काव्यमयी वातावरणले हामीलाई पनि पद्यलहर बहाउने मन लाग्यो - मैवल नाइरुङ सम्जुरै वरिपरी साथमा छ छिम्केश्वरी रम्या दोर्दोर फेर् तनुङ्सुर अनि त्यो आमडाँडा पनी ठूलो फाँट चुंदी छ ठप्प मजको खोला छ साथैमहाँ सिंचै व्यासिहरू सलल्ल बहने जाला हँ चुंदी कहाँ ? हांस्थे भानु मुसुक्क फाँटभरि नै, हुन्थ्यो मिठो गुञ्जन रच्थे भानु सुटुक्क काव्यलहरै हो हैन ए सज्जन ? आयौं सम्झिकनै उनै सजनमा बोकेर श्रद्धाञ्जली देऊ शक्ति म लेखुं काव्यहरू क्यै भानुसरी हे हरी !

अनि माथि रम्घाको डाँडामा पुगेर सोच्नपुर्‍यौं -

नेपालमा झुल्कदा हुन् रवि पैल्हे यहाँ
त्यसैले त नेपालीमा झुल्के भानु यहाँ
भाषागत एकताको ऐतिहासिक कथा
प्रकाशका पुञ्जसरी फैलियोस यो गाथा।

भानुभक्तका काखमा रहेको अनुभूति संगाल्न शालीकको साथमा रहेर क्यामेरामा बिम्बाङ्कन गरिसकेपछि ओह्रालो लागियो। पुरानो संस्कृत विद्यालयको प्राङ्गणहुँदै खानपिनपछि जन्मस्थल विकास समितिको कार्यालय प्राङ्गणमा आयोजित कविगोष्ठीमा सहभागीता जनाइयो। सो समितिका तात्कालीन निर्देशक सम्पा उपाध्याय, रमेश आचार्य अनि दमौलीबाट आउनुभएका शङ्कर र अम्मरराज नहर्कोलगायत स्थानीय बासिन्दाहरूले गर्नुभएको आतिथ्य सत्कार ले हामी कृतज्ञ भयौं। भानु मा.वि. र भानु उच्च मा.वि.का गुरुहरू र अम्बिका गौतम गुरुप्रति पनि आभारी भयौं। आजसम्मै प्रथमपटक साहित्यिक कार्यक्रममा बाल, वृद्ध, नारी, पुरुष सबैको उपस्थिति देखेको पहिलो पटक भएकोले सम्पूर्ण रम्घाबासीहरूको साहित्यिक लगनशीलता अनुपम लाग्यो/वातावरण नै काव्यमयी लाग्यो। नत्र वर्षादको समयमा काम काज छोडेर पनि साहित्यिक कार्यक्रममा सात सात दिनसम्म निरन्तर सहभागी हुनु त्यस भेकका मानिसहरूमा भएको साहित्यिक लगाव नभएर के भन्ने ? दिउँसोको कार्यक्रमपछि फर्किएर खानपिन गरी काव्यसन्ध्याको लागि चुंदी बेसी झर्यौं भानु जन्मस्थल विकास समितिको प्राङ्गणमा। तर काठमाण्डौबाट पाहुना पुग्नुभएकोले स्थानीय कार्यक्रम आयोजकहरू आगन्तुकहरूको स्वागत-सत्कार र भोजनादि व्यवस्थापनमा सेपाबगैंचामा व्यस्त रहनुभएकोले र हामीमा थकानको अनुभव भइरहेको कारण हामी चाहिं लाग्यौं बासको ठेगानातिर अधिल्लैदिनको ठाउँमा।

२९ गतेको बिहानीसंगै उठेर हाम्रोलागि चुल्होमा पाक्न लागेको खाना पनि छोडेर बाटो लाग्यौं। के गर्ने ! हाम्रोनिम्ति समयले घण्टी बजाइसकेको थियो। समयको पछि लाग्नु हाम्रो बाध्यता थियो। मुमा र हजुरबुबासंग बिदा मार्दै हामी ओह्रालियौं। तल आएर सम्पा उपाध्याय, अम्बिका गौतमलगायत सम्पूर्ण महानुभावहरूसंग बिदा मागदा हामीमा कठोर पीडाको अनुभव भइरहेको थियो। तैपनि बिदा त माग्नु नै थियो, बिदा माग्यौं र काठमाण्डौतर्फ लाग्यौं। भानुभक्तको विशेष जन्मजयन्तीको दिन, प्रभातफेरिको यात्रा बाजागाजाका साथ हर्षोल्लासमय वातावरण निर्माण गर्दै उकालियौं रम्घा डाँडातर्फ, अनि ओह्रालियौं चुंदी बगरतर्फ। एक अथाह पीडाको गहिराईमा पुगेर भानुसंगको वियोगमा तड्पिएर आँसु खसाल्न पुग्यौं। के गर्ने जीवनरेखा सोचेजस्तो नहुने। त्यो त निर्मित कर्मरेखा र सिर्जित परिस्थिति अनुरुप हुने रहेछ। सेपाबगैंचामा आएर बस पर्खिउञ्जेल मैवल, नाइरङ, सम्जुर, बन्दीपुर,

बहिनी फर्किइन् आफ्नै गाउँ रम्घा । समयको मन्द चालसंगै मेरो रम्घा जाने शुभलग्नको साइत नजिकिदै थियो । साहित्यिक मित्र राज माङ्लाक पनि त्यस बखत काठमाडौंमै रहनुभएकोले र उहांसंगको भेटमा उहांले पनि मेरो जस्तै इच्छा व्यक्त गरेकोले दुई पांचथरे मित्र मिलेर २८ गते एका बिहानै काठमाडौंबाट तनहुंतर्फ प्रस्थान गर्ने सल्लाहका साथ छुट्टिइयो ।

अचानक मैले २७ गतेनै रम्घातर्फ प्रस्थान गर्नुपर्ने भयो । २६ गते दिनभर मित्र राजजीलाई बारम्बार सम्पर्क गर्ने प्रयास गर्दा पनि सम्पर्क नभएपछि समाचार भाइहरूलाई छोडिराखेर २७ गते बिहान ७ : ०० बजेतिर म बटो लाग्ने बालाजु बसपार्कबाट बसमार्फत् ।

एक्लो यात्री मात्र नभएर संगै जानखोज्ने मित्रलाई पनि छाडेर हिंड्नुपर्दा बाटो रनभुल्लमा पारिएको भन्ने आरोप खेप्नुपर्ने भो भन्ने सम्झिदै खल्लो महसुस भइरहेको थियो । रम्घाकै लागि निर्धारित बस छुटिसकेकाले सुन्दरबजार लमजुङको बसमार्फत् नागढुङ्गा कटेर नागबेली परेर प्रकृतिका तरेलीहरूमा लुकामारी खेल्दै अगाडि बढेको लमतन्न कालोपत्रे सडकको मेसो पक्रिएर डुम्रे, तनहुं उत्रिएपछि राजजीसंग छुट्टिनुपर्दाको पीडामा छट्पटिदै केही समय बिताइयो ।

थकित तन लिएर लोसेलोसे चालमा सेपाबगैंचा पुग्ने बसको टिकट लिएर बस कुर्दै रहेको थिएं । एउटा भौतारिंदै गरेको मानव आकृति मेरो आंखाअघि फेला पऱ्यो । मैले नियाल्न खोजें, गढेर हेरें, पत्ता लाग्यो - उही छुटेको मित्र राज माङ्लाक । स्वप्न झैं लाग्यो, तर यथार्थ र हेछ । म काठमाडौं डेराबाट हिंडेपछि भाइसंग सम्पर्क भएछ र म बाटो लागिसकेको जानकारी पाएपछि उहाँ पनि हामफाल्दै बाटो लाग्नुभएछ । डुम्रे पुगेर अन्यमनस्क मनस्थितिमा भौतारिदै गर्दा मलाई भेटेपछि त उहाँ र म दुवै आलिङ्गनमा कसिएर हर्षका आंसु बहाउन पुग्यौं । डुम्रे बजार को एक बजे दिउंसो असारको चर्को घाममा आसिनापसिन भएको बसको शीतलताको गीत गाउन पुग्यौं । –

मनको दुःख कस्तरी उडायो
हाम्रो भेट दैवले जुरायो
रोइराथ्यौं कस्तरी कस्तरी
वियोग नहोस् जीवनमा यस्तरी
कस्तो कुरा यो,
आँट गरी दौड्नु नै ठूलो कुरा भो ।

राजजीलाई पनि आफूसंगकै सिट बुकिङ गर्न अनुरोध गरी संगसंगै बसेर बसको गतिसंगै यात्रा बढाउन थाल्यौं । विभिन्न टारहरू पार गर्दै सेपाबगैंचा पुगेर रोकियो बस । हामी ओर्लियौं बसबाट र वरिपरिका दृश्यलाई आंखामा सजाउँदै परिचित सरु बहिनीको पसलमा झोला र केहीछिन् थकाई बिसायौं । त्यसपछि स्याउली पसलको बाटोतर्फ त्यहांका प्राकृतिक दृष्यहरूलाई आंखामा संगाल्ने कार्यमा व्यस्त हुन खाज्यौं । रोपाईकार्यको अन्त्यहुंदै गएको रहेछ । बाटो मुनिका खेतमा रोपाई गर्न व्यस्त कृषकहरूको छेऊ पुग्दा कृषिप्रधान मुलुकका नागरिक भएर पनि असार महिनामा ठाट्टिएर हिंडेको आफ्नो स्वरुप देख्दा आफैंप्रति एक पटक टिठ लागेर आयो । हामीले नमीठो अनुभव गऱ्यौं र पुन : एक पटक भगवान्संग मनमनै क्षमा माग्यौं । त्यसपछि फर्किएर सरु बहिनीसंगै पारिपट्टि भानु-३, रम्घा पुगेर त्यो दिन त्यहीं बस्यौं परिवारका सम्पूर्ण सदस्यहरूसंग रमाइला रमाइला गफगाफहरू गर्दै ।

असार २८ गतेको दिन, बिहानै उठेर बिहानीका शारीरिक नित्यकर्मपछि चिया पिएर हामी उकालियौं रम्घा डाँडातर्फ जहां भानुभक्तको

कविता

खोलिदिए छाती

ॐ विश्व सिरदेल

बन्द भ्याल खोलें
बामे सर्दै
कलिलो घाम आइपुग्यो
कोठामा छुनुमुनु गर्दै ।

भित्ताको तस्वीर
घामले चुम्दा अलिक लजायो
उजेलियो मुहुडा
पूर्णिमाको जून उबाएझैं मैले
अंजुलिभरि
कृष्णपक्षको रात !

आफूसंगै घाम
ल्याउँछ कोठामा सिङ्गो प्रकृति
फुर्किदिन्छ मोहनी यत्र-तत्र ।

माटो खेलिरहेको बालक
आहारा खुवाइरहेको ढुकुर
झपक्क फुलेको पैयु
डाकें मैले भ्याल खोली
दुई भार बात मार्न ।

समयले गाएको गीत
हावाले सुसेलेको सरगम
कति असल हुन्थ्यो
खोलिदिए मान्छेले छाती
भित्र्याए घाम !

पो.ब.नं. ५२२, बनेपा (काभ्रे)

केही हाइकुहरू

ॐ मोहनबहादुर कायस्थ

घबराउनु
अस्थिर मनस्थिति
अपुरो ज्ञान ।

देदिप्यमान
यस्तो चम्किलो आंखा
मृगका जस्ता ।

धमिल्याउनु
सुसंस्कृति संस्कार
मण्डलेमार्ग ।

धर्मराउनु
ज्ञानको अल्पभाषा
मस्तिष्क ज्वर ।

धुईंपताल
आंखा लगाएं, तर
तिमी कहां थ्यौ ?

नवयुवक
तिम्रो भविष्य कता ?
पैठेजोरीमा ।

नाउनामासी
रेखो भेटाईदैन
गोली कहां छ ?

निरपराधी
पछ्रिन् भड्खारामा
हुलचालमा ।

पछुताउनु
प्रायश्चित भित्रकै
एक पाठ हो ।

पदाधिकारी
कार्यालयभित्र नै
मुसो बिरालो ।

परमानन्द
रतिसागरभित्र
सिपी बटुल ।

परमेश्वर
मान नमान मान
कहां छ शक्ति ?

लेख

राष्ट्रगान : यस्तो भए पो टुङ्गोमा पुग्थ्यो

ॐ हर्षनाथ भट्टराई

आजभन्दा केही दिन उता दैनिक कान्तिपुरमा राष्ट्रिय गीत वा राष्ट्रगानको विषयमा विभिन्न व्यक्तिहरूको तीखो आलोचना पढियो । साहसी व्याकुल माहिलाको रचनालाई उक्त गीत जाँचबुझ गर्ने समितिले पास गऱ्यो । तर मलाई भने के के नपुगेको काँचो खल्लो लाग्यो । त्यो किन हो आजसम्म पनि स्वीकृत नभएकोले सम्बन्धीत सबै आश्चार्य भएका छन् ।

गीत छानविन समितिका अध्यक्ष सत्यमोहन जोशीले आफूले छानेको राष्ट्रिय गीत मन्त्रीज्यूलाई हस्तान्तरण गर्दा गीतबारे अध्यक्षीय व्याख्या दिनु पर्थ्यो तर केवल ५/१० शब्दमात्र बोलेका थिए । के उनले भनेको आठ हरफ र ५० शब्दले मात्र राष्ट्रिय गीतको अभिमत सर्वाङ्गपूर्ण हुन्छ त ! अझ थौरै शब्द हुनुपर्नेमा जोड दिएका थिए । यसो हो भने दई शब्ददेखि लिएर ५० शब्दसम्मका अति सुन्दर, सर्वाङ्गपूर्ण चालीसौं गीतहरू बन्न सक्छन् । यहाँ लाटो र अन्धो मापदण्डको आधारमा परिभाषा दिइयो । प्रस्तुत व्याकुल माहिलाको गीतलाई भावभक्ति भएर रचना गरिएको भनेका थिए । केवल भावनामा रँगिएर रचिएको गीत निर्गुण र स्पन्दन रहित हुन्छ । राष्ट्र अनि राष्ट्रको भन्ने बित्तिकै विशाल सगुण विविध रूपको स्पन्दन मूर्तिमान् राष्ट्रगाता र श्रोताको अगाडि खडा हुन्छ, हुनुपर्छ । निर्गुण शून्य वा अन्धो र केवल कल्पनामय मात्र हुन्छ । यसको विपरीत सगुण भन्नासाथ राष्ट्रका विभिन्न पक्षका अनेकन जीवन्त मूर्तिहरू (विगत, वर्तमान तथा भावी कल्पनाका) खडा हुन्छन् ।

समितिले पारित गरेको गीतलाई - भावावेश भएर रचेको, श्रुतिमधुर, भए पनि क्यासेटे, ओजन बिनाका, नरम, निष्क्रिय तथा राष्ट्रलाई परिचय गराउन असमर्थ शब्दहरू प्रयोग गरिएका, राष्ट्रका प्रति आदर, भक्ति वन्दना बोधक शब्दहरू नभए पनि भावात्मक हुनाले केवल गीतको लागि गीत भएजस्तै एकाइी छ । यसै हुनाले फुक्कादामे विचारकाले ढ्याके शब्दावली प्रयोग गरेको भने, मान गरेकै जस्तो लाग्यो ।

यो राष्ट्रगान हो कि, राष्ट्रिय गान हो । राष्ट्रिय गान भन्नासाथ राष्ट्रका निवासीहरूले आफ्नो मनमाफिक गाइदिएको हुन्छ । राष्ट्रगान भनेको राष्ट्रले नै आफ्नो रूप, इतिहास, संस्कृति, चरित्र, बहादुरी आदिको गाथा सूत्ररूपमा ओजनदार स्तरीय शब्दहरूमा आफ्ना राष्ट्रका निवासी र विश्वलाई नै आफ्नो उत्कर्षको बोध गराएको हुन्छ । यो पनि सानो आकारमा यो सूत्ररूपमा प्रस्तुत हुने हुनाले व्याख्येय हुनुपर्छ । व्याख्येय भए पनि सर्वसाधारणको निमित्त अति सुगम र बोधगम्य पनि हुनैपर्छ ।

नदीनाला (कोशी, गण्डकी, कर्णाली आदि) पहाड-पर्वत, माल-हिमालको संक्षिप्त निर्देशन, इतिहास, धर्म, संस्कृति, जाति, भाषा, जनसंख्या, वीरता, परोपकारिताका साथै राष्ट्रका प्रति अभिवादन पनि हुनैपर्छ ।

भावात्मक गीत भनिएकोमा भावभावित भाषाको मर्मज्ञ व्यक्तिलाई मात्र प्रभाव पार्दछ । भाषिक मर्मज्ञहरू कति पो छन् र ! हालै राजधानीमा आएका राउटेहरूको निमित्त भावात्मक र भावरहित

यात्रा संस्मरण

भानुलाई भेट्न जाँदा

ॐ 'दुःखी महल' तिम्सिना

बाबा मुमाका मुक्त कण्ठबाट प्रवाहित लोरी सुन्ने बेलादेखि नै लोरीको सट्टा भानुभक्तीय रामायण श्लोकहरू मेरा कर्णद्वारमा ठोक्किन पुगदथे, किनकी ब्राह्मण परिवार भएको नाताले लोरीको सट्टा छन्दोबद्ध लयमा शायद बुबा मुमा पनि रमाउनुहुन्थ्यो । बढ्दै जाँदा विशेषतः कक्षा ८ मा पुगदा सो श्रेणीको नेपाली पुस्तकमा पादुकादान शीर्षाङ्कित रामायणका निधारित केही श्लोकहरू पढ्दा मनै फुरुङ्ग हुन्थ्यो र रमाई रमाई गाउने गर्दथ्यौं साथी-सङ्गी मिलेर एकै स्वरमा । त्यसमाथिका कक्षामा पनि निर्धारित नेपालीकै 'पृथिवीतल भरिमा' पढेपछि त भानुभक्तरामायणका श्लोक लेख्ने भानुभक्त मात्र नभएर उनको जन्मस्थल भानु गाविस चुँदी, रम्धा जाने र कमलमणि दीक्षितका भावहरू आफैमा प्रभावित भएको हेर्ने अभिलाषा जागेर आउँथ्यो ।

पूर्वको दुर्गम जिल्ला पाँचथरको विकट गाउँ भारपामा जन्मिएको व्यक्ति म, एसएलसी पछि नजिकैको पाँचथर क्याम्पसमा अध्ययन गर्न पाएँ । त्यहाँ अध्ययनको श्रेणीसँगै भानुभक्तसँग अप्रत्यक्ष रूपमै भए पनि सन्निकटताको दूरी छोट्याउने सृजनाहरू पढ्नुपर्थ्यो । त्यसपछि दुई वर्ष (२०५३-२०५४)को पोखरा बसाईमा पनि तनहुँ, रम्घा पुग्ने अवसर मिलाउन सकिएन । फर्किएर पुनः माथिल्लो श्रेणी अध्ययनको सिलसिलामा स्नातकको नेपाली विषयको पाठ्यनाटक 'भक्त भानुभक्त' लगायतका भानुभक्त सम्बन्धी लेख-रचनाहरूले कतिखेर भानु जन्मस्थलसँग साक्षात्कार हुने भन्ने आतुरता जाग्दथ्यो । तर परिस्थितिजन्य परिधिलाई नाघेर अगाडि बढ्ने माध्यम थिएन, आँट थिएन र सामर्थ्य पनि भएन भन्नुपर्‍यो । बिस्तारै साहित्य सिर्जनातर्फ अभिमुखहुँदै जाँदा र अझ काव्यधारालाई नै अलिङ्गन गरेपछि त भानु र सम्बन्धित क्षेत्रप्रतिको भक्तिभाव, श्रद्धा स्वचालित रुपमा प्रगाढ भएर आउनु स्वभाविक थियो नै ।

मानिस उमेरको सिँढीसँगै जीवन खोज्दोरहेछ । जीवन त जीउनुमा रहेछ । जीयाई नै दुर्लभ भयो भने जीवनप्राप्ति कहाँबाट हुन्छ ? त्यसैले त होला, आफू पनि स्वचालित भऱ्याङहरू र नियतिका पाइला पछ्याउँदै घर छोडेर पोखराहुँदै काठमाडौंतर्फ हानिएँ । जीवन जे जसरी चले पनि मनको अन्तरमा गुञ्जिरहेथ्यो - 'म काठमाडौं रहेकै बेला एक पटक भानु जन्मस्थल पुग्नेछु ।'

काठमाडौंमा रहँदा बस्दा सुनिता सिलाई प्रशिक्षण केन्द्रमा चुँदी, रम्धाकी एक बहिनीसँग परिचय भएपछि मलाई मेरो सङ्कल्पित स्थानतर्फ जाने माध्यम सजिलो भएको थियो । मभित्रको साहित्यिक अभिरुचि बुझेपछि भानु जन्मजयन्तीका अवसरमा आउनुहोस् भन्ने बहिनीको आग्रह पनि थप भएपछि त म मनमनै हर्षले उफ्रिएँ पनि । हुन त रम्धा पुग्न र देख्न अरू समयमै पनि हुन्थ्यो तर विषेश अवसर या भनौ नेपाली भाषा र साहित्यप्रेमीहरूको उत्सव एवम् चाडमा जान पाए गाउँ, ठाउँ र नाउँ पनि हेरिन्थ्यो भन्ने लोभका कारण पञ्चाङ्गका पाना पल्टाउँदै असार २९ कुर्न लागियो । वि. सं. २०६० को वर्ष थियो त्यो ।

समीक्षा

'सुनेको कथा' पढेपछि

✍ ज्यो. पं. जीवनाथ ओझा

कथाकार मधुसुदनप्रसाद घिमिरेद्वारा रचिएका मीठा रचनाहरूको संगालो 'सुनेका कथा' नामक कृति मेरो हातमा पऱ्यो। पुराणका कथाहरूको आधार लिएर लेखिएको यो कथाकृति बालकथासङ्ग्रहको रूपमा समाजमा आएकोले यसका पाठकहरूका लागि यो कृति रोचक लाग्नु स्वाभाविक पनि हो।

विषय सूची प्रवेश गर्दा श्रीमदभागवत पुराण चतुर्थस्कन्धको १ देखि ७ अध्यायका कथाहरूलाई छोटकरीमा प्रस्तुत गरेको पाइन्छ। जुन कथाहरू अति रोचक देखिन्छन्। दक्षको अभिमान कथाले दक्ष आफू पशुसरह भएको, उसको घमण्डले छोरीको ज्यान गुमेको र जीवनमा द्वेष कसैसंग गर्न नहुने कुराको सन्देश दिन्छ। बालकथाहरूको बुद्धि विकास हुनेतर्फ यस कथाले मर्म बोकेको बुझिन्छ।

त्यस्तै अर्को कथा बाबु को हो ? भन्ने प्रश्नचिन्ह राखी हिरण्यकश्यपुतर्फ औंलो उठाएको छ। परमात्मा अर्थात् सत्य सबैभन्दा ठूलो हुन्छ। भगवान्को नाम ठूलो छ। पिताले गरेका सम्पूर्ण विषयहरू अत्याचारी छन् भन्ने प्रल्हादलाई लाग्छ। हिरण्यकश्यपुले प्रल्हादलाई मार्न धेरै उद्यत गर्छ तर भक्तिका खानी प्रल्हाद असत्य र सत्यको सङ्ग्राममा खम्बाबाट पनि नृसिंहको रूपमा भगवान् प्रकट भई सत्यको रक्षा गर्दछन् भन्ने कुरा कथाकारले देखाउन खोजेका छन्। जुन कुरा सत्य हो। त्यस्तै आफ्ना बालकलाई आफै मार्न खोज्ने बाबुलाई लेखकले बाबुको दर्जा दिएका छैनन्।

अर्को कथा 'आफ्नो समूह' शीर्षकमा छ। सानो व्यक्ति वा जीवसँग पनि ठूलो ज्ञान हुन्छ अर्थात् धेरै टाढा रुमलिइरहनु पर्दैन। तर्क वितर्कबाट ज्ञान प्राप्त हुनसक्छ। आफ्नो समाजमा हैसियतको विचार गर्नुपर्छ। असल खराबको पहिचान गर्न सक्नुपर्छ। सानो वस्तु, चीज आदिलाई अपहेलना गर्न नहुने कुरा निर्विवाद छ। बुद्धि विकासका लागि यो कथा रोचक मानिन्छ।

चौथो कथा 'समुद्र मन्थन' हो। एकातिर पुरुषार्थको विषय छ। काम गर्दा ध्यान दिनुपर्छ। मेहनती भएमा अमृत वर्षन्छ भन्ने देखाइएको छ। पौराणिक कथाका मर्म पनि त्यही हो। अर्कोतिर गोसाईंकुण्डको चर्चा शिवसंग छ। जब विषपान गरेका शिव भ्रमण गर्न लागे, विषको डाह मार्न भुईंमा त्रिशूल गाडेर बसेकोले त्रिशूली तथा गोसाईंकुण्ड धार्मिक स्थल रहन गयो। साथै राहु केतुजस्ता ग्रहका विषयलाई पनि उल्लेख गर्नुभएकाले यो कथा रोचक हुनगएको हो। यो कथाबाट धेरै ज्ञान लिन सकिन्छ।

अर्को प्रसङ्ग छ, बालक ध्रुव। ध्रुवको अर्थ सत्य हो। उत्तानपाद भनेको पृथ्वीमा जन्मने सबै उत्तानपाद हो। सुनीति भनेको कहिल्यै नीति नछोड्ने र सुरुचि भनेको रुचि लाग्ने वा मनपर्ने हो। यस कथाले बालकहरूको बुद्धिको विकास हुनुका साथै ज्ञान प्राप्त गरी बुद्धिमान् बन्न सक्छन्। ध्रुवलाई सौतेनी आमाले पिताजीको काखमा बस्न नदिएपछि पिटिएको सर्पजस्तो भए। ध्रुव आफ्नो आमाकहाँ गए। आमाले पनि सौताको कुरालाई समर्थन गरिन्। मध्यरातमा घरबाट निस्की नारदको उपदेशद्वारा तपस्या गरी भगवान् प्राप्त गरी बालक ध्रुव घर फर्के।

यो प्रसङ्ग पढ्नाले बालकहरूप्रति सद्भाव तथा ज्ञान प्राप्त गर्ने लक्ष्य लिन सक्ने तथा बुद्धि विकासमा टेवा मिल्नेका साथै विषय पनि रोचक भएको छ।

कथाकार मधुसूदनप्रसाद घिमिरेले कथावस्तुलाई यथार्थ प्रकट गर्नुभएको छ। यस्ता कृतिहरूले बालक बुढा सबैको आध्यात्मिक रुची बढ्ने, बुद्धिको विकासमा टेवा पुग्नेछ। साथै यस्तै रामा प्रासङ्गिक लेखहरू आगामी दिनहरूमा पनि लेख्ने रुची बढोस्। उहाँको कलममा पूर्णविराम नलागोस् भन्ने कामना छ। जटिल संस्कृत भाषाबाट नेपाली सरल भाषामा जुन कथा लेखियो त्यसबाट साना बालकहरूमात्र नभई गृहणी तथा समस्त पाठक वर्गलाई समेत लाभ पुग्नेछ।

* * *

राष्ट्रगान के हो तिनलाई के थाहा। अझ यीभन्दा पनि धेरै संख्याका अनेपाली भाषी कति छन्, यसले तिनीहरूलाई प्रभाव पार्न सक्ला ? मैले सुने अनुसार उत्तरी धादिङको गैरुड गाउंका सीमित निवासी आफूलाई गैरुड जाति नै भन्दछन्, यिनका निमित्त राष्ट्रगान के हो, कुन चराको नाम हो केही थाहा नै छैन। हाम्रो देशमा यस्ता कति होलान्, ती सबका निमित्त पनि सुबोध हुनुपर्दछ।

गेय वा गीत, काने (कान भएका)हरूका निमित्त कसरी बुझाउने। उताकालाई भए यताकालाई नहुने, यताकालाई भए उताकालाई नहुने। कान भएका र नभएका, अनि आँखा भएका र नभएका सबैलाई बुझ्ने एकै रूप, एकै भावना अनि एकै उद्देश्य बुझिने हुनुपर्यो। नेता वर्गले बुझेर मात्र त्यसको महत्त्व हुदैन। सबैका निमित्त बोधगम्य हुनुपर्यो। त्यति मात्र हो र आँखा नभएकाहरूको हृदयमा पनि राष्ट्रको सुन्दर आकारका साथै गुण-गरिमा पनि साकार होस्।

व्याकुल माइलाका जस्ता २/३ जनाको राष्ट्रिय गीत प्रकाशित भएकोमा सबै एकै ड्याङ्का मूला जस्ता थिए। केवल गीतको लागि मात्र गीत बनेको देखिएका छन्। तिनमा उठान र बैठान भिन्न देखिए पनि खालि दोहरी गीत खाले शब्दहरू मात्र भरिएका छन् कता ऐतिहासिकता कता संस्कृतिक परिवेश, कता राष्ट्रिय व्यापकता, कता एकात्मक भावना आदि आदि केही पाइदैन। फेरि त्यसमा प्रयोग गरिएका शब्द संस्कृत भएकोले क्लिष्ट भयो भन्ने पनि देखिए। यहाँ सर्वप्रथम 'राष्ट्रिय गीत' शब्द नै के हो र कुन भाषाको हो। यदि संस्कृति शब्दलाई हटाउने हो भने न त राष्ट्रिय गीत बन्छ, न त राष्ट्रगान नै।

नेपाली भाषामा ६५ प्रतिशत संस्कृत भाषाका शब्दहरू छन्, जुन नेपाली ताना-बानामा ढालिइसकेका छन्। यदि तिनलाई हटाउने हो भने हाम्रो वाणी (बोली) नै फुट्दैन।

राष्ट्रिय गीत वा राष्ट्रगान भनेकै संक्षिप्त रूपमा इतिहास, सस्कृति आदि परिपूर्ण भएको अति सुन्दर गीत वा गान हो। यसमा देशको जनसंख्या, भूगोलको खाका, एकता, वीरता, परोपकारिता र परिचय आदि सबै सूत्ररूपले भरिएको हुनुपर्छ। न कि केवल दोहरी गीतजस्तो २/४ जनालाई मन पर्दैमा वाहवाहीमा राष्ट्रगान भयो भन्त मिल्दैन।

नेपालको यस्तो संवेदनशील विषयमा इतिहासको आवश्यकता बनायो कि सामन्तवादी वा पूर्वाग्रहवादी हुन्छ। यस्तै संस्कृतिको विषयमा पनि एक न एक लाञ्छना लाग्छ-लाग्छ। यस्तै भूगोल, झण्डा, राष्ट्राभिवादन, एकता आदिलाई पनि क-कसले के-के पो भन्ने होलान्।

हाम्रो देशको वा जनताको इतिहास आदि बीजको रुपमा चर्चा नभए हाम्रो अस्तित्व देखिने छैन। हामी आज बनेका वा आज अस्तित्वमा आएका होइनौं। यस्तो मनन गरी अरु आवश्यक राष्ट्रिय बूंदाहरू भरिनु अत्यन्त आवश्यक छ।

सय फूलका हामी एक माला भनेकोमा 'धेरैथरि फूलका' भनेको भए, अझ कति राम्रो हुन्थ्यो होला। हालसालै एक मासिक पत्रिकामा फूलको बारेमा एक लेख प्रकाशित भएको छ। नेपालका पुराना फूलहरूमा ५/६ थरी मात्र थिए। आजकाल जति विभिन्न प्रकारका देखिएका छन्, ती सब आयातित मात्र हुन्। तिनलाई नेपाली भावनामा मिसाउंदा कता-कता नमिलेको प्रतीत हुन्छ।

राष्ट्रिय गानमा रहनुपर्ने आवश्यकीय बूंदाहरूको निर्क्यौल हुनुपर्दछ। बिनाप्रमाण एक व्यक्तिले केवल ५० शब्द, ८ लाइनको हुनुपर्ने भन्दैमा किन ठीक मान्ने। त्यसमा पनि तीन शब्द कम अर्थात् ४७ शब्द भएको हुनाले, भनेर व्याकुल माहिलाको गीतलाई थै-थै गरी पास गरे।

यदि थारै शब्दकोलाई महत्त्व दिने हो भने वाद्यधुन, राग आदिले लम्ब्याउने र छोट्याउन सकिने कुरा हो । अत : ४ शब्दे, ८ शब्दे, अनि १२ शब्दे गर्दै धेरै गीत बनाउन सकिन्छ । शब्द संख्यालाई प्रमाण मान्ने, अनि आवश्यक बूंदाहरूको निर्देशन नगर्दा यस्तै छेउ न टुप्माको बन्छ ।

यस्तो गीतलाई सिर्फारिस गर्ने त्यो राष्ट्रिय गीत छानवीन समिति नै अयोग्य साबित भयो । यस समितिका अध्यक्ष श्री सत्यमोहन जोशीजस्ता विद्वान्ले गरेको छनोट बेकार भयो । यसले गर्दा जोशीज्यूको विद्वताको अवमूल्यन भयो भने, अरू सदस्यहरूको कुरा त नगण्य नै भयो ।

माथि भनिएका राष्ट्रिय बूंदाहरू समेत निर्देशन गरिएको, सामान्य गीत तर वीररसको सङ्गीत भरेपछि महत्त्वपूर्ण राष्ट्रगान बन्ने दुईवटा नमूना पेस गरेको छु । वास्तवमा यो नमूना नै रहोस् :-

राष्ट्रगान -१

उत्तर शुभ्र धवल विशाल हिम श्रृङ्खल
दक्षिण हरित-पीत तराई भू छ विशाल ।
पूर्वापर मेची-माकाली नदी अति लम्बित
यी नेपाल जननीलाई गर्छन् ढोग निरन्तर ॥१॥

कण-कणमा इतिहास, माटो पानीमा संस्कृति
यही फहराइ चन्द्र-सूर्य, बने-बनाए बेसरी ।
नेपाली नफुटी कैल्यै, शत्रूमा शान राखे दृढ
मित्रको निम्ति दिने ज्यान, नेपाली वीर हुन् जन ॥२॥

यसमा पहिलो ३ चरणमा भूगोल खाका ।
चौथो चरणमा अभिवादन ।
दोस्रो गानको पहिलो चरणमा इतिहास-संस्कृति ।
दोस्रो चरणमा झण्डा, उद्योग-उन्नति ।
तेस्रो चरणमा एकता र बाहादुरी ।
चौथो चरणमा परोपकारिता र परिचय ।

(अझ स्पष्टता व्याख्येयमा आधारित) ।

(यहाँ पहिलो गानको चौथो चरणको 'गर्छन्' शब्दले राष्ट्रको उद्गार बुझिन्छ । यही शब्दमा 'गर्छौं' भए राष्ट्रका निवासीको उद्गार बुझिन्छ ।)

राष्ट्र गान -२

सार्ध द्विकोटि मुटुकी ध्वनी झङ्कृता
अमृत सरिता त्रिपथगात्वरिता
मेची-कोशी, गण्डकी-कर्णाली महाकाली
आदि पीयूष पूरिता ॥१॥

कण-कण पावनी इतिहास तिम्रो
बुद्ध प्रबोधिनी जानकीक्रिडिता
विविध जनजाति युता काखमा तराई
सगरमाथा हिमाल मालयुता ॥२॥

विविध-भाषा मुखरितानेक
श्रेष्ठीजन सहित, नेपाली सुललिता
हिन्दू-बौद्ध-यवन-जैन-इसाईधर्मी
सबसुत साथयुता ॥३॥

जय-जय माता नेपालनिर्मात्री
जय जन जननी माता
जय हे माता, जय हे जय जनमन
अधिवासिनी माता ॥४॥

पहिलो श्लोकमा जनसंख्या, भूगोल, नदी ।

दोस्रो श्लोकमा इतिहास, संस्कृति, सीमा ।

तेस्रो श्लोकमा विविध भाषा तथा धर्म ।

चौथो श्लोकमा नेपाल माताको अभिवादन ।

इत्यादि जातीय वा राष्ट्रिय पहिचानका विविध बूंदाहरू समावेश भएको उच्चस्तरीय गान हुनुमा नै राष्ट्रको गरिमा र महिमा बढ्ने छ जस्तो लाग्छ ।

मध्ये प्रमुख उपाय हो । पछि गएर प्राणायाम एउटा स्वतन्त्र विधाको रूपमा विकसित हुँदै गयो ।

योगमा प्राणको अर्थ हो जीवनशक्ति । यो श्वास प्रश्वासमा मात्र सीमित छैन, किनकि इन्द्रिय र मन प्राणबाट नै सञ्चालित हुन सम्भव छ । पतञ्जली र अन्य परवर्ती योगीहरूले मानव देहमा तीनवटा प्रमुख प्राण प्रवाह नाडीहरू खोजिएका हुन्, जसलाई योगीहरूले इडा, पिङ्गला र सुषुम्ना नामले चिन्छन् । सुषुम्ना एउटा खाली नली हो । यो सुप्त अवस्थामा मानवशरीरमा रहन्छ र असल योगीहरूको शरीरमा योग र प्राणयामद्वारा क्रियाशील रहन्छ । यसलाई जाग्रत गर्नका लागि सम्पूर्ण जीवनशैली विचार, रहनसहन र मानसिकतामा अमूल परिवर्तनको आवश्यकता पर्दछ । सुषुम्ना जाग्रत हुनु र ध्यान गर्नु मात्र साधना, तप, वैराग्यद्वारा सम्भव छ अब साधना कपाल कालो बनाउन, मोटापा घटाउन र शारीरिक सौष्ठवको नाम पक्कै पनि होइन । सबैलाई ज्ञात हुने कुरा हो । साधनाका लागि शरीर, मन तथा शारीरिक व्याधि हटाउन सक्षम छ । यसमा यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, धारणा, ध्यान, समाधि, आठवटा भागहरू सम्मिलित गरिएका छन् । प्रारम्भिक पाँच अङ्ग र शेष तीन आन्तरिक साधनाका अङ्गहरू हुन् । यस नियममा सत्य, अहिंसा, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शौच, सन्तोष, तप, स्वाध्याय, ईश्वर प्राणिधान सम्मिलित गरिएका छन् । यम नियममा परिपक्व भइसकेपछि मात्र आसन, आहारवृत्ति र धारणा, ध्यान समाधिको उल्लेख छ । यही क्रमशः एकपछि एक सिद्ध गर्ने विधान हो । सबै योगीहरूले आजसम्म यी सबै अङ्गलाई शिरोधार्य गरेर नै अगाडि बढेका हुन् र योगको उच्चतम शिखरमा आरोहण गरेर परात्माको अन्वेषण गर्न सफल भएका हुन् । जब यम, नियम नै यति कठिन छ कि यसैको पालनामा व्यक्तिको सारा जीवन लाग्न सक्छ, तब त अरू सबै साधनाहरू सिद्ध गर्नका लागि, दृढ सङ्कल्प, अटल विश्वास, सम्पूर्ण समर्पित जीवनपद्धतिको आवश्यकता पर्ने नै छ ।

शारीरिक आसन गरेर शारीरिक आरोग्य, चिरयौवन त भेट्न सकिन्छ तर योग र ध्यान कदापि भेट्न सकिदैन । जीवनको प्रसार जति लामो किन नहोस्, योगको अभावमा लामो जीवनको अन्त पनि वृद्धावस्था, दुःख, जरा र रोगबाटै हुन्छ, समाधि लागेर हुँदैन । शारीरिक सौन्दर्यको 'आनन्द' आत्माको पूर्णताको 'आनन्द' प्रदान गर्न सक्तैन । फेरि एउटा कुरा, योगको विषयमा अत्यन्त महत्त्वपूर्ण के हो भने यसको चर्चा नभइकन योगको सर्वाधिक आवश्यक भाग विस्मृत रहिरहन्छ । यो हो योगको मानवतासंग सम्बन्ध । योग जब मानवताका लागि हुँदैन, तब यसको उपयोग सङ्कीर्ण र विकृत हुँदै जान्छ । यो मानवतासंग सम्बद्ध नभएर यसको उपलब्धि अधुरो हुन्छ । जति पनि महान् योगीहरू भएका हुन् सबैमा महान् मानवीय गुण, प्रेम, करुणा, परोपकार, साहार्द आदि गुणहरू प्रचुर मात्रामा विद्यमान थिए ।

योगमा हृदय परिवर्तन गर्ने क्षमता स्वतःसिद्ध रूपमा विकसित हुन्छ । योग र मानवता योगीहरूमा संगसंगै वास गर्ने गुणहरू हुन् । मानवतालाई उपेक्षा गरेर योगको दैवीय शिखरको आरोहण सम्भव छ । योगशक्ति मानवको चित्र लुकेर बसिरहेको अहङ्कार वृत्तिलाई नाश गर्न सबभन्दा बढी सक्षम छ । किनकि सङ्कीर्णता, ईर्ष्या, लोभ आदिद्वारा योगी बन्न असम्भव छ । प्रत्येक मानव प्रमुखतः दुईवटा वृत्तिसंग विकसित हुन्छ योग र भोग । योग ईश्वरतिर आकर्षित गर्छ, भोग संसारतिर । यो पनि सत्य हो कि कोही पनि यी दुवै वृत्तिबाट सर्वथा मुक्त हुन सक्तैन । दुवैको अन्तर उसको प्रकृति अनुसार कम वा बढी हुन्छ । आजको युगमा बाल्यकालदेखि नै योग आवश्यक शिक्षाको रूपमा सबैलाई प्राप्त होस् । यदि समाजलाई अपराध रहित, रोगरहित, भ्रष्टाचाररहित बनाउनु छ भने योग यसको प्रमुख साधनका रूपमा प्रयुक्त हुन सक्छ ।

समस्त ब्रह्माण्डमा कुनै पनि वस्तुको बेग्लै अस्तित्व र बेग्लै संरचना सम्भव छैन । प्रत्येक वस्तुको बाहिरी संरचना प्रकृतिसँग आन्तरिक बनावट शुद्ध सचेतनासँग जोडिएको हो । मानवप्राणी प्रायः आफ्नो वाह्य अभिव्यक्तिहरू इन्द्रियहरूबाट गर्दछन् । यसमा मनको अभिव्यक्ति कमै देखिन्छ । त्यसैले शरीर, मन, बुद्धि र चेतना सबैको सही प्रकटीकरण र अभिव्यक्तिका नाम पनि योग हो ।

योगदर्शन एउटा अत्यन्त प्राचीन ज्ञानको विधा हो । वास्तवमा प्राचीन ऋषीहरूको अन्तर्दृष्टिको कारण योग नै हो । योग विधा विधाका नियमहरू विश्वको घटनाक्रमका चक्रमा आधारित छ । त्यसैले आद्यनियममा आधारित सृजनाको सिद्धान्तलाई 'योगमाया' भनिन्छ । विर्कासित अवस्थामा योग देश, काल, परिस्थिति प्रत्येक परिधिलाई पार गर्दै सबैमाथि अजेय हुन पुग्दछ । यो विद्याको विषय यति गहन र नितान्त व्यक्तिगत अनुभवमा आधारित छ कि धेरै संभाषण र प्रदर्शन शिक्षार्थीलाई मूल विषयबाट टाढा लान्न सक्छ । योगविद्याको आरम्भ पतञ्जलीभन्दा पनि अगाडि नै भएको हो । याज्ञवल्क्य स्मृतिका अनुसार योगसूत्रमा चारवटा पदहरू छन्, जसको सङ्ख्या १९५ छ । पहिलो 'समाधि' पदमा समाधिको रूप, भेद र चित्रका वृत्तहरूको प्रकारबारे उल्लेख गरेको हुन्छ, तेस्रो भाग 'विभूतिपद'मा आन्तरिक साधनहरू र सिद्धिहरूको उल्लेख छ । ध्यान, धारणा र समाधि तीनैको सम्मिलित रूपको नाम 'कैवल्यपद' हो र यसका विस्तृत रूपले मुक्ति अथवा मोक्षको वर्णन भेटिन्छ । योगको सबभन्दा आवश्यक अङ्ग यही हो, न कि शारीरिक सौष्ठव अथवा चिर आरोग्य ।

यद्यपि 'योग' शब्दको सामान्य अर्थ हो कुनै वस्तुसँग जोड्नु । जब योगलाई हामी भौतिक प्राप्तिसँग संयुक्त गरिदिन्छौं तब यसको अर्थ भौतिक हुन्छ । अर्थयोग, पुत्रयोग, राजयोग, यशयोग आदि आदि वास्तविक योग कुनै पनि भौतिक उपलब्धिहरूसँग संयुक्त हुँदैनन् किनकि ईश्वर सँग एकपटक संयुक्त भइसकेपछि योग र साधक एकाकार हुन्छ । जीव र ईश्वरको योगलाई अरू कुनै पनि साधनबाट विच्छेद गर्न सक्तैन जबकि अन्य सबै प्रकारको योगायोगलाई अन्य साधनबाट विच्छेद गर्न सकिन्छ । परात्मासँग योगस्थित भइसकेपछि व्यक्ति कार्य गर्दै, खादै, सुत्दै प्रत्येक क्रिया योगावस्थामा नै गर्दछ । न जल, न वायु, न अग्नि उसलाई यो अवस्थाबाट पृथक् गर्न सक्छ । यस्तो अवस्थामा न त कुनै भाषणबाट प्राप्त हुन सक्छ न शारीरिक क्रियाबाट । यसमा प्राण र मनको आहुति परमात्मालाई दिएको हुन्छ ।

योगक्षमता प्राप्त गर्न कलालाई योगसूत्रमा कुण्डलिनीसँग जोडिएको छ । कुण्डलिनी सुप्त ब्रह्माण्डीय उर्जाको रूप हो, जुन प्रत्येक मेरुदण्डको तल भागमा सर्पाकार अवस्थामा सुसुप्त अवस्थामा निश्चय नै विद्यमान रहिरहन्छ । यसलाई जाग्रत गर्नका लागि केही विधिहरू योगविद्यामा छ, जसलाई यौगिक क्रियाहरू भनिन्छ । यसरी क्रिया र योगलाई क्रियायोग, ज्ञान र योगलाई ज्ञानयोग, भक्ति र योगलाई भक्तियोग, मानसिक र शारीरिक योगलाई राजयोग भनिन्छ । अरूअरू प्रकारका पनि अनेकौं योगहरू छन् । यथा मन्त्रयोग, लययोग, भावयोग, बिन्दुयोग, नादयोग आदि आदि । तर राजयोगलाई योगको राजा मानिएको छ । यो योग मनको चञ्चल प्रकृतिलाई रुपान्तरित र नियन्त्रित गर्ने साधना हो । वाह्य आकर्षणबाट अलग हटेर मनको मुहान आध्यात्मिकतातिर लाग्नुपर्दछ । साथै शरीर तन्त्रलाई माध्यम बनाई विभिन्न प्रक्रियाद्वारा तान्त्रिकहरूको प्रवाहलाई वशमा गरेर शरीरमाथि नियन्त्रण प्राप्त गर्ने पद्धतिको नाम 'हठयोग' हो । हठयोगका आचार्यहरूमा 'गुरु गोरखनाथ' को नाम अग्रणी स्थानमा लिन सकिन्छ । हठयोगमा धेरैजसो आसनहरू पशुहरूको शरीर स्वस्थ राख्नका लागि गरिएको सञ्चालन क्रियाबाट दिइएको छ । मत्स्येन्द्रासन, कुक्कुटासन, मण्डूकासन, गोमुखासन, अनेक यस्ता आसनहरू छन्, जो पशुपंक्षीबाट अनुसरण गरिएका हुन् । यसको उद्देश्य शरीरलाई लचकदार बनाई प्राणायाम र ध्यानका लागि तैयार पार्नु हो । प्राणायम महर्षि पतञ्जलीका अनुसार चित्तवृत्तिलाई नियन्त्रण गर्ने उपायहरू

कविता

नववर्ष २०६३

ॐ योगेन्द्र रेग्मी

शुभ होस् नववर्ष राष्ट्रभरि,
खराब कुरा सबै भागी जाऊन् पारी ।

सबजना मिली शान्ति बहाली,
सबैतिर छ्यावोस् खुसियाली ।

विधिको विधान न्यायको सार
दुःख र कष्ट सबै नै पार ।

निर्माण गर्न सब एक बानौं
यो देश हाम्रो हामीले बनाउं ।

काम गरौं मिली देशको नाउंमा
विकासको फल पुऱ्याउं गाउंमा ।

हातमा-हात, काँधमा-काँध मिलाई
सबैको एउटै बनोस् हिँडाई ।

बिर्सी छाडौं हिंजका कुरा
सबैले गरौं वाचाहरू पूरा ।

कर्तव्य सम्झी अगाडि बढौं
रोग र भोकसँग हामी लडौं ।

डाँडा र काँडाको देश हाम्रो
बनाउं देश संसारमा राम्रो ।

२०६३/१/१

कविता

लत

ॐ दामोदर पुडासैनी 'किशोर"

मानसपलका क्षण क्षणमा
कोरेर तिम्रो चित्र
एकतमासले लागिपरेको छु
एउटा बेग्लै बाटो निर्माण गर्न ।

कताकता खोल्सी र खोंचहरू
कराइरहेछन् भ्याउंकिरीहरू
बिछ्याइएका छन् असरल्ल
थाकल र घोघारुका गलैंचाहरू
आगोमा अडेस लागेर
आगोजस्तै तिमीलाई
गरिरहँछु हिउं ठानेर आह्वान ।

बदनाम छ, छलछाम छ
तिमीले टेकेका दूबोहरू
देखेको छु जरैसित सुकेको
तिम्रो मुठ्ठीमा परेका माहुरीहरू
लाखबत्तीमा होमिएका पुतलीझैं
हुबारहुबारती जलेर आगोमा
भेटेको छु नमिठो गन्ध छ्यादेको
माग र पूर्तिका अर्थशास्त्रीय सिद्धान्त रटेर
तिनै सिद्धान्त अव्यवहारिक र अधकल्चो
साबित गर्न
पटक पटक कोशिस गरेको छु

छेडखान नगरी
सुगम वा दुर्गम बाटोमा
झुम्मिएको छु
काँडाका माझको गुलाफ ठानेर
छ कहां गन्तव्य
आँधीमा उडेको पत्कर झैं
यस बेलासम्म
कुनै धुलौटो कोरिएको छैन ।

गोगबु

लघुकथा

सिङ्गो लड्डु

ॐ गोरखबहादुर सिंह

गार्डेन रेष्टुराँ, शिरिष छायाँको टेबुल, चिया-नास्तामा व्यस्त उच्चशिक्षाका सहपाठी जोडी - सञ्जय र प्रमिला ।

प्रमिलाले हाते व्यागबाट हाते रुमाल निकालिन् ।

"ल हेर हाम्रा दशैंका फोटा ।" उनले केही पहिले मात्र कलरल्याबबाट ल्याएको रुमालसँगै एल्बम प्रमोदतिर बढाउँदै भनिन् ।

उनीहरूले कुम जोरेर एल्बमका तस्वीरहरू हेर्दै गरे ।

"कस्तो लाग्यो यो मेरो सिङ्गल फोटो ?"

सञ्जयले फोटोलाई अलिक बेर निकै गौर गरेर हेर्‌यो र मनमनै निकै रमायो ।

"फोटो एकदमै राम्रो छ, यति राम्रीसंग यसरी लुकिछिपी मात्र कति हिँड्नु ? अब त लगन गाँठाको व्यवस्थातिर पनि लाग्नुपर्छ ।"

सञ्जयले चोर र बुढीआँलाको मुन्द्रिले प्याट्ट प्रमिलाको गाला पड्कायो ।

उनीहरू तस्वीर, नास्ता र बिहेको प्रस्तावमा रमाउँदै थिए ।

"तिम्रो घर त गजब रहेछ नि प्रमिला ।" प्रमिलाको एकल तस्वीरको पृष्ठभूमिमा रहेको विशाल घरलाई इङ्गित गर्‍यो सञ्जयले ।

"मेरो सहरप्रवेशको सपना बल्ल पूरा हुने भयो ।" - सञ्जय छताछुल्ल खुसीले भरिएको थियो ।

"यो घर ? यो त मामाको घर । मामाकोमा टीका लगाउन जाँदा खिचेको फोटो । हाम्रो घर त ..... ।"

ट्याप्प सञ्जयले दुवै हातले दुवै कान थुन्यो, बाक्य पूरा भएको सुन्न चाहेन । बरू ऊ एकाएक काँडा चुम्न पुगेको व्याकुल जस्तै भयो ।

'नोकरी, व्यापार, उद्योग धन्दाले त बसाउन सकेन सकेन, खै यो बक्रजालोले पनि राजधानीमा बसाउला जस्तो लागेन ।' ऊ प्रमिलालले नसुन्ने गरी भुन्भुनायो र मुखमा खाँदै गरेको नास्ताको प्लेटबाट सिङ्गै लड्डु मुखमा राख्यो ता कि लड्डु उदरस्त गरुन्जेलसम्म लगन गाँठोको प्रशङ्गले छुट्टै बाटो समाओस् ।

ॐ ॐ ॐ

गङ्गाकै रूप मानिच्छन् सारा नदनदीहरू
माया-औतार भैँ हुन्छन् मोहिनी युवतीहरू।

चिन्ता जीवनको शत्रु चिन्ता हो रोगको घर
चिन्ताविहीन सन्तोषी सुखी हुन्छ निरन्तर।

गर्छन् काम विचारेर उद्योगी उच्च निर्मल
कमिला लाम लागे भैँ यसमले बल्छ उज्यत।

जिम्मेवारी तिने मान्छे मान्दैन दुःख क्यै पनि
सूर्योदय भएकै छ भ्ररिबादलमा पनि ।

'तीतामीठा कुरा' बाट

लेख

योग र प्रयोग

ॐ रमा सिंह

धेरै दिनपछि त्यस दिन अचानक एक पारिवारिक समारोहमा एउटा परिचित दम्पतिसंग भेट भयो । दुवैजना धेरै उत्साहपूर्वक मलाई अभिनन्दन गर्दै मतिर आए । भेट्ने बित्तिकै उनीहरू मेरो बढ्दो वय, सेतो हुन लागेको कपाल, अनुहारको आकर्षणमा आएको कमीबारे चर्चा गर्न थाले । मैले भनें, "भाउजु, यो सबै हुनु स्वाभाविकै हो, बढ्दो वयसंग जब कपाल सेतो हुन्छ र अनुहारको आकर्षणमा कमी आउँछ, तब अनुभव र गरिमा पनि त प्राप्त हुन्छ ।" मेरो जवाफमा उहाँले जोडदार ढङ्गले प्रतिवाद गर्दै भन्नुभयो - "हैन भाउजु, यसको मतलब तपाईंले टेलिभिजन हेर्नुहुन्न । सधैं जवानी कायम राख्न र सधैं बिरामीबाट मुक्त रहन योग त मिडियाको कृपा घरघरमा प्राप्त भइसकेको छ । तपाईं पनि आजैदेखि योग प्रारम्भ गरिहाल्नुस्, सबै कपाल फेरि काला भइहाल्छ ।"

घर फर्केपछि त्यो दम्पतिको धारण र योगको बारेमा उहाँको विचारले मलाई धेरै आन्दोलित बनायो । के योगले वास्तवमा सबै प्रकारको रोगलाई मुक्त गराउन सक्छ ? के केश कालो बनाउन, माटोपन, मधुमेह, हृदयरोग निको पार्न र यौवन कायम राख्न योग एकमात्र उपाय हो अथवा प्रतिफल हो ? के यसबाट चिरयौवन प्राप्त हुनसक्छ ? पातञ्जली, सुश्रुत, चरक, जीवकजस्ता योगका महारथी, प्रणेताहरूले अनि योगेश्वर श्रीकृष्णले पनि चिरयौवन र शारीरिक अमरताका लागि योगलाई अवलम्बन गर्नुभएको थियो ? मैले त योगलाई आजसम्म एउटा सर्वाङ्गीण साधना, ईश्वर प्राप्तिको मार्ग र सुस्वास्थ्यको आधार सम्झेको थिएँ । यसको सुस्वास्थ्य भन्दा अरू मार्गहरू कहाँ गयो ? योगको शक्ति शारीरिक बल मात्र हो त ? यसको यथार्थशक्ति त ज्ञान र सत्य हुनुपर्‍यो । हिन्दुधर्ममा जति पनि वेदमतानुयायी पद्धतिहरू छन् सबैको लक्ष्य एउटै हो पूर्णताको प्राप्ति र आत्मालाई चिन्नु ।

आजको आधुनिक युगमा "योग" पश्चिमका लागि पनि जति आकर्षक शब्द अथवा शारीरिक सुन्दरता प्राप्त गर्न एउटा विधाको रूपमा प्रयोग हुन्छ, ठ्याक्क त्यस्तै पूर्वमा पनि जहाँ योगको उद्गम स्थल हो, योग शारीरिक सुन्दरता र आरोग्यमा मात्र आबद्ध छ । आज यो न त कुनै समाजका लागि परिचित छ न गूढ । सञ्चारको अनेकानेक माध्यमद्वारा योगको सन्देश पश्चिमी कलाकारहरूले जसरी योगको अधिकांश मार्ग छोडेर एकमात्र शारीरिक पक्षलाई बुझेका छन्, हामीलाई पनि उसको सर्वाङ्गीण अर्थ नबुझ्नु लज्जाको विषय हो । यस शब्दको समग्र भाषा बुझ्नु अहिलेसम्म पनि सर्वसाधारणका लागि कठिन र दुर्गम हो । यो आज पनि इन्द्रियगम्य अवस्थामा नै हो । तर योगको अर्थ दीर्घायु प्राप्ति, चिरयौवन र सुदर्शन शरीरसम्म सीमित निश्चय नै छैन । कहिले काहिँ योगमा वर्णित सिद्धिहरू यसलाई जादू वा कुनै गुह्यविद्यासंग जोडेर हेर्छन् तर यो कुनै करिश्मा वा चमत्कारसंग आबद्ध छैन ।

शाब्दिक भाषामा योगको अर्थ हो जोड्नु, सङ्गठित हुनु वा एक हुनु । 'योग' शब्द 'युज' धातुबाट बनेको हो । जसको अर्थ प्रयत्न अथवा यस्तो क्रिया हो, यस्तो अभ्यास हो जसको माध्यमबाट चित्त र इन्द्रियलाई वशमा गरिन्छ ।

जीवनजीले र मैले 'चालिसौं शताब्दी' मा कुलचन्द्र कोइरालाको भूमिका राख्ने सल्लाह गरेका थियौं र उहांले पनि स्वीकृति दिइसक्नुभएको थियो । तर त्यसैबेला उहां दमको व्यथाले थलिनुभयो । उहांलाई उपन्यासको पाण्डुलिपि सुनाउन मात्र मैले पाएं । उहां त्यसबेला राम्ररी बोल्न पनि नसक्ने अवस्थामा हुनुहुन्थ्यो, तत्र त उहांले बोल्ने मैले खेल्ने गर्न पनि खोजिएको थियो । तर त्यसो गर्न सम्भवै भएन । त्यसपछि मेरा बुबाले शुभकामना लेखेको इतिहासको पहिलो अभिलेख यही हो' भन्ने चर्चा पनि चल्यो । त्यसपछि त यसको सिको अरूले समेत गर्न थालिहाले ।

मेरो व्यक्तिगत सम्पर्कमा रहेका साहित्यकारहरूसहित झन्डै अढाई सयजना व्यक्तिलाई मैले 'चालिसौं शताब्दी' का पात्रहरू बनाएको थिएं, त्यो पनि वास्तविक नाउं दिएर । त्यही कारणले पनि मेरो उपन्यासले धेरै चर्चा पायो । विषयवस्तु तथा आफू र आफ्नो परिवार नै पात्र बनाएको हुंदा पनि त्यो उपन्यास नौलो ठहरियो । धर्मानन्द अधिकारीले 'महानगर' मा टिप्पणी गर्दा महत्वाकाङ्क्षाको पूर्ति गर्न खोजेको टिप्पणी ममाथि गर्नुभयो । 'मधुपर्क' मा कपिल घिमिरेले रोचकताको हिसाबले त्यसको प्रशंसा गर्नुभयो । शिवप्रसाद सत्याल 'पीठ' ले त 'गरिमा' मा मलाई निकै उचाल्नुभयो, मलाई नै लाज लाग्ने गरी । 'गतिविधि साप्ताहिक' मा परशु प्रधानले, 'कान्तिपुर दैनिक' मा श्रीविक्रम राणाले, अन्य [illegible] पात्रकाहरूमा तुलसी गिरी 'भावुक' आदि मित्रहरूले लेखेका राम्रा-राम्रा टिप्पणीहरू मैले पढ्न पाएं । उपन्यास राम्रै भएछ भन्ने पनि भलाई लाग्यो । त्यो उपन्यासको पांचौं परिच्छेद पहिले 'पुनर्जागरण' मा छाप्नुभयो शरच्चन्द्र वस्तीले, 'हिन्दु साप्ताहिक' मा पवन थापा 'कुन्तल' ले र रमेश तुफानको सुझावबमोजिम पुरै उपन्यास धारावाहिक रूपमा छाप्नुभयो । त्यसपछि केशव देवकोटाले 'सन्ध्याकलीन'मा त्यही उपन्यास छाप्नुभयो धारावाहिक रूपमा । नेपाली साहित्यमा मेरो उपन्यासले 'साइन्स फिक्सन' को मार्गलाई फराकिलो पारिदिएछ ।

'चालिसौं शताब्दी' को पांचौं परिच्छेदमा नक्षत्रयुद्धको वर्णन छ । त्यस परिच्छेदमा मैले रश्मि मञ्जुश्री र रोशन मञ्जुश्री नाउंका दुई पात्रको असाधारण चमत्कार देखाएको छु । मैले यो उपन्यास लेख्दा भरखर छोरी जन्मिएकी थिई, छोरो जन्मिएको थिएन । २०५० सालमा उपन्यास छापियो र छोरो पनि त्यही वर्ष जन्मियो । छोराको न्वारान गर्ने दिन मङ्गलबार परेको थियो र 'पुनर्जागरण' पनि मङ्गलबार नै निस्कन्थ्यो । न्वारान गरियो । छोराको नाउं रोशन राखियो । न्वारान गरिसकेपछि मेरा साथमा बस्ने दिङ्गलाली भाइ गोपाल आचार्य घुम्न गए । बेलुका आउंदा उनको हातमा त्यसै दिनको 'पुनर्जागरण साप्ताहिक' थियो । मैले पल्टाएर हेर्दै- त्यो अङ्कमा उपन्यासको पांचौं परिच्छेद छापिएको थियो । कस्तो संयोग ! रोशनको न्वारानको दिनमा रोशनसमेत पात्र भएको उपन्यासबाट झिकी रोशनकै चमत्कार भएको परिच्छेद छापिएको !

अम्बिका सुवेदी (भोजपुरका ज्ञानेन्द्र कोइरालाकी श्रीमती) नाउंकी एउटी बहिनी छिन् । उनी मसंग भेट हुंदा अझै पनि ठट्टा गर्छिन्- 'उपन्यासमा आफ्नो छोराको कुरा लेखिसक्नु भएको थियो तपाईले, केही गरी भाउजूले छोरो नजन्माई छोरी जन्माइदिनुभएकी भए तपाईंलाई खिसी-टिउरी गर्ने थिएनन् मान्छेहरूले ।'

जे होस् [illegible] 'चालिसौं शताब्दी' ले अचम्मैको सफलता प्राप्त गर्‍यो । यो सफलताका निम्ति दौलतविक्रम विष्टले पनि केही श्रेय पाउनुपर्छ भन्ने मलाई लाग्छ । उहांले मसंग विज्ञान-उपन्यासको चर्चा नचलाउनुभएको भए सायद 'चालिसौं शताब्दी' को जन्म हुने नै थिएन ।

अहिले 'चालिसौं शताब्दी' लाई अंग्रेजी भाषामा अनुवाद गर्ने कार्य हुंदैछ । एकराज दाहाल त्यस कार्यमा खटिरहनु भएको छ । अङ्ग्रेजी भाषामा त्यो पुस्तक छापियो भने पुस्तकको महत्व अझ बढ्ने थियो कि ?

* * *

समीक्षा

कालीगण्डकी खण्डकाव्य - एक परिशीलन

✍ प्रा.डा.लक्ष्मीकान्त पन्थी

नेपालको मध्यभाग हिमालयदेखि दक्षिणतर्फ धवलागिरि र लुम्बिनी अञ्चलको सीमा रेखाकै रूपमा प्रवहमाना शालग्रामगभां नदी कालीगण्डकी हुन् । जसरी भागीरथी गङ्गालाई विष्णुपदी अर्थात् भगवान् विष्णुका पाउबाट उत्पन्न भएकी भन्ने पुराण प्रसिद्धि छ त्यसैगरी कालीगण्डकीलाई धवलागिरि हिमालभन्दा उत्तरतिर अवस्थित मुक्तिनाथ तीर्थभन्दा पनि उत्तरतिर रहेको दामोदर पर्वतमा बसेर तपस्या गर्दागर्दै भगवान् विष्णुका गण्डस्थल अर्थात् गालाबाट पसिनाका रूपले उत्पन्न भई दामोदर कुण्ड बनी त्यहींदेखि दक्षिणतिर बगेकी हुनाले र यिनको जल कृष्ण वर्णको देखिने हुंदा कालीगण्डकी भन्ने नामले प्रसिद्ध छन् । यो कथा विशेषगरी वाराह महापुराणमा र आंशिक रूपमा अन्य पुराणहरूमा पनि पाइन्छ । यिनले उत्तरी भागमा विशेषगरी धवलागिरि र गण्डकी अञ्चलको सीमा छुट्याएकी छन् भने दक्षिणी भागमा लुम्बिनी अञ्चल र नारायणी अञ्चलको सीमा छुट्याउने नारायणी नदी बनेर बरदै त्रिवेणीसम्म पुगेकी छन् । त्यसपछि भारतमा यिनी गण्डक नामले प्रसिद्ध नदीका रूपमा प्रवाहित छन् । विहार राज्यको राजधानी पटना नपुगदै हरिहर क्षेत्रमा यिनी भागीरथीमा मिसिन्छिन् र महानदीको रूप लिन्छिन् ।

यता नेपालको पूर्वोक्त चारै अञ्चलहरूलाई आफ्नो दाहिने र बायां तटवर्ती क्षेत्रका हिसाबले पवित्र बनाएकी छन् साथै नेपालकै गौरव बनेर प्रवाहशील छन् । यहां उल्लेख गरिएका धवलागिरि, गण्डकी, लुम्बिनी र नारायणी अञ्चलका सबै भूभागहरू गण्डकी भनौं नारायणी नदीका स्रोतक्षेत्रहरू हुनाले पवित्र भूभाग अथवा पुण्यक्षेत्र हुन् साथै माछापुच्छे हिमालदेखि पूर्ववर्ती गोसाईकुण्डसम्मका सबै क्षेत्रबाट कालीगण्डकीलगायत सातै गण्डकीहरूको उत्पत्ति भएको छ । केवल विशेषणमात्र भिन्न छन् । जस्तो कि कालीगण्डकी, सेतीगण्डकी, मादीगण्डकी, दरौंदी गण्डकी, मस्यांदी गण्डकी, बूढी गण्डकी, त्रिशूली गण्डकी, यिनै सप्त गण्डकी हुन् । विशेष गरी गोसाईकुण्डबाटै त्रिशूली गण्डकीको उत्पत्ति भएको छ र यी सातै गण्डकीहरू देवघाटमा मिसिनुभन्दा अघि एउटै नारायणी नदीका स्रोतका रूपमा रहेका छन् । त्यसैले यो सबै भूभागलाई 'गण्डकी क्षेत्र वा हरिहर क्षेत्र' भन्ने प्रचलन पनि रहेको छ किनभने कालीगण्डकी वाहेक अन्य छ ओटी गण्डकी शिवको त्रिशूलबाट उत्पन्न भएका अथवा कालीमा मिसिनुभन्दा पहिले नै त्रिशूलीका सहायक नदीका रूपमा प्रवाहशील छन्, प्रसिद्ध छन् र प्रत्यक्ष छन् । देवघाटमा त्रिशूलीलगायत छ ओटी गण्डकीहरू काली गण्डकीमा मिसिन पुग्छन् र नारायणी नदी बनेर प्रवाहित भएकी छन् ।

कालीगण्डकी खण्डकाव्य

प्रस्तुत कालीगण्डकी खण्डकाव्यले क्रमशः दामोदर हिमालमा पर्ने काली गण्डकीको उत्पत्तिदेखि लिएर, मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट, त्रिवेणी आदि कालीगण्डकीका तटप्रदेशमा रहेका प्रसिद्ध तीर्थहरूको वर्णन गरेको छ । यस दृष्टिले विचार गर्दा यो खण्डकाव्यले एकदेशीय वा कुनै ठाउंको चर्चामा मात्र केन्द्रित नभई कालीगण्डकीको सम्पूर्ण, कथा-गाथाका साथै पवित्र तीर्थहरूको

महिमालाई पनि प्रस्तुत गरेको देखिन्छ । यो काव्य २०६२ सालमा श्रीमती शोभा गौतमद्वारा प्रकाशित भएको छ ।

यसमा १५७ श्लोकहरू छन् । यी बाहेक अरू ४ श्लोक पनि कालीगण्डकीको तटवर्ती प्रसिद्ध तीर्थस्थल रुरुक्षेत्रको समीपमा रहेको, गुल्मी जिल्लावर्ती धोर्रा गाउँमा जन्मेका, हुर्केका, बढेका, पढेका र सरकारी सेवामा रही राम्रो अनुभव संगालेका युवराज शर्मा गौतमज्यू कालीगण्डकीलाई आफ्नो बाल्यजीवनदेखि नै देखेका , जानेका बुझेका व्यक्ति हुनुहुन्छ । यस काव्यको प्रणयन गर्नुभन्दा पहिले उहाँले हाम्रो नेपालका र भारतका पनि धेरै जसो तीर्थक्षेत्रहरूका बारेमा जानकारी लिएर 'तीर्थपर्यटन' भन्ने गौरवपूर्ण पुस्तक पनि प्रकाशन गर्नु भएको छ । त्यसमा कालीगण्डकी नदी र रुरुक्षेत्र आदि तीर्थहरूका बारेमा जति जानकारी दिनुभएको छ, त्यो पनि पर्याप्त नै छ, तथापि आफ्नो बाल्यजीवनदेखि नै प्रेरणाको स्रोत बनेकी कालीगण्डकीका विषयमा यो सुन्दर कवितात्मक खण्डकाव्य लेखेर उहाँले अत्युत्तम रूपमा सरस्वतीको सेवा गर्नुभएको छ र जन्मभूमिको ऋण पनि तिर्न समर्थ हुनुभएको छ ।

यस काव्यमा पाँच सर्गहरू छन् । काव्यलक्षणशास्त्रअनुसार- 'खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि च' भनिएको हुँदा- 'महाकाव्यको एकदेशीय विषयलाई प्रस्तुत गरेमा खण्डकाव्य हुन्छ' भन्ने अर्थ बुझिन्छ । यस काव्यकी नायिका प्रकृतिदेवी- 'कालीगण्डकी' नै हुन् । यहाँ यिनको उत्पत्ति, गति, महिमा र वर्तमान स्थितिलाई समेत प्रस्तुत गरिएको छ । जम्मा १५७ श्लोक भएको यस काव्यमा प्रत्येक सर्गका प्रारम्भमा १।१ गरी उपजाति छन्दका ५ श्लोक र प्रत्येक सर्गका १।१ गरी स्रग्धरा छन्दका ५ श्लोकहरू छन् भने बाँकी श्लोकहरू शार्दूल-विक्रीडित छन्दमा रहेका छन् । प्रथम सर्गमा जम्मा २८ श्लोकहरू छन् । तिनमा प्रारम्भ देखिका ११ श्लोकहरूमा दामोदर गिरिमा तपस्या गर्न बसेका भगवान् विष्णुका गालावाट कालीगण्डकीको उत्पत्ति भएको कुरा प्रस्तुत गरिएको छ । जस्तै-

काली समुद्भूत भएर आइन्
हिमालका काखमहाँ रसाइन् ।
यी विष्णुगण्डस्थलकी निशानी
पीयूष गङ्गाजलतुल्य खानी ॥" १।१।

यो प्राचीन कुरा छ, सत्य युगको त्यो आदिसंसारको
हो दामोदरशृङ्खला गिरि महान् त्यो हैमवतखण्डको ।
ती सेता हिमशैलमा तप गरी बस्थे स्वयं श्रीहरि
सारा सृष्टि बढाउनाकन भनी ध्यानी बनी बेसरी ॥१।२॥

बस्दा यी तपमा, उठेछ नभमा ज्वालाग्नि झिल्कासरि
गाला लाल दुवै भएर हरिका निस्क्यो पसीना झरी ।
आएथ्यो हरिगण्डमा भलमली उर्ली पसीना भल
बग्दा त्यै भल गण्डकी हुन गइन् पीयूषतुल्या जल ॥१।४॥

यसरी भगवान् विष्णु स्वयं तपस्या गर्न बसेको र उहाँका गालाबाट गण्डकी नदी बगेको देखेर आत्तिएका ब्रह्मादि देवताहरूले यता गोसाईंकुण्डमा आराम गरेर बसेका महादेवसँग आएर सबै कुरा बताउँछन्, अनि महादेव पनि दगुर्दै गएर भगवान् विष्णुलाई किन यसरी तपस्या गर्न वस्नु परेको हो र यसरी गालाबाट किन पसिना चुहाउनु परेको हो' भनेर प्रश्न गर्दछन् । त्यस प्रश्नको उत्तरमा विष्णुभगवान् यसो भन्नुहुन्छ-

'यो हो शुद्ध पवित्र भूमि र यहाँ प्राणीदयाले गरी
आएँ ध्यान तपादि कृत्य गर्ला भन्ने इरादा धरी ।
मौका यो तपको परेछ र ममा त्यो ताप बढ्दै गरी
यी गण्ड स्थलबाट निस्कन गयो तातो पसीना झरी ।१।७॥

यसरी भगवान् विष्णुका गालाबाट गण्डकी नदीको उत्पत्ति भएको र त्यसको कारणसमेत

प्रसङ्ग - 'चालीसौं शताब्दी' को

✍ हरि मञ्जुश्री

२०४७ सालको दशैंताका वरिष्ठ उपन्यासकार दौलतविक्रम विष्टको निवासमा पेगेको थिएँ । साहित्यिक मित्र अर्जुन विरक्ति मेरा साथमा हुनुहुन्थ्यो । दौलत दाइसँग साहित्यिक चर्चा हुँदै थियो, उहाँले भन्नुभयो- 'नेपाली साहित्यलाई विज्ञानसम्बन्धी उपन्यासको खाँचो छ । विज्ञानलाई विषयवस्तु बनाएर केही नयाँपन दिई कसैले रोमाञ्चक किसिमको उपन्यास लेखिदिने हो भने त्यसले राम्रो स्थान पाउने थियो । नेपाली साहित्यमा वैज्ञानिक उपलब्धिलाई प्रवेश गराउनु अत्यन्त आवश्यक भइसकेको छ ।'

त्यसो त वार्तामा धेरै कुराहरू भएका थिए, तर मलाई उहाँको उल्लिखित कुराले निकै छोयो । विरक्तिजीलाई पनि उहाँको कुरो ठीक लागेछ । मीनभवनस्थित उहाँको निवासबाट मैतीदेवीमा रहँदो मेरो डेरातर्फ लाग्दैगर्दा बाटोमा विरक्तिजीले मलाई भन्नुभयो- 'दौलत दाइले भनेजस्तो उपन्यास लेख्ने हिम्मत गर्नुहोस् बन्धु ! विषय नयाँ नै हुन्छ । अझ त्यसलाई अरू नयाँ-नयाँ पन पनि दिनुभयो भने त उपन्यास अझ रोचक हुन्छ र त्यसले चर्चा पनि पाउँछ ।'

मैले मनमनमा विज्ञानसम्बन्धी उपन्यास लेख्नुपर्ला भन्ने सोचेको थिएँ, तर लेख्न धक लागिरहेको थियो । त्यसैले विरक्तिजीको प्रस्तावलाई मैले अनकनाउँदै स्वीकार गरेँ । तर अरू नयाँपनचाहिं केमा दिने ? यो प्रश्नले मलाई ३-४ दिनसम्म पछ्याइरह्यो । अन्तत : मैले निश्चय गरेँ- १) विज्ञानमा हिन्दुधर्मका केही प्रसङ्गहरू राख्नेछु २) कैयौं पौराणिक कथा र उपकथाहरूलाई तथा पौराणिक घटना-विवरणहरूलाई म आफ्नो विचार तथा उपन्यासको विषयवस्तुअनुरूप प्रयोग गर्नेछु ३) पात्रपात्राहरू आफू, आफ्नो परिवार, आफ्ना नातागोता, साथीभाइ र साहित्यकारहरूलाई नै बनाउनेछु ४) विज्ञान र ग्रह-नक्षत्रहरूलाई धार्मिक आस्थासँग समायोजन गराउनेछु ५) राजनीतिक द्वन्द्व पनि देखाउनेछु ।

त्यस बेला म पत्रिकामा काम गर्थेँ । काम गर्न छोडे हातमुख जोर्न नसकिने हुनाले उपन्यास लेख्ने समय जुटाउन सकिरहेको थिइनँ । लगभग ३ महिनाजति त्यत्तिकै बितेर गयो । २०४७ सालको माघमा मेरी छोरी जन्मिई । त्यसको केही दिनपछि मेरी श्रीमती माइत गइन् । डेरामा सुत्केरी श्रीमतीको स्याहार गर्न कठिन भएकोले माइत जानबाट मैले श्रीमतीलाइ रोकिनँ । श्रीमती डेरामा नहुँदा डेरा झन् अव्यवस्थित भयो र छोरीलाई आफ्नै साथमा राखिरहन पाए हुन्थ्यो भन्ने भावनाले मलाई ससुरालीतिर डोहोऱ्यायो । म ससुरालीमा पुगेँ र झन्नै १५ दिनजति बसेँ । ससुरालीमा बस्ता कुनै काम थिएन, दिनभरि बस्नु या घुम्नु र रातभरि सुत्नु । त्यो समयलाई सदुपयोग गर्न मैले विज्ञानसम्बन्धी उपन्यास लेख्न थालेँ । लेख्न सुरु गरेको सातौं दिनमा उपन्यास सकियो । बाँकी दिनमा मैले केही कविताहरू लेखेँ । उपन्यास लेखिसकेपछि मैले त्यसलाई नाम दिएँ 'चालिसौं शताब्दी' भनेर ।

'चालिसौं शताब्दी' को प्रथम पाठक मेरै श्रीमती हुन् । घर बाहिरका प्रथम पाठकचाहिं दुईजना मित्र बन्नुभयो- जीवनचन्द्र कोइराला र नारायण गोदारे । जीवनजीले त्यसलाई सुरुमै 'पूर्वीय ज्ञान र पाश्चात्य विज्ञानको समन्वय भएको उपन्यास' भन्नुभयो भने नारायणजीले 'स्वास्नी फकाउने उपन्यास' भन्नुभयो । जीवनजीको प्रस्तावअनुसार बी.पी. अनुसन्धान तथा सेवा केन्द्रले त्यो उपन्यासको प्रकाशन गरिदियो सम्पूर्ण आर्थिक भार बेहोरेर । कलाकारमित्र अशोकमान सिंहले राम्रो आवरणचित्र तयार पारिदिनुभयो र आवरण छापिदियो मित्र पुष्करलाल श्रेष्ठको सौजन्यमा कामना प्रकाशन समूहले ।

पानी पिउँछु। मेरो साथी, इष्टमित्र, साधन जे भने पनि यही साइकल भएको छ। यो मेरो योजना मुताबिक अझै ३ वर्ष मसँगै विश्वका सडकमा दौड्दै रहनेछ। ८ वर्षको अवधिमा मैले ३ वटा साइकलको प्रयोग गरिसकेको छु। पहिलो साइकल हड्कडमा टनेल क्रस गर्दा भाँचिएको र त्यहाँ अवस्थित कालु गुरुङ्ग र साथीहरूले किनिदिएका थिए। त्यो साइकल न्युजिल्याण्डमा नेपालीहरूको सम्मान कार्यक्रममा सहभागी हुँदा पार्किङ गरिराखेको ठाउँबाटै चोरी भएको र त्यहाँको सञ्चार माध्यमबाट प्रचार भएपछि सर एडमण्ड हिलारीले किनिदिनुभएको थियो।

यात्राको क्रममा प्रत्येक दिन नयाँ ठाउँमा, नयाँ मान्छे नयाँ भाषा, नयाँ संस्कृतिसँग घुलमिलहुँदै यात्रा जारी राख्नु मेरो मुख्य उद्देश्य रहेको छ। यसरी हालसम्म मैले विश्वका ३०० भन्दा बढी पत्रपत्रिकालाई अन्तर्वार्ता दिइसकेको छु। मेरो काम भनेको यात्राका दौरानमा विद्यालय, विश्वविद्यालय र समाजमा गएर आफ्नो उद्देश्य प्रष्टाउने हो। नेपाल, नेपाली सगरमाथा र लुम्बिनी चिनाउने हो। अनि जाती, धार्मिक र आणविक युद्ध अन्त हुनुपर्छ भन्ने हो। र, विश्वमा शान्तिको ज्योति बल्नुपर्छ भन्ने हो।

मेरो एक्लो प्रयासमा विश्वमा शान्ति स्थापना हुन त सक्दैन होला। तथापि म एउटा शान्तिको संवाहक हुँ। शान्तिको पथमा विश्वका हरेक शान्तिकामी मानिस एकत्रित हुनुपर्छ। यसो भएमा विश्वमा शान्ति अवश्य आउने छ यो मेरो मान्यता हो।

आफ्नो यात्रालाई सफल बनाउन मैले जापानमा एक महिनासम्म भाँडा माझेको मलेसियामा सुंगुरको मासु बोकेको तथा अष्ट्रेलियामा एउटा रेष्टुरेण्टमा एक महिनासम्म काम गरेको र त्यहाँबाट आम्दानी भएको पैसाले आफ्नो यात्रालाई अघि बढाउन केही हदसम्म सरल भएको मेरो अनुभव छ।

मलाई सहयोग गर्ने उद्देश्यले नेपालमा 'विश्व साइकलयात्री प्रतिष्ठान, नेपाल' नामक एक संस्था गठन भएको छ। सोही प्रतिष्ठानले मेरालागि आवश्यक सामग्री संकलन गरिरहेको छ र भविष्यमा मेरा सामग्रीहरू प्रदर्शन गर्नका लागि एउटा म्युजियम बनाउने सोचमा छ।

मेरो भावी योजना के छ भने केही समयपछि अफ्रिकी महादेशबाट बाँकी ५० देशको यात्रामा लम्कने छु। ३ वर्षको अवधिमा ५० राष्ट्रको भ्रमण गर्ने छु। मेरो साइकल यात्रा सन् २००९ मा सकिने छ। ततपश्चात् सन् २०१०मा आफूले यात्रा गरेका १५० राष्ट्रका राष्ट्रिय झण्डाहरू सङ्कलन गरी सगरमाथा आरोहण गर्नेछु। उक्त झण्डाहरूलाई सगरमाथाको शिखरमा फहराउने र झण्डालाई चुचुरोमा गाडेर यात्रा विसर्जन गरिसकेपछि आफ्नो ११ वर्षे यात्राको क्रममा भोगेका तीतामीठा घटनाको यात्रा डायरी प्रकाशन गर्ने योजना रहेको छ।

⁂ ⁂ ⁂

अमूल्य जीवनै हाम्रो अमूल्य पार्नुहुन्न है
श्रीखण्ड बोट काटेर बार लाउनुहुन्न है ।
इन्साफमा अडेको छ सुख, शान्ति, समुन्नति
बिना इन्साफ कस्तो भो बुद्धका देशको गति ।

आकार मात्र हेर्दैमा मान गर्दैन विज्ञले
त्यो सानो मणिको मूल्य कहाँ थाक्छ फलामले ।
'उपदेश दिनेले नै दृष्टान्त बन्नुपर्दछ'
भनेर जसरी 'ठीक' घडीले टीक गर्दछ ।

'तीतामीठा कुरा' बाट

बुझेपछि भगवान् शिवले पनि कालीगण्डकीको महत्व र उपयोगिता बताउनु भएको कुरालाई सरल भाषामा सहजता साथ प्रस्तुत गर्नुभएको देखिन्छ। त्यसैगरी प्रथम सर्गमा १२ देखि २८ सम्मका पद्यहरूमा काली गण्डकीको उत्पत्ति भगवती गौरीका पादकमलबाट भएको भन्ने अर्को कथांश पनि प्रस्तुत छ।

जे होस्, यो प्राचीन कुरा छ, सत्य युगको त्यो आदि संसारको ..... भनेर प्राचीन संसारको कुरालाई आजको वर्तमान संसारमा प्रस्तुत गर्दै काव्य लेख्ने कवि युवराज गौतमज्यूले आजका युवावर्गले प्राचीन संसारको गौरवमय कथावस्तुलाई पढ्नुपर्ने, जान्नुपर्ने र बुझ्नुपर्ने कुरा महसुस गर्नुभएको अनुभव हुन्छ। साथै 'मातृदेवो भव, पितृदेवो भव' भन्ने पाठ पढेर शिक्षा आर्जन गरेका कवि गौतमज्यूले सर्गका आदि र अन्त्यमा भगवान् विष्णुको र गण्डकी माताको प्रार्थनापूर्वक वन्दना पनि गर्नुभएको छ। यो कविको विनम्र भावलाई पनि आजको युवा पुस्ताले हृदयङ्गम गर्न आवश्यक छ।

यस काव्यको द्वितीय सर्गमा दामोदर पर्वत शृङ्खलामा रहेका जल कुण्डहरू (जसलाई दामोदर कुण्ड भन्ने गरिन्छ) को वर्णन गरिएको छ। त्यहाँ स्नानादि धर्मकर्म गर्नाले ठूलो पूण्य मिल्ने कुराको पनि उल्लेख गरिएको छ। त्यहाँ ब्रह्मादि देवताहरू आएर यज्ञ गरेका र यस कार्यले ब्रह्मालाई सृष्टिकार्य गर्नमा सजिलो भएको कुरा पनि वर्णन गरिएको छ।

भगवान् विष्णुले यस दामोदर पर्वतलाई आफ्नो तपोभूमि रोज्नाको पनि विशेष कारण छ। सृष्टिकर्ता ब्रह्माजीलाई आफ्नो सृष्टि बढाउन सजिलो होस् भन्ने उद्देश्यले यज्ञ गर्ने स्थलको खोजी गरेछन् र त्यस्तो यज्ञयोग्य भूमि दामोदर गिरि भेट्टाएछन्। अनि त्यहाँ बसेर अग्नि र जलको आह्वानगरी विराट् यज्ञ गर्न थालेछन्। त्यो यज्ञस्थल एवं यज्ञ विधिको वर्णन यस काव्यको दोस्रो सर्गमा कवि युवराज शर्मा गौतमले यसरी गर्नुहुन्छ-

दैवी यज्ञ यहाँ विराट् हुन गयो कर्ता स्वयम् भए
दिक्पालादि दशै उपस्थित जहाँ इन्द्रादि सारा थिए।
गर्थे होम विशेष मन्त्र विधिले होता ऋषि ब्राह्मण
चारै वेद पढी सुवाचन गरी 'ओंकार' उच्चारण ॥ (२१९)

घन्की शङ्ख मृदङ्ग ताल सुरमा स्वाहा स्वधा गुञ्जन
हुन्थ्यो पुजन देवता-पितरको श्राद्ध क्रिया तर्पण।
प्राणी मात्र खुशी र भूत लहरा पर्जन्य वर्षी जल
यो यज्ञाश्रम रम्य नन्दन सरी आनन्ददायी स्थल ॥ (२१०)

यसरी कवि युवराज गौतमज्यूले सृष्टिको उपाकालदेखि नै यज्ञ गरेर अमोघशक्ति प्राप्त गर्ने परम्परा रहेको र यस्तो यज्ञकर्ता सर्वप्रथम सृष्टिकर्ता प्रजापति नै भएको देखाएर यस काव्यलाई हाम्रो सांस्कृतिक वैभवले सुसम्पन्न गराउनुभएको छ।

यसपछि मुक्तिनाथ तीर्थको वर्णन गर्ने क्रममा त्यहाँका विशाल हिम शृङ्खलाहरू, प्राकृतिक सौन्दर्य, जडीबुटी एवं वनौषधिहरू आदिको वर्णन मनोरम रूपमा गरिएको छ। जस्तै-

कुण्डै कुण्ड जतातते बरिपरि प्रख्यात यी कुण्ड हुन्
रुद्र ब्रह्म अनन्त कुण्ड सबका साझा महाकुण्ड छन्।
हेर्दा रूप समाँप्टमा हुन गयो त्यो कुण्ड दामोदर
यो भण्डार रहेछ तीर्थ जलको मुस्ताङ भन्दा पर ॥ (२१३)

यो सर्वेश्वर तीर्थको जल सुधा श्रीविष्णुपादोदक
यो हो पावन कुण्ड पूर्ण जलको भण्डार सत्यादक।
श्रीदामोदर कृष्णको प्रियथली उत्कृष्ट तीर्थस्थल
गर्दा स्नान यहाँ पर गति भई पाइन्छ देवस्थल ॥ (२१६)

उक्त कवितामा मुक्तिक्षेत्रको प्रकृति वर्णनका साथसाथै प्रातः कालीन सूर्यले पृथ्वीका शिरमा सिन्दूर छरेर विवाहोत्सव मनाएको चारुचित्रको उत्प्रेक्षा अत्यन्त सुन्दर एवं उत्कृष्ट किसिमको छ। यहाँ अति सूक्ष्मरूपले भक्ति रसका साथ शृङ्गार रसको पनि सुमधुर सन्निवेश भएको छ। यही त हो - कविताको माधुर्य।

मुक्तिक्षेत्रभन्दा उत्तरतिरका हिमशृंखलाहरूको वर्णन गर्दा कवि गौतमजीले त्यहाँको सौन्दर्य एवं महत्वलाई प्रस्तुत गर्नुका

साथै अहिलेको डरलाग्दो परिस्थितिमा नेपाल देशको सुरक्षाको व्यवस्था पनि बताउनु हुन्छ- चाँदीका पखाल बनएर । जस्तै-

"चाँदीका परखालझैं चहकिला सेताम्य चारैतिर
छन् दामोदर शृङ्खला गिरि, उता नीलाद्रिका छन् शिर ।
मध्ये ताहिं रहेर मुक्ति गिरिमा यो क्षेत्र मुक्तिस्थल
पानी भुल्भुल् बीच दन्दनबली ज्योति त्यहां झल्मल ॥ (२।२३)

यस काव्यको तृतीय सर्गमा शालिग्राम शिलाको वर्णनसहित उत्पत्तिको कथा छ । वास्तवमा यो कालीगण्डकीको शिरदेखि मुक्तिनाथसम्म तथा यसका किनारमा र गर्भमा समेत शालिग्राम (चक्रशिला) हरूको वास हुन्छ । खोज्दै जांदा देवघाटसम्म पनि शालिग्राम भेट्टाउन सकिन्छ । कालीगण्डकीमा बाहेक अन्यत्र संसारभर कतै पनि शालिग्राम पाइन्नन् । जहां छन् ती पनि कालीगण्डकीबाटै लगिएका हुन् । यो पुराणप्रसिद्ध प्रत्यक्ष इतिहास हो । कालीगण्डकीको वैभव एवं महत्व भनेकै शालिग्राम शिला हुन् । जुन ठाउंमा कालीगण्डकीको नामको अस्तित्व हराउंछ । त्यसपछि शालिग्राम शिला पनि भेट्टिदैनन् । दामोदर कुण्डमा शालिग्राम शिलाको पैठो नै चल्छ । चक्रशिला अथवा हिरण्यगर्भ पनि शालिग्रामशिला नै हुन् । विष्णु, शिव आदि देवताहरू शालिग्राम बनेर गण्डकीमा बस्दछन् । यही कुराको वर्णन कवि गौतमजीका कवितामा हेर्नौं-

"हे गङ्गे ! कसरी तिमी भन यहां कुंदछ्यौ शिला पत्थर
शालिग्राम विचित्र रूप रडका देख्दा बडो सुन्दर ।
सांना वर्तुल छन् कुनै अलि ठुला आवर्त रेखा जति
हुन् यी पुण्यशिला विभिन्न तहमा काला र चिल्ला कति ॥३।३॥

कालीका तट मात्र यो जल शिला अन्यत्र पाइन्न रे ।
गंगा वा यमुनादिका जल कतै यो हुन्न भेटिन्न रे ।
तस्मात् विष्णुशिला विचित्र छ कला श्रीगण्डकी उद्भव
हुन् यी ब्रह्म परं स्वरूप महिमा पुज्दा दिने वैभव ॥३।४॥

कवि गौतमजीका उक्त कविताहरूका आशयलाई कवि शिरोमणि लेखनाथले आफ्नो नैतिक दृष्टान्त कवितामा पनि **"योग्यस्थान विषे मान सानाले पनि पाउँछ । कृष्णाका तटको दुङ्गो देवता कहलाउँछ ।"** भनेर उहिल्यै पुष्टि गरेको देखिन्छ ।

यसरी पवित्र शालिग्राम शिलाको वर्णन गरेपछि कवि गौतमजी कालीगण्डकीका तटवर्ती क्षेत्रहरूको वर्णन गर्दै त्यहां मुस्ताङ, गुम्बा, वेणी, कार्यालय, कृषिफर्म आदि प्रकृति सुन्दर स्थलहरूको वर्णन गर्दै बाग्लुङ, गलेश्वर , एवं रुद्रवेणी र पुलहाश्रमसम्म आउनु भएको छ । यसपछि कालीगण्डकीमा बांध बांधेर बिजुली निकालेको र त्यसबाट बिजुली झलमल्ल भएको वर्णन गरेर प्राचीन कथाका साथमा आधुनिक विकासको कथालाई पनि जोड्दै तेस्रो सर्ग समाप्त गरिएको छ ।

यसबाट कालीगण्डकी खण्डकाव्यमा कवि गौतम ज्यूले अध्यात्मवाद र भौतिकवादलाई एकै सर्गमा जोडेर आफू समन्वयवादी भएको कुरा पनि ध्वन्यात्मक रूपबाट सङ्केत गर्नुभएको छ ।

यस काव्यको चतुर्थ सर्गमा कालीगण्डकीको तटवर्ती रुरुक्षेत्र तीर्थको उत्पत्तिको कथा वर्णन गरिएको छ । यस कथाले पूर्वोक्त अन्य कविहरूका काव्यहरूमा पनि विशेष ठाउं पाएको छ ।

कथाअनुसार भृग्वंशी एक देवदत्त नाम भएका मुनिले यही रिडी क्षेत्रमा आएर तपस्या गर्न बस्छन् । उनको तपस्याबाट डराएका इन्द्रले तपस्या भङ्ग गराउनका लागि मलयपवन, वसन्तऋतु र गन्धर्वहरूका साथ प्रम्लोचा अप्सरालाई त्यहां पठाउंछन् । उनको हावभाव र कटाक्षमा आकर्षित भएका देवदत्त मुनिले प्रम्लोचाबाट एक बालिका जन्मिएपछि आफ्नो तपोभङ्ग भएको र गृहस्थ जीवन चलेको होस पाउंछन् अनि प्रम्लोचालाई र बालिकालाई त्याग गरेर कालीगण्डकीका पूर्वपट्टिको भृगुतुङ्गेश्वर नामको गुफामा पुगी त्यहीं बसेर शिवजीको तपस्यामा संलग्न हुन्छन् । पछि

निद्रा नलागेको रात, कहिले पानीको भरमा दिनभर साइकल कुंदाएको र कहिले पिज्जा नरुचेको पल अनि आफूसंग भएको सामल निखंदा र बस्ती नभेटाउंदा चाइनाको जङ्गलमा बसबाट यात्रुहरूले फालेको सुन्तलाको बोक्रा खाएर भोक मेटाएको क्षण, त्यस्तै क्युबामा अमेरिकी भिसाकार्ड नचल्दा आफूले लगाएको ज्याकेट, औंठी, चस्मा घडी बेचेर छाक टार्नुपरेको समय साथै क्युबामा नै दुई दिनसम्म उंखुको रस चुसेको भरमा साइकल दौडाएको पललगायत विदेश स्थित नेपाली दूतावासले गरेको व्यवहार मेरा दुःखद तथा तीता क्षण हुन् ।

यात्राको पहिलो राष्ट्र भारतमा पुग्दा नेपाली दूतावासको कन्सुलरलाई दुई छाक खान र एक रात सुत्नका लागि आग्रह गर्दा 'तपाईंजस्ता नेपाली साइकलमा दुई लाख आउंछन्, यहां यसबारेमा आसै नगर्नुहोला' भन्ने जवाफ पाएको, चीनको नेपाली दूतावासमा पाहुनाघर खाली हुंदाहुंदै पनि गाडी राख्ने ग्यारेजमा सुताएको, जापानमा नेपाली दूतावासले साइकलमा राख्न उपलब्ध गराएको झण्डा ७ ठाउंमा फोन गरेर मागेको, अनि बंगलादेशमा रहेको नेपाली दूतावासमा सुतेको चार्ज २०० टाका तिरेको अनुभव मसंग छ। बारबाडासमा लुटिनुपरेको क्षण पनि मेरो यात्राको कहालीलाग्दो क्षणको हो । त्यहां क्याम्पिङ्ग गरेर टेन्टमा सुतिरहेको बेला रातमा एउटा दुर्व्यसनी आएर चुरोट गांजा माग्यो, मैले छैन भनें । उसले पैसा माग्यो, खुद्रा छैन साटेर दिन्छु भनें । उसले कति छ २०/२५ डलर, म तेरो फिर्ता गर्छु भन्यो । म कपडा लगाएर निस्कन लागेको मात्र के थिएं, उसले एक फिट लामो छुरी निकालेर ममाथि प्रहार गऱ्यो । त्यो छुरी मैले च्याप्पै समातें । उसले छुरी फुत्काउन निकै कोशिस गऱ्यो मैले छोडिनं । मेरो हात काटियो । उसले मबाट छुरी फुत्काउने प्रयास गर्दा दुवै लडीबुडी खेल्यौं । त्यसले गर्दा टेन्ट सबै प्वाल पऱ्यो उसले मलाई लात्तीले धेरै चोटी प्रहार गऱ्यो । अन्त्यमा उसले मलाई मेरो पैसा भएको वालेट देखेछ । लिएर भग्यो । म उसको पछिपछि दौडें तर भेटाउन सकिनं । ऊ अंध्यारोमा विलीन भयो । यदि त्यो रात मैले छुरी च्याप्प नसमातेर छल्ने प्रयास गरेको भए मेरो मृत्यु त्यहीं नै हुन्थ्यो होला । मेक्सिकोमा अपहरण हुनुपरेको क्षण र अफ्रिकी मुलुकमा कालाजातिहरूबाट पाइलापाइलामा ठगिनु परेको क्षण पनि यात्राका तीता क्षणहरू हुन् ।

साइकलको माध्यमद्वारा विश्वपरिधिलाई परिक्रमा गर्ने क्रममा मेरा दुःखद क्षण मात्रै नभएर सुखद क्षणहरू पनि आए । यात्राको सबैभन्दा सुखद क्षण न्युजिल्याण्डमा आफ्नो सपनाको हिरो प्रथम सगरमाथा आरोही सर एडमण्ड हिलारीसंग भेट भएको क्षण हो । त्यस्तै धेरै क्षण छन् जसलाई सविस्तार वर्णन गर्न निकै समय खर्चनुपर्छ। जापानमा प्रथम सगरमाथा आरोही महिला जुन्को तावेइ, बेल्जियमका प्रधानमन्त्री, इण्ट टिमोरमा युएनका रिप्रिजेन्टेटिभ, विभिन्न देशका नगर प्रमुखहरूसंग भेट गर्नपाएको सुखद क्षण हो ।

विश्व साइकलयात्रीको साहसलाई कदर गर्दै भिन्न ५ देशका केटीहरूबाट विवाहको प्रस्ताव आएको र त्यस प्रस्तावलाई रोचक क्षणको रूपमा लिएको छु। मेरो सोच भनेको कुनै देशमा जाउंला, विवाह गरौंला, साइकल फालौंला, अनि उतै बसौंला भनेर साइकल यात्रा गरेको होइन । यदि विवाह नै गर्ने हो भने मसंगै यात्रारत रहनुपर्छ भनिदिन्थें । उनीहरू हच्किएर बस्थे र बांकी वर्ष कुनै जानकारी दिन्थे । यात्राका क्षणहरूमा विदेशमा रहेका केही नेपालीलाई छाडेर प्रायः सबै नेपालीबाट सहयोग पाएको र उनीहरूबाट सम्मानीत हुन पाउंदा गौरव लागेको मेरो अनुभव छ ।

औसतमा मैले हरेक दिन १० घण्टा साइकल चलाउने छु र यस अवधिमा १०० कि.मि. यात्रा पार गर्छु । त्यस बीचमा ६ देखि ८ लिटर

यात्रा संस्मरण

एकसय देशको साइकलयात्रा र आगामी सङ्कल्प

ॐ पुष्कर शाह

(विश्व साइकलयात्री)

आँट, साहस र दृढ सङ्कल्प भयो भने मान्छेले तयार गरेको योजनामा सफलता प्राप्त गर्न सकिन्छ भन्ने मेरो विश्वास छ ।

मैले आफ्नो जीवनका स्वर्णिम क्षणमा ११ वर्षे लामो साइकल यात्रा गरी विश्वका विभिन्न १५० मुलुकमा शान्तिको सन्देश छर्ने र विश्वबन्धुत्व कायम गर्ने अनि नेपाल चिनाउने आँट लिएर अगाडि बढेको छु । यात्राको यस अभियानलाई सार्थक रूप दिनका लागि मैले वि.सं.२०५५ सालमा आफ्नो गृहजिल्ला दोलखाबाट यात्रा सुरु गरेको हुँ । त्यस बखत 'विश्वविजेता बनेस्' भन्ने आमाको आशीर्वाद र बाटो खर्च स्वरूप दिनुभएको रु.१००/- लिएर गन्तव्यतर्फ लम्केको हुँ । मलाई उनीहरूले त्यसबेला पागलको उपमा दिए । उनीहरूले जे भने मैले सुनें तर आफ्नो यात्राबाट अहिलेको दिनसम्म विचलित भइनँ । साथीभाइले यतिसम्म भने कि २०४६ सालको जनआन्दोलनमा पुलिसको हिरासतमा रहँदा टाउकोमा कुटाइ पाएको यातनाले गर्दा पुष्कर बहुलायो । तर मैले ती सारा कुराको पर्वाह नगरी यात्रामा दौडिरहें शान्तिको सन्देश बाँडिरहें ।

दोलखा जिल्लाको पिछडिएको गाउँमा जन्मिएर हुर्केको मैले शान्तियात्राको ८ वर्षको दौरानमा साइकलबाट १०० राष्ट्रको भ्रमण सफलताका साथ पूरा गरी १ लाख ४५ हजार किलोमिटरको दूरी पार गरिसकेको छु । यात्राको दौरानमा मैले विश्वका छ वटै महादेशका विभिन्न मुलुकको सफल भ्रमण गरिकेको छु । जसमा एसियाका २० वटा, उत्तर अमेरिकी रष्ट्रका ९ वटा, अमेरिकी मध्य अमेरिकी र क्यारेबियन गरी २६ वटा, युरोपका १६ वटा, अफ्रिकी महादेशका २४ लगायत अष्ट्रेलिया, न्युजिल्याण्ड, फिजी, टोंगो र पश्चिम समोआ छन् ।

'जिन्दगी यात्रा हो, यात्रा थाहा छैन कहाँ पुगिन्छ अनवरत हिँडिरहे त के भरोसा मोडिए फेरि भेटिन्छ ।' यसरी जिन्दगीलाई यात्रासँग तुलना गर्छु मैले । मेरो यात्रा निरन्तर मागेरै चलिरहेको छ । जहाँ जान्छु शान्तिको सन्देश लिएर जान्छु । बुझ्नेहरूले मेरो कार्य र लगनशीलतालाई प्रभावित भएर सहयोग गर्छन् । उनीहरूकै सहयोगमा यात्रा जारी छ । दाताहरूले दिएको सहयोगले नपुगेमा केही समय निकालेर म काम पनि गर्छु तर त्यो कार्यबाट भएको आम्दानी म धनी बन्नका लागि नभई मेरो यात्रालाई केही सुलभ र सरल बनाउनका लागि हुन्छ । यात्राको दौरानमा हिजो आमाले दिनुभएको रु.१०० जस्ताको तस्तै छ । ८ वर्षको अवधिमा रु.८० लाख खर्च गरिएछ र भोलिको आफ्नो यात्राको लागि जगेडा बाटोखर्च मसँग छैन । जहाँ पुग्छु आफ्नो सन्देश सुनाउँछु बुझ्नेहरूले सहयोग गर्छन् र त्यहींबाट यात्रालाई अगाडि बढाउँछु ।

८ वर्षको यात्रा क्रममा मसँग धेरै तीतामीठा अनुभवको चाङ छ । कहिले फुटपाथमा मस्तसँग निदाएको र कहिले पाँचतारे होटलमा

तपस्यावाट प्रसन्न भएका शिवजीले उनलाई यथेष्ट वरदान दिन्छन् । यता प्रम्लोचा पनि देवदत्त मुनिको तपोभङ्ग गर्न सफल भएपछि बालिकालाई त्यहीं छोडेर आफ्नो बाटो लाग्छिन् । अनाथिनी बालिकालाई 'रुरु' नामका मृगहरूले आफ्नो दूध चुसाएर लालनपालन गर्दछन् । त्यसैले यी बालिकाको नाम पनि रुरु रहन्छ । पछि उमेर पुगेपछि ती रुरु नामकी बालिका भोगेच्छापट्टि नलागी गण्डकीका जलमा नित्य स्नान गरी भगवान् विष्णुको तपस्यामा संलग्न हुन्छिन् । आफ्नो तपोबलले भगवान् विष्णुलाई प्रसन्न पारेकी 'रुरु' कन्याले उहाँलाई शंखचक्र गदापद्मसहित यस क्षेत्रमा विराजमान भई रहन प्रार्थना गर्छिन् । विष्णु भगवान्ले रुरु कन्याको इच्छानुसार आफू त्यहाँ विराजमान भई वस्ने र यो क्षेत्र पनि रुरु कन्याको नामबाट प्रसिद्ध भइरहने आशीर्वाद दिएर अन्तर्ध्यान हुनुहुन्छ । त्यसपछि रुरु कन्याले विष्णुको स्तुति गर्छिन् ।

यता कालान्तरमा कालीगण्डकीमा स्नान गर्न पुगेका पाल्पाली राजा मुकुन्द सेनले नदीमा हृषीकेश भगवान्को दर्शन पाउँछन् र मूर्ति बाहिर निकालेर रुरु क्षेत्रमा स्थापना गर्दछन् । यही कथालाई सुन्दर कवितात्मक रूपमा कवि युवराज शर्माजीले चतुर्थ सर्गमा प्रस्तुत गर्नुभएको छ साथै आफूले त्यहाँ बाल्यजीवनमा अनुभव गरेका सस्मरण सहित त्यहाँको परिवेश एवं २०१८ सालमा कालीगण्डकीको बाढीले रिडी बजारमा पुऱ्याएको क्षतिको पनि सम्झना गरेर त्यहाँ एकादशी तथा माघे सङ्क्रान्ति पर्वमा रमाइलो मेला लाग्ने गरेको वर्णन पनि गर्नुभएको छ । जस्तै-

"लामो तपस्या रुरुले गरेर
श्री विष्णु सन्तुष्ट जहाँ भएर ।
गर्भस्थ कालीजलमा लुकेका
शौता हृषीकेश यिनै भएका ॥४१॥

नामी ती ऋषि देवदत अधिका विद्वान् बडा साहसी
गर्थे श्रीहरिको सदा तप यिनी काली किनारा बसी
हुन्थ्यो धेर कठोर नित्य तपले धर्ती यहा कम्पन
राजा स्वर्ग समेतमा डर भई गर्थे बडा चिन्तन ॥४२॥

कालीका तटमा रही रुरु सदा हुन्थिन् तपस्या रत
खान्थिन् शुष्क तृणादि पात र जरा ध्यानी बनी पूर्णत ।
चिम्मी लोचन नित्य चिन्मय पर तत्व महाभाग्यरम्
जप्तै काल बिताउथिन् हरघडी भज्दै परेश हरिम् ॥४३॥

सयवर्षसम्म भगवान् विष्णुको तपस्या गर्दा सबै इन्द्रियहरू शिथिल भैसकेकी 'रुरु' कन्याका गालामा छोएर भगवान् विष्णुले उनका सबै इन्द्रियहरूलाई जाग्रत गराउनु भएकोले 'रुरु' कन्याले 'हृषीकेश' भगवान्को त्यस ठाउँमा अवस्थितिको अनुरोध गरेका कारण खुलाउँदै कवि गौतम लेख्नुहुन्छ-

नित्य स्नान छ गण्डकी जल डुबी हृदम् रही निर्मल
गर्थिन् आश्रिरमा कडा तप यहा सम्मन् तथाई बल
मूढा भै हुनगो शरीर यिनको वर्षै बितेछन् सय
कन्याका जति इन्द्रियादि पनि छन् सारा भए निष्क्रिय ॥४९॥

यसैगरी २०१८ सालको वर्षा ऋतुमा रिसाएर आफ्नो उग्ररूप देखाएको गण्डकीलाई कवि युवराज शर्मा गौतम यसरी प्रार्थना गर्दै प्रसन्न पार्नुहुन्छ-

"गर्इ रूप नहोस् प्रचण्ड कहिले हाम्रो यही प्रार्थना
बिन्ती यो छ, रहू प्रसन्न जननी ! तिम्रो सधैं सम्झना ।
गर्छौं स्नान र पूजनादि जलमा हे कालि ! हे गण्डकी !
तिम्रै काखमहाँ समर्पण सदा हाम्रो छ यो जिन्दगी ॥४२७॥

यस्तो प्रार्थना गरेपछि बाल्यजीवनमा आफू कालीगण्डकीमा आई पौडी खेल्दै नुहाएको, खेलेको, दौडेको इत्यादि संस्मरणपूर्वक रिडी बजारमा लाग्ने ठूली एकादशी र माघे संक्रान्तिमा लाग्ने मेलाको गहकिलो सम्झना साथ रामदीघाट एवं रामपुर भन्ने ठाउँमा उहिलेका राजा राम र रानी जानकी आएर बास बसेको सम्झँदै सर्गको अन्त्यमा सुन्धरा छन्दमा गण्डकीको स्तुति गर्दै चौथो सर्ग समापन गरिएको छ ।

यस काव्यको पाँचौं सर्ग कालीगण्डकीको पुछार भनौं देवघाटदेखि त्रिवेणीसम्म केन्द्रित छ । जब देवघाट क्षेत्रमा त्रिशूली सहितका अन्य छ ओटी गण्डकी आएर कालीमा मिसिन्छन् अनि सप्त गण्डकीहरूको एउटै रूप नारायणी नाम चल्दछ । देवघाट जो हरिहर क्षेत्र हो र यसको नाम पनि देवाटः हो भनेर माथि पनि चर्चा गरिएको छ । यस क्षेत्रलाई काव्यमा विशेष महत्वका साथ प्रस्तुत गरिइएको छ र त्यहाँ भएका मन्दिर, तपस्थली, आश्रम, गुफा एवं पाठशाला र विद्याथीहरू बस्ने छात्रावास आदिको उल्लेखपूर्वक यस्तो पवित्र गुफाहरू भएका ठाउँमा पहिले पनि ऋषि वृन्दले धर्मशास्त्र एवं पुराणादि ग्रन्थ लेखेका थिए भन्ने कुराको सम्झना गरिएको छ ।

अर्वाचीन समयमा पाल्पाली राजा मुकुन्द सेन पनि यहाँ आएर तपस्या गरी बसेका, शालीग्राम शिला जसलाई ओङ्गारेश्वर अथवा शिवशिला भन्ने नाम दिइएको छ तिनको पूजा गरेकाले यो देवघाट तीर्थ काशी र प्रयाग तीर्थसरि महत्वशाली एवं दिव्य धाम छ भन्दै क्रमशः वाल्मीकि आश्रम र त्रिवेणी धामका विशिष्ट स्थलहरूको पनि वर्णन गरेर यो काव्यको समाप्ति गरिएको छ । केही नमूना हामी पनि हेर्रौं-

"ठूला नदी संगम देवघाट
नारायणी पुण्य नदी र घाट ।
ओंकार देवेश शिला तमाम
प्रयाग काशीसरि दिव्य धाम ॥५।१॥

कालीका जलसाथ सङ्गम हुने गङ्गा त्रिशूली भइन्
यी गगा दुइको यहाँ मिलनले नारायणी बन्दछिन् ।
गगामा यमुना मिलेसरि हुदा यो तीर्थ पुण्यस्थल
शौता तेंतिस कोटिको प्रियबली हो देवघाट स्थल ॥५।२॥

त्यसैगरी यही नारायणी नदीको त्रिवेणीमा पहिले कुनै बेला इन्द्रद्युम्न नाम गरेका राजा गजेन्द्र भएका र हुहु नामका गन्धर्व गोही भएर रहँदा त्यहाँ गजेन्द्रलाई गोहीले समातेको कथा बताउँदै भगवान् विष्णुलाई सम्झना साथ उहाँले गजेन्द्र र गोही दुबैलाई मोक्ष दिएको प्रसङ्ग पनि यहाँ विशेष उल्लेखनीय छ । जस्तै-

यो हो धाम पवित्र सगम नदी मिल्ने त्रिवेणी स्थल
त्यस्तै तीर्थ 'गजेन्द्र मोक्ष' हुनगो चौताहरूको स्थल ।
यज्ञ स्नान जपादि कृत्य गरिने उत्कृष्ट पुण्यस्थल
बस्ने इश गजेन्द्र मोक्ष हरि नै बैकुण्ठ जस्तै स्थल ॥५।२२॥

यस्ता सुन्दर कविताहरूका साथ यो पाँचौं सर्गको अन्तिममा उपसंहार गर्नुहुन्छ कवि युवराज शर्मा गौतमज्यू- अरू पाँच श्लोक कविताहरू थपेर । ती पाँच श्लोक अझ विशेष महत्वपूर्ण छन् किनभने तिनले हाम्रो धर्म संस्कृति सभ्यता र आर्ष परम्पराको वैभव बताएका छन् ।

यी उपसंहारमा प्रस्तुत पाँच श्लोकहरूले यो कालीगण्डकी काव्य लेख्नाको उद्देश्य एवं लेखकको आफ्नो आशयसमेत बताउँछन्, साथै यी सबै कालीगण्डकीका महिमा, वैभव, गौरव अथवा वैशिष्ट्यहरू सबै स्कन्द पुराण एवं वराहपुराण आदि शास्त्रहरूमा वर्णित छन्, तिनैलाई जम्मा गरेर प्रस्तुत गरिएको हो भन्ने विनम्रता प्रदर्शन गर्दै गण्डकीको स्तुति गरेर काव्य समापन भएको छ । यसरी-

"हाम्रो देश महान् सती र शिवको यो विश्वके मस्तक
सीता शील र बुद्ध-शान्ति, समता आदर्शका द्योतक ।
सारा धर्ति भई सुगन्धित नर्या आस्ना सुसञ्चारित
गर्दै राष्ट्र हुंदो छ सुन्दर हरा श्रीगण्डकी सिञ्चित ॥५।२४॥

गगा सस्कृति गण्डकी-प्रकृतिको प्राचीन हो सभ्यता
लेकाली जलवायु रम्य गिरि छन् शालीनता, भव्यता ।
कालीफांट जमीन उर्वर यिनै पाखा पखेरा भरी
बह्यो आर्य परम्परा बगरमा यै लेक-बेसी गरी ॥५।२५॥

निष्कर्ष

गण्डकी कविता एवं काव्यहरूको सापेक्षतामा विचार गर्दा श्री युवराज शर्मा गौतमज्यूको कालीगण्डकी खण्डकाव्य प्रकृतिरमणी कालीगण्डकीरूपिणी मातृशक्तिप्रतिको समर्पणमय

लक्ष्मीजयन्ती शीर्षकमा नेपाली साहित्य विकास परिषद् (१९९५ सन्)को दशौं वार्षिकोत्सवमा भएका गतिविधिसमेत यस ग्रन्थमा समेटिएका छन् । थेम्स नदीको वागमती नदीलाई [illegible] र सान्दर्भिक छ ।

बेलायतका प्रसिद्ध स्थलहरू, त्यहाँका सङ्ग्रहालय, चिडियाखाना राष्ट्रिय कलाशाला, थेम्स नदी, पुस्तकालय विश्वविद्यालय आदिबारे नियात्राकारले बढी ऐतिहासिक जानकारी र त्यसका प्रमुख विशेषताहरूबारे आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् । स्कटल्याण्डको राजधानी एडिनवर्ग, त्यहाँका सङ्ग्रहालय, चिडियाखाना राष्ट्रिय कलाशाला, थेम्स नदी, पुस्तकालय, विश्वविद्यालय आदिबारे नियात्राकारले बढीभन्दा बढी ऐतिहासिक जानकारी र त्यसका प्रमुख विशेषताहरूबारे आकर्षक ढङ्गले प्रस्तुत गरेका छन् ।

स्कटल्याण्डको राजधानी एडिनवर्ग, त्यहाँको प्राकृतिक दृश्य, एडिनवर्ग दरबार, स्मार कहरू लगायतका पर्यटकीय महत्वका स्थलहरूको वर्णनले निश्चय नै पाठकको मन कुतुहलित्याउँछ । थेम्स नदीमाथि निर्मित टावरब्रिज, कङ्क्रिट ढलान गरी बनाइएको लण्डनब्रिज तथा अत्याधुनिक भूमिगत रेल चढेर पुगिने क्यानरी वाफको वर्णनले पाठकमा कौतुहल जगाउँदै जान्छ । त्यतिमात्र होइन । महान् वास्तुकलाविद् सर क्रिस्टोफरको कलाकारिता, वाकिङ्घम दरबार र आसपासका उद्यान, बेलायतका महिला व्यवस्थापक राष्ट्रिय कलाशाला र आसपासका उद्यान, बेलायतका महिला व्यवस्थापक राष्ट्रिय कलाशाला, ब्रिटिस पुस्तकालय, बेलायती संसद् भवन, रातो बस, कालो ट्यक्सी लखबोरो विश्वविद्यालय, नटिङ्घम दरबार, म्याडम तुषादको मैनबाट निर्मित कलाकृति, लण्डनको चिडियाखाना, ब्रिटिस एयरवेज लण्डनबाट देखिने लण्डनको दृश्य, सुन्तला रङ्गले रङ्गाइएका इजिजेटका विमान, हान्स स्लोयनद्वारा स्थापित ब्रिटिस सङ्ग्रहालय, अमेरिकी नागरिक म्यारिओटद्वारा स्थापित होटल म्यारिओट, प्राकृतिक इतिहाससम्बन्धी सङ्ग्रहालय, ट्राफलगर चोक र त्यहाँ रहेको नेल्सन स्तम्भ आदिको जानकारी नेपाली पाठकका लागि निश्चय नै महत्त्वपूर्ण कुरा हो ।

'बेलायततिरका तीस पाइला' नियात्रा सङ्ग्रहको मुख्य विशेषता के हो भने नियात्राकारले आफूले जुनजुन स्थलहरूको भ्रमण गरे ती स्थलहरूबारेका सूक्ष्मातिसूक्ष्म पक्षहरूबारे पाठकलाई जानकारी गराउनु । नियात्राकार जहाँ जहाँ पुगे, पाठकलाई त्यसबारे इतिहास, त्यसको महत्त्व, विशेषता तथा त्यसका प्रमुख पक्षबारे बढीभन्दा बढी जानकारी दिन खोजिएको छ । यसमा विषयवस्तुलाई क्रमिक ढङ्गले कतै विवरणात्मक रूपमा त कतै विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । सामान्य अवलोकन शीर्षक अन्तर्गत बेलायती समाज र त्यहाँको जीवनपद्धतिको चर्चा गरिएको छ, राष्ट्रियताको भावले भरिएका नियात्राकार त्यहाँको जीवनपद्धतिको समीक्षा गर्दै भौगोलिक प्रगतिका विषयमा कुनै खोट लगाउन नसके पनि त्यहाँका कतिपय सामाजिक संरचना र प्रचलनका कतिपय कुराहरू भने पचाउन सक्दैनन् । विज्ञान र प्रविधिको चरम उपयोग भइरहेको बेलायतमा आफूले पनि ती प्रविधिको जानकारी र उपयोग गर्न पाएकोमा लेखक खुसी समेत देखिएका छन् ।

तीसवटा नियात्राहरूको संगालो बेलायततिरका तीस पाइला नेपाली साहित्यको एउटा महत्त्वपूर्ण प्राप्ति नै हो । सरल, मीठो र प्रवाहमय भाषाशैलीमा सटिक ढङ्गले प्रस्तुत गरिएको उक्त कृति रोचक, आकर्षक, ज्ञानवर्धक र मनोरञ्जनमूलक छदैछ, नेपालीहरूमा सुन्दर, विकसित, स्वस्थ एवम् स्वच्छ समाज निर्माणप्रतिको चासोसमेत जगाइदिएको छ । अतः यो कृति सङ्ग्रहणीय एवम् पठनीय छ ।

कालोपुल, काठमाडौं
०१-४४३८४४१

त्यस्तै कतै राष्ट्रिय अव्यवस्थाप्रति उनी गुनासो समेत व्यक्त गर्न पुगदछन् - प्रजातन्त्र त विकास, विस्तार र प्रगतिको निम्ति पो आउनु पर्ने .... प्रजातन्त्रको खोल आएछ, प्रजातन्त्रको ज्यान चाहिँ आएनछ !' (चक्काजाममा गुजुल्टिएको प्रजातन्त्र पृष्ठ : १३५)। यसप्रकार निबन्धकारले पाठकलाई यात्रानुभवको स्वादमात्र दिएका छैनन्, राष्ट्रियताको स्वर समेत घन्काएका छन् ।

नियात्राकार विष्णुबहादुर, सिहको 'स्मृतिका छालहरू' नेपाली नियात्रा साहित्यको एउटा महत्त्वपूर्ण उपलब्धि मान्नुपर्छ। यो कृतिले भौतिक यात्राबाट वञ्चित नेपालीलाई विभिन्न ठाउँको मानसिक यात्रा गराएको छ । अझ यात्राका क्रममा पूरा गर्नुपर्ने विधि र प्रकृया, विभिन्न स्थानको ऐतिहासिक महत्त्व, राजनीतिक र प्रशासनिक व्यवस्थाको चिनारीले कृतिलाई अझ आकर्षक बनाएका छन्। भाषिक शिल्प सचेतता, वर्णनमा मनोहारी, प्रस्तुतिमा कलात्मकता, कथनमा माधुर्य, विचार र चिन्तनमा सरलता र स्पष्टता, शैलीमा मिठास आदि यसका उल्लेख्य पक्ष हुन् । अतः 'स्मृतिका छालहरू' रोचक र ज्ञानवर्धक भएकाले नियात्रापेमीहरूका लागि पठनीय र सङ्ग्रहणीय नियात्रासङ्ग्रह बन्न पुगेको देखिन्छ ।

बेलायततिरको तीस पाइला :

नियात्रासङ्ग्रह मित्रको अनुभूति

१५ वर्ष आर्थिक प्रशासनमा र १५ वर्ष विकास प्रशासनमा संलग्न भई ३० वर्षे सरकारी सेवा अवधि पूरा गरी उप-सचिव पदबाट सेवा निवृत्त भइसकेका कलाधर काफ्लेले आफ्नो बेलायत भ्रमणको अनुभवलाई 'बेलायततिरका तीस पाइला' मार्फत् पाठकसामू प्रस्तुत गर्नुका छन्। सन् २००५ को अगष्ट २२ तारिखदेखि डिसेम्बर ८ तारिखसम्मको बेलायत यात्राका क्रममा आफूले अवलोकन, भ्रमण गर्नुका क्षेत्रलाई मुख्य विषयवस्तु बनाएर नियात्राकार काफ्लेले कलात्मक ढङ्गले आफ्नो यात्रा विवरण प्रस्तुत गर्नुका छन्। आफूले देखे घुमेका स्थलहरूका बारेमा बढीभन्दा बढी सूचना दिई पाठकलाई उनले ठूलो गुन लगाएका छन्। कहिल्यै बेलायत नपुगेका नेपालीहरूलाई त्यहाँको जनजीवन, रहनसहन वातावरण, विकास निर्माण, प्रशासनिक व्यवस्था भौगोलिक स्वरूप, प्राकृतिक वातावरण, सांस्कृतिक चेतना, शैक्षिक गतिविधि, ऐतिहासिक-पुरातात्विक महत्त्वका स्थल, कला, ज्ञानविज्ञान आदिसँगै साक्षात्कार गराउन नियात्राकार सफल भएका छन् ।

आइज्याक न्युटन र चार्ल्स डार्विनले अध्ययन गर्नुको तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएको केम्ब्रिज विश्वविद्यालयसम्बन्धी तथ्य र विवरण तथा त्यसको ऐतिहासिकताबारे जान्न पाउँदा कसलाई हर्षको अनुभूति हुँदैन र ! लण्डनमा बसेका नेपालीहरूले पनि तीज, दशैं तिहारजस्ता चाडपर्वलाई बिर्सन नसकी नेपाली परम्पराअनुरूप मनाएको सुन्दा हामीलाई खुसी लाग्छ। काफ्लेका 'लण्डनमा तीजको रमझम', 'बेलायतमा दशैं' जस्ता नियात्राले नेपालीहरू नेपाली संस्कृतिलाई विश्वका जुनसुकै ठाउँमा गए पनि बिर्सन सक्दैनन् भन्ने कुरा स्पष्ट हुन आउँछ । वास्तवमा 'बेलायततिरका तीसपाइला' नियात्राभित्रका नियात्राकार काफ्ले राष्ट्रियताको भावभूमिले ओतप्रोत छन्। 'बेलायतमा नेपाली टोपी' शीर्षक भित्र उनले नेपाली जातीयता र राष्ट्रियतालाई नेपाली टोपीले कसरी चिनाउँदो रहेछ भन्ने कुरालाई स्पष्ट पारिएको छ । त्यस्तै 'लण्डनमा नेपाली सन्देश भन्ने शीर्षकमा 'नेपालीहरूको गरिमामय उपस्थितिका बीच नेपाली सन्देश साप्ताहिकको वार्षिकोत्सव तथा सो आवसरमा गरिएको वर्तमान् नेपाल, प्रवासी नेपाली र हाम्रो दायित्व' विषयक अन्तर्क्रियाले नेपाली भाषालाई अघि बढाउन गर्नुको योगदानको चर्चा जुन ढङ्गले गरिएको छ त्यो निश्चय नै काफ्लेको नेपाली भाषाप्रतिको श्रद्धा र पूजा हो भन्न सकिन्छ त्यस्तै 'लण्डनमा

भक्तिभावले पूर्ण छ। प्रत्येक सर्गका अन्त्यमा सग्धरा छन्दमा लेखिएका गण्डकीका स्तुतिपद्यहरूले कवि गौतमजीलाई भक्त कविका रूपमा पनि प्रस्तुत गर्दछन् ।

यस काव्यमा प्राकृतपुरुष श्रीमुक्तिनाथको, शालिग्रामशिलाको एवं हृषीकेश भगवान्को महानीय मूर्तिलाई रुरु क्षेत्रमा स्थापना गरिएको कुराको समेत सुन्दर वर्णन गरिएको हुनाले यो कालीगण्डकी सत्यकाव्य बन्न पुगेको छ किनकि यसमा मातृपितृभक्ति दुवै प्रकट गरिएको छ ।

शार्दूलविक्रीडितजस्तो भानुभक्तको रामायणदेखि प्रसिद्ध हुँदै आएको छन्द र शैलीले खण्डकाव्यको रचना लयात्मक रूपले सहज संवेद्य एवं अनुभूतिशील हुन पुगेको छ। फेरि यसमा आर्य संस्कृतिका साथै प्रकृति देवीका पुत्रहरूले प्रकृतिको पूजा गर्ने परम्परा एवं संस्कार प्रस्तुत गरिएको छ। जुन आजको नयाँ पुस्ताका लागि अत्यन्त अनुकरणीय विषय हो ।

यो खण्डकाव्य साहित्यिक दृष्टिले विचार गर्न सकिने पूर्वोक्त लक्षणसँग ठ्याक्कै मिलेको छ। यसमा प्रकृतिदेवी अर्थात् कालीगण्डकी नायिका छन्। कुनै प्रकारको ग्राम्य, श्रुतिकटुत्व आदि दोष छैनन्। हितकुराको उपदेश छ। रसको कुरा गर्ने हो यसमा आदिदेखि अन्त्यसम्म भक्तिरस भरिपूर्ण छ। गुणका हिसाबे यसमा प्रसादगुण सर्वत्र देखिन्छ। यस काव्यमा अनुप्रास, उपमा, उत्प्रेक्षा, स्वभावोक्ति आदि अलङ्कार पनि प्रशस्त परेका छन्। भाव भनेको विचार हो। यो खण्डकाव्य राष्ट्रिय भावनाले ओतप्रोत छ। कविले आफ्नो राष्ट्रको गौरवमयी पुण्यसलिला, शालिग्रामगर्भा कालीगण्डकीको वैभवलाई प्रस्तुत गर्नुका साथै जन्मभूमि अर्थात् स्वदेशको पनि गौरवगान गर्नुभएको छ। यही नै यस खण्डकाव्यको मुख्य भाव हो। अति सरल भाषामा सहजातापूर्वक मिठासपूर्ण छन्दमा प्रस्तुत गरिएको हुनाले कवितामा सौन्दर्य भरिएको छ। सर्गका आदि र अन्त्यमा भएको छन्दको परिवर्तनले माधुर्य पनि थपिएको छ। यसमा कवि गौतमजीले करिब ३ सर्ग थपेर गण्डकीलाई गंगासागर संगमसम्म पुऱ्याई समुद्रसमेलन गराउनु भएको भए त यसले सहजै सुन्दर महाकाव्यको रूप लिन सक्ने थियो। अहिले १५७ श्लोक भएको यस खण्डकाव्यमा नै पनि कवितालें शिल्प, परिष्कार एवं भावगाम्भीर्यको उचाइलाई छोएकै छन् ।

प्रस्तुत 'कालीगण्डकी' खण्डकाव्य गण्डकीरूपिणी प्रकृति-रमणी नववधूका घाँटीमा लगाउन सुहाउने बहुमूल्य 'मुक्ताहार' बनेको छ। यसलाई श्रद्धाभक्ति प्रकट गर्ने सयपत्री फूलको सुनौलो माला पनि मान्न सकिन्छ अथवा सिद्धि-बुद्धिदायक मन्त्र जप गर्ने रुद्राक्षको माला भने पनि हुन्छ। मेरो दृष्टिमा त यो खण्डकाव्य प्रकृतिमाताको कण्ठहारस्वरूप मुक्ताहार नै हो। यसको परिधानले प्रकृतिरमणी कालीगण्डकीको शोभा-सुषमा बढेको छ। अर्को-एकै शब्दमा भन्ने हो भने गण्डकी काव्यहरूमा युवराज शर्मा गौतमजीको 'कालीगण्डकी' खण्डकाव्य अहिलेसम्मको मूल्यवान् प्राप्ति हो। यस्तो महत्वपूर्ण खण्डकाव्य लेख्नुहुने कवि युवराज शर्मा गौतम विशेष धन्यवादको बहुमूल्य पगरी गुथाउन योग्य हुनुहुन्छ ।

साथै यस कार्यक्रममा आयोजक महानुभावहरू प्रति पनि धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा-

काली सेति र मादितुल्य दरिली अर्की दरौंदी अनि
मस्र्यांदीसँगमा बुढी पनि भइन् फेरि त्रिशूली पनि ।
सातै गण्डकीका प्रवाह जसरी नारायणी मित्र छन्
तिम्रा काव्यकला विचित्र लहरी यस्तै गरी बग्दछन् ॥१॥

भागीरथी तुल्य जहाँ त्रिशूली
छन्, श्यामवर्णा यमुना त काली ।
सरस्वती-सेति समान भेटौं
प्रयागमा जीवन-पाठ भेटौं ॥२॥

◇◇◇

एकाङ्की

चोखो रगत

✍ वेदकुमारी न्यौपाने

पात्रहरू : सूर्य, माने, दीपेन्द्र, अशोक, बिन्दु, डाक्टर र नर्स ।

(पर्दा खुल्छ)

(अस्पतालको अपरेशन थिएटर अगाडि बेन्चमा अशोक र बिन्दु भित्रतिर हेरेर बसिरहेका देखिन्छन्। दीपेन्द्र सुतेको स्ट्रेचर गुडाउँदै माने प्रवेश गर्छ। स्ट्रेचरको पछिपछि स्ट्रेचर समाउन खोज्दै, मानेलाई छोइन्छ कि भनेर हट्दै हतारिएको भावमा सूर्य पनि प्रवेश गर्छन्। अपरेशन गर्ने कोठाको अगाडि गएर सबै रोकिन्छन्। अशोक र बिन्दु पालैपालो सबैलाई हेर्छन्।)

अशोक: (एकछिन दीपेन्द्रलाई हेरेर) के भएको छ– उहाँलाई ?

सूर्य : के के भएको हो, के के ! (दिक्क मान्छन्)

माने : लड्नु भा'थ्यो, खुट्टा भाँचिएछ ...... डाक्टरले आजै अपरेशन गर्नुपर्छ भने ...... त्यसैले ....

अशोक: ए ..... ! हाम्रो छोराको पनि अपरेशन छ, भित्र लगिसके अघि नै ।

दीपेन्द्र : ऐय्या..... ऐय्या..... !

सूर्य : के भो बाबु ? कहाँ दुख्यो ?

दीपेन्द्र : त्यहीं दुख्यो .... खुट्टामा .... !

सूर्य : अपरेशन गरेपछि सन्चो हुन्छ .... नआत्तिइ.... के गर्ने ! दुःखाइ बाँड्न मिल्ने भए बाँड्न हुन्थ्यो ... मिल्दैन .... खप्नै पर्‍यो....।

दीपेन्द्र : मलाई त सारै डर लागिरहेछ बुबा !

माने : यती ठूलो मान्छे भएर पनि के डरा होला ... बच्चा जस्तो .... ! ऊ उहाँको छोरालाई पनि त लग्या छ नि अपरेशन गर्न !

अशोक: मुटुको अपरेशन गर्नु पर्दा त डराएर काम लाग्दैन। त्यो त खुट्टाको अपरेशन, के हुन्छ र डराउने ? केही हुँदैन ।

बिन्दु : केही हुँदैन बाबु ! मेरो पनि त पोहोर पेटको अपरेशन गर्‍या हो, केही भएन..... झन् सन्चो भो... ।

माने : पेटको अपरेशन त हाम्रो बाजेको पनि गर्‍या हो नि परार.... हगी बाजे ?

सूर्य : हो त नी ! (दीपेन्द्रलाई हेर्दै) तँ थिइनस् .... विदेशमा थिइस्... तेरी आमा पनि बिरामी थिई । यही माने र तल्लाघरे वसन्ते भएर मलाई अस्पताल ल्याए, अपरेशन भयो, त्यसपछि रोग पनि गयो ।

दीपेन्द्र : तर मलाई सारै डर लागिरहेछ ।

माने : किन त्यस्तो डर लाग्या तपाईंलाई ?

दीपेन्द्र : खोइ किन किन.....

सूर्य : डराउनु पर्दैन, केही हुँदैन (बाहिरतिरको ढोकातिर हेर्दै) बिरामी लगिराख्नू, हामी आउछौँ भन्नुभा'थ्यो डाक्टर साहेबले.... ! खोइ अझै आउनुभएन .....?

(अघिअघि डाक्टर पछिपछि हातमा फाइल लिएर नर्सको प्रवेश)

डाक्टर :(आउँदै) ए..... ल्याइसक्नु भो बिरामी ?

माने : ल्यायौं डाक्टर साहेब !

'मध्यरातको सूर्य नर्वेमै छोडेर', 'स्मृतिका छालमा हैदराबाद', 'एकदिने अमेरिका डुलाई', 'सी.एन. टावरमा आकासे कफी', 'काकतीयाहरूको हार्दिक निम्तो' र 'त्रिभुज यात्रामा बिसिएको दुःख' गरी जम्मा १५ वटा निबन्धहरू समेटिएका छन् भने दोस्रो खण्ड मुलुकभित्र अन्तर्गत 'धरतीको स्पर्शमा जनकपुर', 'मटिहानीमा पीडाका खातैखात', 'बीरगञ्जको टिपनटापन', 'लुम्बिनीमा बुद्धम् शरणम् गच्छामि', 'चक्काजाममा गुजुल्टिएको प्रजातन्त्र', 'घुमाउनेको घुमघाम', 'वनभोजको कमाई मुस्कान', 'हेलो, अपर सेतीबाट बोल्दै छु !', 'हिमाल हाँसेको दिन', 'नदी, बगर र चिनियाँ साँध', 'लुम्बिनी अञ्चलको साहित्यिक यात्रामा 'स' को सहयात्रा', 'बन्दीपुरे उकाली', 'ढुङ्गेश्वरमा विराएको बाटो', 'मोबाइल टोलीको अघिपछि', र 'मनकामना माहात्म्य र दर्शन' गरी १५ वटा नै समेटिएका छन्। संरचनागत हिसाबले हेर्दा यसमा ४ देखि १९ पृष्ठसम्मको आयातनमा फैलिएका निबन्धहरू छन् । तीमध्ये सबैभन्दा छोटो 'सियानमा सम्राटको निम्तो' (४ पृ.) छ भने 'लुम्बिनी अञ्चलको साहित्यिक यात्रामा 'स'को सहयात्रा' (१९ पृ.) सबैभन्दा लामो छ । नियात्राकार शीर्षकमा नै केन्द्रित भई तत्सम्बन्धी ...का सँगालाहरूलाई प्रस्तुत गर्न अनुभव र अनु... सफल भएका छन् ।

प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहित मुलुकबाहिरका रचनाहरू हेर्दा मुख्यतः तीन प्रकृतिका देखिन्छन् । (१) विद्यार्थीकालीन जीवनका अनुभव (२) पेशाका कारण भएको भ्रमणका अनुभव र (३) धार्मिक भावनाले गरिएका अनुभव। नियात्राकारले आफ्ना यात्रानुभवलाई बडो रोचक र कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । कतिपय नियात्राहरू पूर्व स्मृतिमा आधारित देखिन्छन् भने कतिपय डायरीमा टिपोट गरी तथ्यमा समेत विचार पुर्‍याएर लेखिएका देखिन्छन् । लेखकको इमान्दारी केमा छ भने आफूले घुमेका स्थलहरूको बरेमा बढीभन्दा बढी सूचना दिनु तथा काल्पनिक अतिरञ्जनात्मकताबाट टाढा रहनु तथा आफूले देखे-भोगेका सत्यलाई बिनाढाकछोप प्रस्तुत गर्नु । (वाफ रे, तरुनीको तातो अँगालो त झन् कति हो कति : समुद्रपारको साहासिक यात्रा, पृ.८) त्यस्तै (विद्यार्थी भएकाले होला हामी एकदम कञ्जुस पाराले मात्र डलर खर्च गर्थ्यौं : लण्डनको यात्रा : सिद्राको व्यापार)

नियात्रा पढ्दै जाँदा नियात्राकारसँगै हातेमालो गरी डुलेको अनुभूति हुन्छ अनि कतै कतै राम्रो तालिमप्राप्त पथप्रदर्शकसंग हिंडेजस्तो महसुस हुन्छ । कतै विषयवस्तुको प्रस्तुतिमा वर्णनात्मकता छ भने कतै चित्रात्मकता (लण्डनको यात्रा : सिद्राको व्यापार) अनि कतै आध्यात्मिकता (त्रिभुज यात्रामा बिर्सिएको दुःख तिरुमालाको बरपर) त कतै सौन्दर्यात्मकता । साहित्यिक कार्यक्रममा सरिक हुँदाका क्षणहरू पनि बडो मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । (नदी, बगर र चिनीयाँ साँध, लुम्बिनी अञ्चलको साहित्यिक यात्रामा 'स'को सहयात्रा)। नियात्राकार स्वदेश तथा विदेशका जुन जुन स्थानमा पुगे, उनले त्यहाँको प्राकृतिक, सांस्कृतिक, भौगोलिक, राजनीतिक, आर्थिक आदि पक्षबारे चर्चा गरेका छन् । जुन स्थान जे चिजका लागि हो, त्यसमा बढी केन्द्रित भई अन्य पक्षलाई समेत उल्लेख गर्नु नियात्राकारको मूल वैशिष्ट्य देखिन्छ ।

राष्ट्र, राष्ट्रियता, जातीयताबाट लेखक कत्ति पनि विचलित भएका छैनन् । यात्राका क्रममा आफूले गरेका अनुभवहरूलाई समेट्दै नेपालमा पनि त्यस्ता प्रकारका व्यवस्था गर्न सकिएमा नेपाल पनि कम छैन भन्ने भाव प्रायःजसो निबन्धमा व्यक्त भएको छ । अझ भनौं लेखकको राष्ट्रिय भावधार विभिन्न सन्दर्भ र प्रसङ्गमा अभिव्यक्त भएको छ, जस्तै एक ठाउँमा उनी भन्छन् 'सिङ्गापुरे सहरीकरणमा राजनीतिको गहकिलो प्रभाव र जिम्मेवार नेताहरूसँगै नागरिक चेतनाको समान उपस्थिति रहेछ भन्ने मलाई लाग्यो । वास्तवमा मुलुक बनाउने नीति काममा छ, कुरामा छैन, यो कुरो निश्चय नै हामी त्यहीँबाट सिक्न सक्छौं तर सिक्न सकिरहेका छैनौं।' (सिङ्गापुरे आतिथ्य पृ. १६)

कृति समीक्षा

नियात्रासङ्ग्रहका दुई कृतिको अवलोकन

ॐ बालकृष्ण शर्मा

स्मृतिका छालहरू :

स्वदेशी तथा विदेशी अनुभवको सँगालो

वि.सं.२०५६मा 'देशको माटो' शीर्षकको कवितासङ्ग्रह प्रकाशित गरी नेपाली साहित्याकाशमा प्रवेश गरेका विष्णुबहादुर सिंह (वि.सं.२००९, अर्घाखाँची) अत्यन्त सिर्जनशील प्रतिभाको रूपमा चिनिएका छन्। पेसाले प्राविधिक भए पनि साहित्यका विविध विधामा यिनको कलम द्रुतताकासाथ सल्बलाउन थालेको कुरा वि.सं. २०५६ पछिका १४ वटा साहित्यिक कृतिले प्रमाणित गर्दछन् । कथा, कविता, गीत, गजल, हाइकु, ताङ्का, नियात्रा आदिमा कलम चलाउने सिंह 'तीस पाइला' (वि.सं.२०६१) नियात्रासङ्ग्रहमार्फत् यात्रासाहित्यका फाँटमा देखापरेका हुन् । त्यस्तै एक वर्षपछि उनले अर्को नियात्रासङ्ग्रह प्रकाशित गर्नपुगे, त्यो हो - **स्मृतिका छालहरू** (वि.सं. २०६२)।

मान्छे भ्रमणप्रिय प्राणी हो, नयाँ ठाउँको अवलोकन भ्रमण गर्नु र त्यसबारे आफ्नो प्रतिक्रिया व्यक्त गर्नु तथा आफ्नो समाज-संस्कृति सापेक्ष त्यसलाई अनुकरण गर्न गराउन खोज्नु उसको जातीय पहिचान हो। आफूले देखे, घुमे, जानेका स्थलहरूका बारेमा अरूलाई जानकारी गराउन पाउँदाको स्वाद पनि आनन्दको हुन्छ नै। अझ कलात्मक भाषाका माध्यमबाट विचार र अनुभूतिको सम्मिश्रण गरी प्रस्तुत गरिएका त्यस्ता यात्रावृत्तान्तहरूले निश्चय नै लक्षित समूहलाई फाइदा पुऱ्याउँछ। सबै व्यक्ति सबै मुलुक घुम्न र त्यहाँको अनुभव बटुल्न पक्कै सक्दैनन्, त्यसैले स्वदेश तथा विदेश भ्रमणबाट आफूले प्राप्त गरेका अनुभव र अनुभूतिलाई अरूसामु पुऱ्याउनु कर्तव्य पनि हुन आउँछ। यिनै कुराहरूलाई विचार गरेर होला, विष्णुबहादुर सिंहले दोस्रो नियात्रासङ्ग्रह प्रकाशित गरेर पाठकलाई ठूलो गुन लगाएका छन्।

कति नेपालीलाई विदेश भनेको देवकोटाले भने झैं सपना हो, एउटा कता-कताको कथा हो, नदेखेझैं झिलिमिली हो। यद्यपि सिंहको **'स्मृतिका छालहरू'** पढ्दा लेखकसँगै विदेश र स्वदेश घुमेको अनुभूति हुन्छ। प्रस्तुत सङ्ग्रहमा सिंहले मुलुकबाहिर र मुलुकभित्रका ३० वटा यात्रानिबन्धमार्फत् पाठकलाई आफ्नो विचरणको सार, अनुभव र अनुभूति प्रस्तुत मात्र गरेका छैनन्, नयाँ ज्ञान, सूचना, संस्कृति र तथ्यसमेत प्रस्तुत गरेका छन्। दुई भागमा बाँडिएका यस सङ्ग्रहका यात्रानिबन्धले पाठकलाई विदेशका भारत, चीन, सिङ्गापुर, रसिया, बेलायत, जर्मनी, क्युबा, हङ्कङ, अमेरिका, नर्वे, क्यानडा आदि मुलुकको प्राकृतिक, सांस्कृतिक ऐतिहासिक-पुरातात्विक आदि महत्त्वलाई झल्काएका छन् भने स्वदेशका जनकपुर, वीरगञ्ज, लुम्बिनी, नगरकोट, अर्घाखाँची, कपिलवस्तु, मितेरी साँघु, कर्णाली, बन्दीपुर, मनकामना, पाल्पा आदि स्थानको महत्त्व दर्शाएका छन्। प्रथम खण्डमा मुलुक बाहिर शीर्षकअन्तर्गत 'समुद्रपारिको साहासिक यात्रा', सिङ्गापुरे आतिथ्य', 'लण्डनको यात्रा : सिद्राको व्यापार', 'सियानमा सम्राट्को निम्तो', 'तिरुमालाको वरपर', 'ग्रयाण्डवुद्धलाई लाल सलाम', 'डल्फिनको ढाडमा तरुनीको कत्थक', 'फोहोरासँग नाचेको क्षण', 'ब्याङ्गलोरको बैस',

डाक्टर :ल ठीक छ... (नर्सलाई हेर्दै) सिस्टर ! बिरामीलाई भित्र लैजाउँ.... ।

नर्स : हस् डाक्टर... (स्ट्रेचर समाउँछिन्)

दीपेन्द्र :(डराएर) बुबा ! (सूर्यलाई समाउँछ)

नर्स : केही हुँदैन ... किन डराउनुभएको यसरी ?

डाक्टर :(सूर्यलाई हेर्दै) तपाईंहरू यहीं बस्नोस् है कहिं नजानोस् नि ! औषधिहरू के के चाहिन्छ हामी भन्छौं ।

सूर्य : हस् डाक्टर साहेब !

(डाक्टर र नर्स भएर बिरामी भित्र लगेर ढोका लगाउँछन्)

सूर्य : (बेन्चमा बस्दै) अस्पताल आउने काम त शत्रुलाई पनि नपरोस् .....।

अशोक: हो भन्या ! अस्पताल आएपछि त रोगी त रोगी भैगो .... अरू पनि बिरामीजस्तै भइन्छ .... । तर के गर्नु ! रोग लागेपछि नआइभएन ।

(माने एक छेउमा बसेर दुवैको मुखमा पालैपालो हेर्दै कुरा सुनिहरन्छ)

सूर्य : त्यही त ! हाम्रो दीपेन्द्रलाई उहींको डाक्टरलाई देखाउँदा भाँचिएको छैन भनेर अलिअलि औषधि दिएर पठाए.... ढुक्क भइयो .... के हुन्थ्यो ... दुख्न घट्लाभन्दा झन् बढ्यो... हेरेर बस्न भएन .... ल्याउनै पर्‍यो ।

बिन्दु : हरे ! बेलैमा ल्याउन पाएको भए अपरेशन गर्नु पर्दैनथ्यो कि ! के गर्ने !

सूर्य : डाक्टरले पनि त्यसै भन्थे नि भन्न त ! तर के गर्नु ? बिग्रनु बिग्री गो .....।

अशोक: यस्तै हो... धेरै दुःख पाउन लेख्या रैछ भनेर चित्त बुझाउनोस् अब ।

सूर्य : त्यही त भन्नुपर्‍यो नि ! बिरेपछि भाग्यलाई दोष !

(डाक्टर ढोका खोलेर हेर्छन्। सबै डाक्टरलाई हेर्छन्)

बिन्दु : (नजिक गएर) हाम्रो छोराको अपरेशन भयो डाक्टर साहेब ?

डाक्टर :अँ... तयारी हुँदैछ.... अब हुन्छ ।

(अशोक पनि बिन्दुको नजिक जान्छन्)

बिन्दु : (अशोकलाई हेर्दै) उति बेला भित्र लगेको..... अहिलेसम्म केही भएकै रहेनछ ।

अशोक: लौ ! त्यसो भए कति बेला पो हो ! (हिंड्दै अलि पर गएर उभिन्छन्)

नर्स : (ढोका खोलेर हेर्दै) सुरेशको मान्छे को हुनुहुन्छ ?

अशोक: (आउँदै) हामी छौं । (नजिक आएर) किन होला ?

नर्स : (औषधिको लिष्ट दिँदै) यो औषधि ल्याउनु होला ।

अशोक: हस् (नर्सलाई हेर्दै) ए साँच्चै ! तपाईंहरूले ब्लडको व्यवस्था गर्नुभयो त ? (माने र सूर्य झस्केर एक अर्कोलाई हेर्छन्) रगत नभई त अपरेशन हुँदैन नी !

सूर्य : ला..... बिसँछ.... ! कहाँ पाइन्छ थाहा नै छैन ....। हतार हतार भो.... दिमागले पनि काम गरेन । अब के गर्ने होला लौ..... ।

डाक्टर :(टाउकोमा हात राख्दै) हे भगवान् ! तपाईंहरू पनि.....।

माने : डाक्टर साहेब अहिले काम चलाइदिनोस्..... हामी जाने बेलासम्म खोजेर ल्याइदिउँला नि हुन्न ?

डाक्टर :(केही क्षण सोचेजस्तो गरेर) हेरौं ... यहाँ उहाँलाई मिल्ने ब्लड रहेछ भने त्यसै गर्नुपर्ला...।

सूर्य : डाक्टर साहेब ! मेरो छोरालाई जस्तो पायो त्यस्तो रगत हैन चोखो रगत दिनुहोस् है !

डाक्टर :(व्यङ्गात्मक पाराले) चोखो रगत ! रगत चोखो र बिटुलो हुँदैन बाजे ! ग्रुप मिल्नुपर्छ।

सूर्य : (घोरिएर) वरू मेरै रगत दिनोस् न ! म दिन्छु मेरो छोरालाई रगत !

डाक्टर : तपाईलाई नै रगत दिन पर्लाजस्तो छ... के दिनुहुन्छ छोरोलाई ? (खल्तीबाट औषधिको लिष्ट झिकेर दिँदै) अँ... पहिले यो औषधि लिएर आउनोस् त ! (पुनः भित्र जान्छन्)

माने : दीपेन्द्र दाइको रगतको ग्रुप मलाई थाहा छ ... अरू चाहिं के के बाँकी छ भन्ने भा'थ्यो ... त्यो ब्लड ग्रुप भनेको चाहिं मैले सुनेको .....।

सूर्य : (औषधिको लिष्ट हेरेर) औषधि कतिको लाग्ने होला .... ?

माने : खोइ बाजे ! त्यो कागज र पैसा ल्याउनोस्... म लिएर आउँछु औषधि (हात थाप्छ) ।

सूर्य : मै ल्याउँला नि ! कहाँ पाइन्छ ?

माने : (बिस्तारै) चुईंय्या बुढो ! पैसा नाफा खान्छ भनेर होला !

सूर्य : के भुत्भुता'को ! कहाँ पाइन्छ भन्या औषधि ?

माने : (मन नपराए झैं) त्यहीं तल औषधी पसलमा पाइन्छ ।

सूर्य : ल म औषधि लिएर आउँछु । तँ यहीं बसिराख् नि ! (बाहिरिन्छन्)

(माने अपरेशन कोठाको ढोकातिर हेरेर टोलाइरहन्छ ।)

(डाक्टरको प्रवेश)

डाक्टर : (मानेलाई हेर्दै) हेर्नोस् ! त्यो ब्लड ग्रुप त सर्टेज रहेछ अहिले.... तपाईंहरूले बाहिरबाटै ल्याउनुपऱ्यो .... तुरुन्तै...।

माने : (के गरूँ... के गरूँ गर्दै) डाक्टर साहेब ! दीपेन्द्र दाइ र मेरो ब्लड ग्रुप एउटै हो... ! मैरै दिए हुँदैन ?

डाक्टर : (एक छिन सोचेर) तपाईलाई कुनै रोग त छैन ?

माने : छैन डाक्टर साहेब ! अस्ति भर्खर बिरामी हुँदा सबै जाँचेको .... सब ठीक छ भन्ये ।

डाक्टर : त्यसो भए तपाईको ब्लड टेस्ट गर्नुपर्छ कि हिँड्नोस् उता जाउँ ....

(एकछिन मञ्च खाली हुन्छ ।)

(अशोक र बिन्दु औषधि लिएर प्रवेश गर्छन् र उही बेन्चमा बस्छन्)

(डाक्टरको प्रवेश अघि गएको ठाउँतिरबाट)

अशोक: (डाक्टर भएतिर बढ्दै) डाक्टर साहेब ! औषधि ल्याएको थिएं !

डाक्टर : ए..... ल्याउनोस् ! (लिएर भित्र पस्छन्)

अशोक: (बेन्चमा बस्दै) आफूलाई एक एक पल युग बितेजस्तै भइरहेछ ... उनीहरूलाई के छ र ? जागिर पकाउनु त छ ! (लामो सास फेर्छन्)

बिन्दु : के गर्ने त ! चाहिने उनीहरू नै ... गर्नुपर्ने उनीहरूले नै ... हामीले केही गर्न सक्दैनौं त ...!

अशोक: त्यही भएर त ..... ।

(औषधि लिएर सूर्यको प्रवेश)

सूर्य : (यताउता हेर्दै) हैन यो माने कता गएछ ? झन् यहीं बसिराख् है भनेर गा'को त.... ।

अशोक: खोइ ! हामी पनि उता गएका थियौं .... । कता लागे थाहै भएन ।

सूर्य : साह्रै मात्तिएको छ यो ! भनेको केही हेर्दैन ।

बिन्दु : को हो र तपाईको ?

सूर्य : हाम्रो घरमा काम गर्ने बिर्खे सार्कीको छोरो हो । बाउ चाहींले साह्रै बिन्ति भाउ गऱ्यो र घरमै राखें .... एसएलसी सम्म मैले नै पढाइदिएँ..... ।

अशोक: ए.... राम्रो गर्नुभएछ ।

सूर्य : त्यति गरेर हुर्काएँ ... पढाएँ.... अहिले

कृतिको चौथोभागमा धरणीधर विषयक कृतिहरूको उल्लेख पाइन्छ। धरणीधरका सम्बन्धमा भएका सामूहिक एवं वैयक्तिक शोधखोजको चिनारी गराइएको छ । पाँचौ शीर्षक उपसंहार तथा निष्कर्ष अन्तर्गत धरणीधरका कवितामा पाइने जागरणको स्वर, उनको काव्यात्राका चरणहरू धरणीधरको काव्य प्रवृत्ति र योगदानजस्ता पक्षलाई समेटी सन्दर्भ ग्रन्थसूची समेत दिइएको 'क' देखि 'ज' सम्मको प्रकाशकीय आदि इत्यादि र १ देखि ११६ पृष्ठको भित्री आवरणमा आकर्षक साजसज्जामा श्रीरत्न पुस्तकालय बानेश्वरबाट प्रकाशित समीक्ष्य कृति समालोचना विधामा एउटा उत्कृष्ट प्राप्ति हो ।

पुनश्चः समालोचक कुलप्रसादको यो साधना सर्वसाधारणले पढून्,अनुभव गरुन् र आफ्नो जीवनपद्धतिलाई सोही अनुरुप ढाल्न सकून् यसैमा कृतिको महिमा बढ्नेछ र धरणीप्रति वास्तविक श्रद्धान्जली हुनेछ। समीक्षक कुलप्रसादले यसप्रकारका अन्य व्यक्तिहरूलाई समेत कृतिमार्फत् प्रकाशित गर्दै जाऊन् आफूभित्र लुकेको यो गहन अन्वेषक चरित्रलाई उजागर गरुन् भन्ने शुभेच्छा साथ यो संक्षिप्त परिक्रमा यहीं बिट मार्दछु ।

रामनवामी-२०६३

तीन मुक्तक

✍ ज्ञानुवाकर पौडेल

(एक)

कोही देख्छु मीठो गीत सुनाइरहेका
कोही देख्छु मुक्तक सृजनामा रमाइरहेका
अलमलिएका छन् कोही केवल तुकबन्दि मै
कोही देख्छु गजलमा नाम कमाइरहेका ।

(दुई)

लड्छन् भने कोही ठीकै छ लड्न दिऊँ
उड्छन् भने पनि ठीकै छ उड्न दिऊँ
घमण्ड हेर्नुस् उसको कति माथि चुलिएछ
आउला भिरालो पनि अहिले चढ्न दिऊँ ।

(तीन)

माया प्रीतिमा संयम हुन्
राजनीतिमा नियम हुन्
पछ्याउँदै मलाई किन आयौ ?
जोगीहरूको घरजम हुन् ।

गौशाला, काठमाडौं-९

खाम्देश

लोक-गाथा

✍ डा. दुर्गाप्रसाद अर्याल

खाम्देशको उत्तरमा सीमा थियो भोट
पश्चिममा खस राज्य सिन्जा कालिकोट ।
पूर्व गङ्गा त्रिशुली त दक्खिनमा चुरे
खाम्देशका भित्रभित्रै थिए राजा भुरे ।
मङ्गरात नि खाम्देशै हो पछि दुवै जुरे
बेला बेला बलियाले निर्धा राज्य थुरे ।

खस राजाले खाम्देशमा पारे ठूलो चोट
माहाराज मङ्रातेका भए निला ओठ ।
खाम्देशका राजालाई लगाएर खोट
चलाकीले खसराजको रोपे नयाँ बोट ।
खाम्देश भन्ने राज्य थियो मगरको पैले
गुल्मी, मर्मुङ्, पर्वत त्यो नाम् मात्रै भो ऐले ॥

शिरोमणि मार्ग, बौद्ध -६

धरणीधर परिक्रमा लाई परिक्रमा गर्दा...

कुलप्रसाद कोइराला समालोचना र प्राध्यापन पेशामा परिचित नाउं हो , प्राज्ञिक तथा सामाजिक क्रियाकलापका माध्यबाट उनलाई चिन्नेहरूको पनि लामो फेहरिस्त छ, स्पष्ट वक्ता, आफ्नो विचार र सिद्धान्तमा दृढ रोमान्टिक शैलीका स्वाभिमानी चरित्र हुन् कुलप्रसाद कोइराला, जो डाक्टर समेत बनिसकेका छन् आफ्नो अन्वेषक चरित्रका माध्यमबाट । हुन त कोइरालासंग मेरो व्यक्तिगत पहिचान छैन, म चाहिं साहित्यिक बाटोबाट उनलाई चिन्दछु करेसा जोडिएका दुई कलेजमा हामी जान्छौं आउछौं तर आत्मीयताको विकास हुन बांकी छ ।

जे होस् सन्दर्भ धरणीधर परिक्रमा (२०६३) संग सम्बन्धित छ । जन्मका दृष्टिले यो सप्टाको तेस्रो सन्तति हो, काव्यिक परिभ्रमण, सृष्टिमाथिको दृष्टि पछि यो कृति जन्मिएको हो । प्रकाशोन्मुख कृति भनेर उनले चारवटा शीर्षक अघि सारेका छन् । तर पनि मलाई लाग्छ यो धरणीधर परिक्रमा नै कोइरालाको समालोचकीय व्यक्तित्वलाई चिनाउन सक्षम छ ।

जीवनपरक समालोचना आत्मसात् गरिएको यो कृति सम्भवतः स्नातकोत्तर तहको शोध वा विद्यावारीधि शोधको एउटा अंश हुनुपर्दछ तर यसमा अध्येतासुलभ सिकारुपन होइन कि एउटा परिपक्व समालोचकीय दृष्टि पनि पाइन्छ । फट्ट बाटोमा हेर्दा एवं अन्य प्राज्ञिक र प्रजातान्त्रिक आन्दोलनहरूमा अग्र पंक्तिमा क्रियाशील देखिने कोइराला यति गहन चिन्तन र विचार गर्न सक्छन् त्यो पनि लेखनीका माध्यमबाट मलाई उस्तो लागेको थिएन, परन्तु जब मैले 'धरणीधर परिक्रमा' पढें यस भित्रको उनको प्रस्तुतिबाट अन्य पाठक भैं म पनि प्रभावित हुन पुगें, त्यसै प्रभावलाई शब्दबद्ध गर्ने प्रयास यहां गरिएको छ ।

धरणीधर कोइराला नेपाली साहित्यिक जागरणका मात्र नभई राजनीतिक जागरणका कवि हुन्, सुशुप्त अवस्थामा रहेको तत्कालीन समाजलाई सिर्जना र विचारका माध्यमबाट जगाउने धरणीधर सचेत व्यक्तिमात्र अपरिचित नाउं होइन तर त्यस्ता राष्ट्रले सदैव सम्झनुपर्ने व्यक्तित्वका बारेमा सिलसिलेबार गहन अध्ययन हुन सकेको थिएन मान्छे जीवित अवस्थामा रहेको र त्यसबाट कुनै प्रत्यक्ष परोक्ष काम हुने भए मात्र मान्छे आफ्नो चाकरी बजाउछ, तर भौतिक रूपमा विगत भइसके पनि आत्मीक र वैचारिक रूपले सदैव जीवित धरणीधरजस्ता प्रतिभालाई चिन्नु र चिनाउनु प्रत्येक प्रजातन्त्रवादी स्वाभिमानी नेपालीको कर्तव्य हो । यसै सन्दर्भमा कुलप्रसाद कोइरालाले धरणीधरलाई सम्झेर एउटा गहन दायित्व निर्वाह गरेकोमा हृदयदेखि नै सम्मान गर्दै यो परिक्रमा मार्गको परिक्रमा गर्ने जमर्को गरेको हुं ।

'कवि धरणीधर कोइरालाको जीवनी' मूल शीर्षकभित्र र उपशीर्षक 'समाजसेवी धरणीधर कोइराला' मूल शीर्षकभित्र छात्रावस्था निजी व्यक्तित्व, आन्तरिक व्यक्तित्वजस्ता ७ वटा उपशीर्षकमा उनका विविध पक्षलाई चिनाइएको छ , तेस्रो मूल शीर्षक 'कवि धरणीधर कोइराला' भित्र धरणीले कविता लेख्दाको परिस्थिति, धरणीले लेखेका कविता कृतिको विश्लेषणात्मक अध्ययन, लेख निबन्धको पहिचान, अनूदित कृतिहरू, सम्पादित कृतिहरूको विशद चर्चा गरिएको छ । बहुचर्चित कृति नैवेद्य, स्पन्दन, नेपालमञ्जरी, पञ्चामृत, भानुभक्त श्रद्धाञ्जली, लोकको राज आदि कृति र फुटकर कविताहरूको गहन विश्लेषणले एकातिर धरणीधरका कृतिको वास्तविक मूल्याइन भएको छ भने अर्कातिर समीक्षक कुलप्रसादको द्रष्टा व्यक्तित्व छलंङ्ग, उजागर भएको छ ।

आफूजस्तो जान्ने कोही छैन जस्तो गर्छ... मोरो .... !

अशोक: के भयो त ! रामै त भएको छ नी ! जान्ने भएर त तपाईलाई अहिले सहयोग भयो नी ! हैन र ?

बिन्दु : त्यही त ! नत्र कम गाह्रो हुन्छ एक्लै अस्पताल आउन.... !

सूर्य : हुन त हो... तर त्यो गयो कहाँ ? कस्तो मूर्ख केटो रहेछ ..... !

नर्स : (ढोका खोलेर सूर्यलाई हेर्दै) ल्याउनुभयो त औषधि ।

सूर्य : (दिंदै) ल्याएँ .... अनि .... मेरो छोराको अपरेशन भयो त ?

अशोक: अनि हाम्रो छोराको नि ..... ?

नर्स : हुंदैछ..... (ढोका लगाउँछिन्)

(तीनै जना त्यही ढोकालाई एकोहोरो हेर्छन्)

अशोक: यसरी बस्दा त समय पनि कहिल्यै जांदैन.... दिक्क लागिसक्यो.... ।

सूर्य : खोइ..... कतिखेर पो हो..... ?

बिन्दू : उति बेला लग्या हाम्रो छोरालाई अझसम्म भएको छैन रे.... ! के गरेर बसेका होलान् भित्र !

सूर्य : तपाईको छोरालाई चाहिं के भएको नि ?

बिन्दु : पत्थरी भएको रे.... ! यति सानै उमेरमा के भएको हो कुन्नि !

अशोक: रोग लाग्नलाई के सानो... के ठूलो..... !

सूर्य : (यताउता हेर्दै आफ्नै धुनमा) कहाँ गयो होला त्यो माने..... ?

अशोक: यतै कतै होलान्..... आइहाल्लान् नि !

बिन्दु : बस्दाबस्दा दिक्क लाग्यो होला .... बाहिर गए होलान्.....।

(मानेको प्रवेश)

अशोक: (हेर्दै) ऊ आइहाले नी ! त्यसै आत्तिएर.... ।

सूर्य : कहाँ गा'को थिइस् ? झन् यहीं बसिराख् भन्या हैन ?

माने : त्यहीं बाहिरतिर ... (लरखराए झैं गर्छ)

सूर्य : के भो तलाई ? सन्चो भएन कि क्या हो ?

माने : (अनकनाउँदै) ह... हैन... त्यसै.... अँ... रगत झिकेको अनि ....!

सूर्य : (झस्केर) हँ..... ? किन झिक्या रगत ?

माने : खोइ कुन्नि ?

अशोक: तपाईको छोरालाई दिने ब्लड पाएनन् होला.... यिनको मिल्यो होला... अनि झिके होलान् नि... नत्र किन झिक्थे ?

सूर्य : (बेसरी झस्केर) के रे ! मेरो छोरालाई यसको रगत दिने रे .....! राम राम राम.... के सुन्नुपरेको !

अशोक: हैन किन आत्तिनु भएको यसरी ? त्यस्तो नहुने कुरा के भएको छ र ?

सूर्य : (दुवै हात टाउकोमा राखेर) बाहुनको छोराको चोखो रगतमा.... सार्कीको छोराको बिटुलो रगत ! हे भगवान् ! (रिसाएर मानेलाई हेर्दै) ए मोरा ! किन दिइस् तेरो रगत ! मेरो छोरो छोरो बिटुलो भएन अब ?

अशोक: हैन... के कुरा गर्दै हुनुहुन्छ तपाई ? रगत दिएर आफ्नो छोरालाई बचायो... मौकामा काम दियो.... भनेर खुशी हुनुपर्नेमा, झन् गाली गर्दै हुनुहुन्छ बिचरालाई ! तपाई त अचम्मको मन्छे हुनुहुंदो रहेछ .... ।

बिन्दु : त्यही त भन्या ! बिचराले आफ्नो मान्छे भनेर रगत दिए झन् .....!

सूर्य : भो नकराउनोस्..... ! तपाईहरू बुझ्नु हुन्न यस्तो कुरा ! यस्तो हुन्छ भन्ने जान्या भए बरू किनेरै ल्याउंथे नि... जहाँ गएर भए पनि.... !

अशोक: किनेको रगत चाहिँ तपाईले भनेजस्तै चोखो हुन्छ भन्ने छ र ?

माने : त्यही त भन्या... !

सूर्य : ल ल तँ धेरै जान्ने भएर नकरा अब ! के गर्ने.. मिल्ने भए त यसको जति सबै रगत झिकेर फाल्न पाए पनि हुन्थ्यो.... ।

अशोक: (छक्क परेर हर्दै) तपाई त सारै अचम्मको मान्छे पो हुनुहुंदो रहेछ .... त्यस्तो....!

सूर्य : (बीचमै रोकेर) तपाईलाई के थाहा मेरो पीर ! बाहुनको छोराको रगतमा सार्कीको छोराको रगत परेपछि अब ऊ बिटुलो भएन ? त्यसमा पनि जस्तो रगत त्यस्तै बानी व्यहोरा भयो भने के गर्ने ?

माने : अँ रगतले नै बानी व्यहोरा उस्तै हुने हो भने तपाईको बानी व्यहोरा पनि मेरोजस्तै हुनुपर्ने नि त... !

सूर्य : (रिसाउँदै) के भन्छ यो मोरो ? मलाई के भा'छ र ?

माने : (दृढ भएर) तपाईको शरीरमा पनि दुई वर्ष अघिदेखि मेरै रगत दौडिरहेछ । तपाईको अपरेशन गर्दा मैले रगत नदिएको भए स्वर्ग या नर्क कहाँ हो पुगिसक्नुहुन्थ्यो ..... ।

सूर्य : (एकदम झस्केर उठ्दै) हैं ? के भन्छ यो ? राम राम राम .... (आफ्नो शरीरभरि हेर्दै) मेरो शरीरमा पनि तेरो रगत ? हे भगवान् ! अरूले थाहा पाए के भन्लान्..... ?

अशोक: जीवनभन्दा ठूलो केही छैन... जीवन बचाउन गरेको काममा कसले के भन्ने ? त्यही माथि मान्छेलाई मान्छेको रगत दिँदा के भन्ने ?

माने : त्यही त भन्या..... ! रगत रगतै हो नि ! त्यो पनि चोखो र बिटुलो भन्ने हुन्छ त ?

(डाक्टरको प्रवेश)

डाक्टर : (आउँदै) हो ! ठीक भन्नु भो उहाँले ! रगत रगतै हो, त्यो चोखो र बिटुलो भन्ने हुँदैन र मान्छे मान्छे हो... उच नीच ठूलो सानो भन्ने हुँदैन... कर्मले मात्र ठूलो हुन्छ मान्छे ! बुझ्नु भो ! अँ.... तपाईको छोराको कपरेशन भयो... अब ढुक्क हुनुहोस् ..... ।

अशोक: हाम्रो छोराको नि डाक्टर साहेब ?

डाक्टर : उहाँको पनि भइसक्यो ।

बिन्दु : कस्तो छ अहिले मेरो छोरालाई ?

डाक्टर: ठीक छ .... चिन्ता नगर्नोस्..... ।

अशोक: बल्ल ढुक्क भयो । (लामो सास फेर्छन्)

बिन्दु : हे भगवान् ! मेरो छोरालाई छिटो सन्चो होस् !

(सूर्य खुईय्या खुईय्या गरेर छटपट् गर्छन् ।)

डाक्टर : के भयो तपाईलाई ?

सूर्य : म त बरबाद भएँ नि डाक्टर साहेब !

डाक्टर : के भो र ?

सूर्य : छोराको शरीरमा मात्रै भनेको त मेरो शरीरमा पनि यो मानेको रगत रहेछ.... अब यो कुरा थाहा पाए भने मेरा जजमानले के भन्लान् ?

डाक्टर: केही भन्दैनन् .... त्यो तपाईको भ्रम मात्रै हो... ल भनेछन् भने पनि के भो त ?

सूर्य : (रुन्चे स्वरमा) के के हुन्छ के के ! तपाईलाई के थाहा !

डाक्टर : तपाई पनि .... गुन सम्झनुपर्ने ठाउँमा.... खुशी हुनुपर्नेमा चिन्ता गर्नुहुन्छ ।

सूर्य : आफूलाई यहाँ कस्तो भइरहेछ ..... ।

डाक्टर: हेर्नोस् ! तपाई जसको रगत बिटुलो भन्दै हुनुहुन्छ, उसको रगतले तपाईहरूलाई बेलामा काम दियो तर तपाई आफ्नो छोराको रगत चोखो भनेर गर्व गरिरहनुभएको छ नि ! त्यो रगत

आज ह्वाइट हाउसबाट विश्वलाई नियन्त्रण गरिरहेको प्रसङ्ग कोट्याइएको छ। वर्षेनी ५५ हजार मानिसहरू अमेरिकामा डी.भी. चिठ्ठा मार्फत् बसाइ सर्ने गरेको यथार्थलाई टिप्दै नियात्राकारले १८ एकड जमिनमा फैलिएको ह्वाइट हाउसको वर्णन गरेका छन् । यसलाई नेपालको प्रशासनिक भवन सिंहदर बारसँग पनि तुलना गरिएको छ । 'वाशिङ्टन डी.सी.को रमाइलो यात्रा' ज्वाईँकै मित्र ग्रीष्म दाहालको आतिथ्य त्यहाँ रहेको अन्य कतिपय नेपालीको पहिचान र त्यहाँ बस्दा आफूले घुमेका प्रशासनिक भवन ह्वाइटहाउस धरहरा एवं जुम्ल्याहा भवनको पुनर्निर्माणका कुराहरू यहाँ गरिएको छ ।

'हडसन नदी र संयुक्त राष्ट्र भवन' शीर्षकमा लक्ष्मी जयन्तीका अवसरमा त्यहाँ भएको जमघट, नदीमुनिको भूमिगत यातायात, मेट्रोट्रेनको अनुभव, विशाल प्राङ्गणको काखमा रहेको संयुक्त राष्ट्रसंघ भवन र यसले सबै राष्ट्रको मिलनबिन्दु बनेर निभाएको भूमिकाको चर्चा र त्यहाँ फरफराइरहेको नेपालको झण्डा तथा त्यसबाट उत्पन्न राष्ट्रप्रेमलाई यहाँ प्रकट गरिएको छ । स्ट्याच्यु अफ लिबर्टी फ्रान्स अमेरिका बीचको मैत्री सम्बन्धको प्रतीक बनेको यसको लम्बाइ चौडाई र प्रयोग भएका धातुको तथ्यपरक जानकारी यहाँ गराइएको छ । 'छक्कै पार्ने बोस्टन सहर' नियात्रामा ऐतिहासिक महत्त्व बोकेको हार्वर्ड विश्वविद्यालय साथमा लिएको यस सहरको सौन्दर्यको वर्णन गर्दागर्दै त्रिभुवन विश्वविद्यालय र त्यस विश्वविद्यालय बीचको तुलना गरिएको छ । 'कनेप्टिकको वटस : नेपालको आभास'मा केही नेपालीको आनन्ददायी बसोबास, कामको चटारो, महँगो घरभाडा, बच्चा र वृद्धहरूप्रतिको राष्ट्रिय दृष्टिकोण आदि कुराको निरुपण गरिएको छ । 'अमेरिकामा ओम् शान्ति प्रजापिता ब्रह्मकुमारी राजयोग सेवा केन्द्र' भित्र आफूहरू माउन्ट आबु पुग्ने प्रसङ्ग र त्यहाँबाट चारवटा सड्स्था रहेको जानकारी गराइएको छ । नेपालीहरू जहाँ पुगु परे पनि आफ्ना चाडपर्वहरू मनाउन पछि पर्दैनन्, स्वदेशबाट टाढा मनाइने यी सांस्कृतिक उत्सवहरू अत्यन्त आकर्षक हुने कुरा 'अमेरिकामा दसैं चाड' शीर्षकमा समेटिएको छ । जहाँ कवि व्यक्तित्वका रूपमा नियात्राकारले दर्शैको वर्णन गरेका छन् । 'अमेरिकामा सत्यनारायण मन्दिर' शीर्षकमा वाशिङ्टनमा अवस्थित दुर्गा मन्दिर र कनेक्टिक स्थित सत्यनारायण मन्दिर र मन्दिरको स्थापना, सञ्चालन प्रक्रियाको चिनारी गराउँदै आफूले त्यसवर्षको महालय श्राद्ध त्यहीं गरेको स्मरण सुनाइएको छ । लेखक लामो समय त्यहाँ बस्दा त्यहींको स्थानीय पर्व हलोविन चाड मनाउने परिपाटी र दिवङ्गत पारिवारिक सदस्यको आत्माको शान्तिका लागि गरिने संस्कारलाई 'अमेरिकामा हलोविन चाड' शीर्षकमा स्पष्ट पारिएको छ । 'सुनेको, देखेको र भोगेको अमेरिका' शीर्षमा अमेरिकाप्रति विश्वसमाज किन आकर्षित छ, त्यहाँको जीवनशैली र विकास निर्माण के कस्तो छ ? नागरिक सुरक्षा, स्वास्थ्य, शिक्षा सम्बन्धी अवस्थाको चित्रण गर्दै मानवसभ्यताको सम्पन्नता त्यहाँ प्रशस्त रहेकाले नै मानवीय आकर्षण बढेको कुरा यस अन्तिम शीर्षकमा गरिएको छ ।

समग्रमा नियात्रा भएकोले कतिपय पूर्वापर प्रसङ्ग जोड्ने क्रममा केही घटनाहरू दोहोरिएका छन् तर पनि सरसर्ती बगेको प्रवाहशील वर्णन कौशलले गर्दा हामी त्यहाँ नपुगेका व्यक्तिसमेत यसै कृतिलाई गाइड मानेर नियात्राकारसँगै पुग्छौं हाम्रो अनुभूतिलाई उनले छोइदिएका छन् । कृति पढ्ने जो कोहीले पनि आफूलाई अमेरिका पुगेर आए सरह वर्णनयोग्य तुल्याउन सक्छ, विभिन्न ऐतिहासिक वस्तुको ऐतिहासिक वस्तुगत चिनारी, सामाजिक प्रभाव, नेपाली समाजसँगको तुलना आदिले गर्दा कृति वास्तवमै हृदयस्पर्शी बनेको छ । हुन त यात्रामा पीडा, व्यथा, मानसिक छटपटी भए होलान् तर ती हामी थाहा पाउँदैनौं । एउटा अलौकिक यात्रामा लेखकले हामी सबैलाई सँगै डोऱ्याएका छन् । यही नै उनको सफलता हो । अस्तु :

समीक्षा

दुई कृति : एक दृष्टि

ॐ भागवत ढकाल

मेरो अमेरिका यात्रासँगै यात्रा गर्दा....

उहिलेको नागलोक र अहिलेको कुबेर लोक भनिने अमेरिका वर्तमान पुस्ताको आकर्षणको केन्द्रबिन्दु बनेको छ । डलरको देश परमाणुको देश, विकास निर्माण र समृद्धिको देश भनेर चिनिने अमेरिका यात्रा जसकसैको सपना हुन्छ, त्यस सपनालाई थोरै व्यक्तिले मात्र साकार गर्ने अवसर पाउँछन् । तिनैमध्येका एक हुन् प्रा.गोपीकृष्ण शर्मा ।

हुन त अमेरिका जाने र आउनेको भिड अचेल बढ्दो छ, त्यहाँ पुग्ने त्यहींको बन्ने, त्यहाँ पुगेर त्यहांका कुरा सिकी यहाँ आउने, त्यहींको सुखदुःखमा नेपाल र नेपालीको तुलना गर्ने यी विविध कोटिका प्राणी समाजमा यथेष्ट पाइन्छन्, सरकारी सुविधामा अमेरिका पुग्ने मोजमस्ती गर्ने फर्किने पनि होलान्, आफ्नालागि प्रशस्त सम्पत्ति कमाएर नेपाल फर्किनेको पनि कमी छैन तर आफ्नो यात्रालाई कैयन समाजका व्यक्तिसमक्ष बाँड्ने, यात्रा नितान्त वैयक्तिक भए पनि त्यसलाई राष्ट्रिय सम्पत्ति तुल्याएर फर्किने थोरै प्रतिभाहरूमा गोपीकृष्ण शर्माको नाम अग्रपंक्तिमा श्रद्धासाथ लिनुपर्ने हुन्छ ।

लामो समय आफ्नो कुशल प्राध्यापन पेशा अंगालेर देश विदेश भरि विद्यार्थी छोरेका गापीकृष्ण शर्मा सरल र भद्र व्यक्तित्वका रूपमा समाजमा परिचित छन्, झण्डै एक दर्जन कृतिका स्रष्टा आधा दर्जनजति कृतिका सम्पादनकर्ता एवं आधा दर्जनजति पदक पुरस्कार र सम्मान प्राप्त गरेका स्रष्टा, समालोचक गोपीकृष्ण शर्माले नियात्राकारका रूपमा 'मेरो अमेरिका यात्रा' लिएर पाठकमाझ देखापरेका छन् ।

झण्डै चार महिनालामो अमेरिका बसाइलाई गापीकृष्ण शर्माले शब्दचित्रका माध्यमबाट 'मेरो अमेरिका यात्रा'मा पस्किएका छन् । 'स्वागतद्वारमा उभिएर' नामक सानो भूमिकामा आफू र श्रीमतीले २०६२ साल श्रावण २५ देखि २०६२ मङ्सीर २४ सम्म गरेको अमेरिका यात्राको पृष्ठभूमि छोरी ज्वाईको आमन्त्रणलाई यहाँ प्रस्तुत गरिएको छ । कृतिको वास्तविक यात्रा 'थाईजेट पहिलो यात्रा' बाट भएको छ । आफ्नो थाईजेटको यात्रा पहिलो रहेको नेपालमा रहेका परिवारका सदस्यहरूको विदाइ अन्य इष्टमित्रको शुभेच्छाभाव, सुविधासम्पन्न विमान, हितैषी र सहयोगी विमान परिचारिकाहरूको व्यवहार, बैङ्कक्को छघण्टे ट्रान्जिट त्यसपछिको १८ घण्टा लामो आकाश यात्रा, न्यूयोर्कको जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण, छोरीज्वाई नातिनीहरूसँगको आत्मीय भेटघाट आदि प्रसङ्गलाई पहिलो शीर्षकमा समेटिएको छ । वास्तवमा एउटै परिवारको बिछोडपछिको मिलनलाई नदीका दुई धारको मिलन भनी नियात्राकारले आलङ्कारिक टिप्पणी गरेका छन् । 'न्यू हेभेनको हार्वर पुग्दा' कृतिभित्रको दोस्रो नियात्रा हो । जहाँ कनेक्टिकर स्टेटको समृद्ध सहर न्यू हेवेनको चर्चा छ । यातायात र अन्य विकास निर्माणका कार्य देख्दा लेखकलाई वास्तविक स्वर्ग नै हो कि भन्ने जिज्ञासा जागेको छ । 'वाशिङटन मोनुमेन्ट र नेपालको धरहरा' भित्र वाशिङ्टन डी.सी.मा रहेको बहुचर्चित मोनुमेन्ट हेरी नेपालको धरहरा, फ्रान्सको आयफल टावर, दिल्लीको कुतुबमिनार आदिको सम्झना लेखकले गरेका छन् ।

'ह्वाइट हाउस : अमेरिकाको शक्तिकेन्द्र' भित्र १४९२ मा पानीजहाजको साहसिक यात्राबाट क्रिस्टोफर कोलम्बसले पत्ता लगाएको अमेरिकाले

अब कसैलाई पनि काम लाग्दैन.... न तपाईंलाई... न ऊ मानबहादुरजीलाई ... न तपाईको छोरो आफैलाई....।

माने : के भन्नुभएको डाक्टर साहेब त्यस्तो .... ?

डाक्टर: दीपेन्द्रजीको ब्लडको रिपोर्टले जे भन्यो... म त्यही भन्दैछु ।

सूर्य : (नबुझेर हर्दै) के रै'छ र रिपोर्टमा ?

डाक्टर: उहाँको रगतमा एच.आई.भी. पोजेटिभ देखिएको छ..... ।

(माने झसङ्ग भएर हेर्छ र ध्याच्च बस्छ)

(अशोक र बिन्दु के गरूँ के गरूँ भएर बिस्तारै अलि पर जान्छन्)

सूर्य : (अलमल परेर) के भन्नुभएको डाक्टर साहेबले ? त्यो भन्या के हो ?

डाक्टर : दीपेन्द्रजीलाई अपरेशन त गरिदियौं हामीले। दुई/चार महिनामा खुट्टा त सन्चो हुन्छ तर उहाँलाई कहिल्यै निको नहुने रोग लागेको छ .... त्यो रोगलाई एड्स भन्छन्.... ।

सूर्य : (आतङ्कितजस्तो भएर दुवै हात टाउकोमा राख्दै) हे भगवान् ! के सुन्नु पऱ्यो यस्तो ? (रुन्छन्) (डाक्टर पुनः भित्रतिर जान्छन्)

माने : नरुनोस् बाजे ! नरुनोस् ! दाइले विदेश गएर रोग कमाएर ल्याउनुभएछ.... के गर्ने त रोएर केही हुने हैन अब ।

सूर्य : (झन् रुँदै) कस्तो पुर्पुरो रहेछ मेरो !

माने : तपाईंलाई र दाइलाई रगत दिएको कुरा र दाइलाई लागेको रोगको कुरा म ~~कसैलाई~~ पनि भन्दिनँ... तपाई पीर नगर्नोस् ।

(सूर्य चुपचाप रोइरहन्छन्)

माने : कति रुनुहुन्छ बाजे ! भो नरुनोस् । मैले जानी नजानी जे गरें तपाईहरूलाई भलो सोचेर गरें । त्यसमा तपाईलाई नराम्रो लागेको भए मलाई माफ गर्नुहोला । (हात जोड्छ)

(सूर्य मानेको हात समात्छन्, माने छोइयो भने झैं झस्किन्छ र हात झिक्छ)

सूर्य : (पीडित आवाजमा) हैन माने ! हैन.... तैले नराम्रो गरेको हैन, तेरो गुन नदेख्ने मै नराम्रो हुँ । तेरो रगतभन्दा मेरो छोराको रगत चोखो भन्ने मेरो घमण्ड आज चकनाचुर भयो । बिटुलो त मैंरै छोराको रगत रहेछ, जसले त्यस्तो ठूलो रोग बोकी रहेछ । (झन् रुन्छन्)

माने : (चिन्तित आवाजमा) त्यो रोग बरू मलाई लागेर मै मर्न पाएको भए हुन्थ्यो नि ! दाइलाई किन लाग्या होला !

सूर्य : (मानेलाई अँगालो हाल्दै) त्यसो नभन् माने... त्यसो नभन्... (बेसरी रुन्छन्)

माने : (आफूलाई फुत्काउन खोज्दै) के गर्नु भा'को बाजे ? अरूले देख्लान्..... ! कहाँ छुनुभएको मलाई ?

सूर्य : (आँसु पुछ्दै) जसले देखे पनि देखुन् ! अब मलाई कसैको डर छैन । उच नीच जात भात भन्ने कुरा त्यस्तै रहेछ । तेरो शरीरमा पनि त्यही रगत छ.... एउटै रगत मिल्ने.... छुन नमिल्ने हन्छ त कहीं... मेरा आँखा खुलिसके बुझिस् ? (मानेलाई पुनः अँगालो हाल्छन्, माने छक्क पर्छ)

(अपेशन कोठाबाट दीपेन्द्रलाई स्ट्रेचरमा राखेर ल्याउँछन् । माने र सूर्य उठेर स्ट्रेचरको पछिपछि लागेर अर्कातिर जान्छन् ।)

(पर्दा बन्द हुन्छ)

पाँच हाइकु

ॐ उज्ज्वल जी.सी..

१.
रातो सडक
टेबदैछन् शोपकले
निरङ्कुश हुँदै ।

२.
मान्छेको मन
किर्मिर अक्षर
सेतो खग्रास ।

३.
कुसाइतमा
जोडिएको सम्बन्ध
चकँको ऐना ।

४.
टोलाए आँखा
मनको अँधेरीमा
बोकेर पीडा

५.
सेता परेवा
ओथारा बस्दैछन् रे
चिम्लेर शान्ति ।

जीवनसार

ॐ बाजुराम पौडेल

जहाँ जिन्दगीले सदाचार बन्छ
र त्यो जिन्दगी एउटा सार हुन्छ ।
नखोज्दा नखोज्दै जहाँ हार हुन्छ
जहाँ जिन्दगी एउटा भार हुन्छ ॥१॥

बुझेको नगर्दा सदा जिन्दगी छ
सुनेको नमन्दा अझै जिन्दगी छ ।
जहाँ एउटा शब्द बाँकी रहन्छ
सधैं जिन्दगी एउटा सार हुन्छ ॥२॥

जहाँ बास छाडेर त्यो बास हुन्छ
बगेको किनारा भिजे सार हुन्छ ।
हिजोको बितेको, पुरानो कुराको
जहाँ सम्झना एउटा सार हुन्छ ॥३॥

जहाँ जिन्दगी एउटा धार हुन्छ
किनारा बढाई नदी बग्नुपर्छ ।
छ वा छैन मेरोपना थाहा हुन्छ
नफर्के कतै अन्तको सार हुन्छ ॥४॥

जहाँ न्याउली रात साटेर रुन्छ
जहाँ जिन्दगी चोट भोगी रहन्छ ।
जहाँ जिन्दगी हात थापेर बस्छ
चखेबा, नरो ए ! कठै ! रात बित्छ ॥५॥

एकैनास कतै हुन्न सुख वा दुःख देहमा
पालुवा चैतमा लाग्छ मार्गमा झर्छ वृक्षमा ।

कदापि वचनै त्याग्न हुन्न भन्छन् गुणी जन
स्वयम् दाशरथि त्यस्तै रमन्ते विपिनम्- धन ।

कवि बन्दैन रे कैल्यै संवेद्य भावनै नभै
बन्छ बन्न त, बन्दैन निगालो बाँसुरी भई ।

कालो गगन रेखामा हुन्छ सुमन क्यै कतै
अन्धकार स्वयम् भन्छ कहिले हुन्छ जतातते ।

'तीतानीठा कुरा' बाट

गजल

ॐ गोर्खे साईलो

खुसी हुँदै कमाउने विदेशमा नजाऊ है
हँसाउने सबै जना स्वदेशमा रमाऊ है ।

विदेशमा कसाइको व्यापार हुन्छ जिन्दगी
त्यसो हुँदा पराइका तिखा वचन् नखाऊ है ।

निरास बालखहरू रुने थिए दुखी बनी
बसेर काखमा सधैं रमाउँदै सजाऊ है ।

स्वदेशमा वहार आउला र बन्छ जिन्दगी
गरा हुनेछ है हरा समस्त शक्ति लाऊ है ।

अभाव जे हुँदैछ खोज है त पाइने गरी
उमङ्गमा छ 'साईलो' तिमी घरै बसाऊ है ।

विशालमार्ग, नारायणगढ, चितवन

(पन्चचामर छन्द १६ अक्षर (८।८×४) मफाइसुन×४
(बहरे हजज मुसम्मन मखबुज) रुक्नमा आधारित)

गजल

ॐ रासा

बादलभित्र सूर्य लुक्दा खिन्न हुन्छ मान्छे
पोखरीभित्र पानी सुक्दा खिन्न हुन्छ मान्छे ।

मूल्यहीन छन् सबै यहां कस्को कुरा गर्नु
मानवभित्र पशु भुक्दा खिन्न हुन्छ मान्छे ।

भागेर फेरि कहां जानु-बाँच्नु पर्नु यहीं
शरीरभित्र बल चुक्दा खिन्न हुन्छ मान्छे ।

मन त रोयो- रोयो माटो पनि रुन थाल्यो
सङ्गीतभित्र शिर झुक्दा खिन्न हुन्छ मान्छे ।

प्रेम हो सम्पूर्णता यस्तै लाग्छ सबैलाई
हियारभित्र घृणा फुक्दा खिन्न हुन्छ मान्छे ।

देवपत्तन

गजल

ॐ रामविक्रम थापा

भीडमा अचानक देखेर हेर्रे
अग्लो दुङ्गामै टेकेर हेर्रे ।

टाढै बसेर आँखा अघाए
जात्रा-रमिता छेकेर हेर्रे ।

मन त देखिनँ न त मात्र पढें
रारा समय ठेकेर हेर्रे ।

जाडोको बेलामा टाढै बसेथें
तिम्रै तापले सेकेर हेर्रे ।

घर आएँ र कलम टिपें
यौटा गजल लेखेर हेर्रे ।

बालकन्या मा.वि. फाक्टाङ-२, खोटाङ

गजल

ॐ सुवि सुधा आचार्य

परेली टेकेर गयौ तिमी
सपना देखेर गयौ तिमी ।

आँसुको चिस्यान पैतलामा
बिहानी फेँकेर गयौ तिमी ।

डोब आलै छन् यी नानीमा
गाजलले लेखेर गयौ तिमी ।

घाम आएन ओझेल पार्दै
छायाँले छेकेर गयौ तिमी ।

जे गर्‍यौ खुशी छु आज धेरै
सुधात्व टेकेर गयौ तिमी ।

रत्नराधिका साहित्य परिषद्

एकान्तमा आफ्नै अतीत, पार्टीजीवन र प्रशासन आदि क्षेत्रमा रहेका सङ्गत विसङ्गत पक्षबारे सोंचेर केही नयाँ निष्कर्ष निकाल्नुभएको छ .....।

प्राध्यापक रामप्रसाद दाहालको गहन विचार भूमिकाको रूपमा प्रस्तुत भएको छ, उहाँले आफ्नो भनाइ यसरी व्यक्त गर्नुहुन्छ :

दैनिक जीवनको गहनतमदेखि तुच्छ समस्यासम्म भोग्दै भावी विस्फोटको तयारीसम्मको गहनतम अवस्थालाई तेर्स्याएर तिनलाई बुझ्ने र तिनसँग लड्ने वा आत्मसात गर्ने क्षमतामा नै हामो जीवन टिकेको हुन्छ भन्ने सुक्ष्म सन्देश दिँदै यो पुस्तक समाप्त भएको छ ..... । भनाइमा स्पष्टता, बौद्धिक प्रखरता, विषयगत गहिराइ र सुक्ष्म अध्ययन गर्ने शैली ईश्वर पोखरेलका निजी विशेषता हुन् ..... ।

यी विचारहरूले नै माघ १९ कृतिको यथार्थतालाई स्पष्ट पारेको छ र प्रश्रित र दाहाल जस्ता विद्वान्हरूको परिष्कृत लेखनीले माघ १९ आत्मसंस्मरण कृतिलाई अझ सुन्दर बनाएको छ।

कुनै पनि कृतिले आफ्नो गरिमा कायम राख्न त्यस भित्रका विषयवस्तुको महत्वपूर्ण भूमिका हुन्छ। त्यसले समाज र राष्टलाई नै प्रभाव पार्ने हुनाले त्यो अवश्य पनि विचारणीय हुन्छ। माघ १९ कृतिमा जीवनका आरोहअवरोह छन्, व्यक्ति विशेषबाट माथि उठेर विचार प्रस्तुत भएका छन्। एउटा पार्टीको प्रमुख लाइनमा रहेर पनि अत्यन्त शालीनतापूर्वक आफ्ना भनाइहरू राख्नु बौद्धिक क्षमता हो। म त उहाँको भाषणशैलीबाट प्रभावित भएको मानिस हुँ। आज माघ १९ कृतिबाट त लेखनशैलीबाट पनि प्रभावित भएँ । एउटा लेखकलाई कुनै कुरा पनि ठूलो वा सानो हुँदैन। त्यस्तै प्रकृति यहां देखिएको हुनाले पनि साहित्योन्मुख भएको छ, माघ १९ कृति । नेपाली साहित्यको संस्मरणको मैदानमा स्वच्छन्दतापूर्वक खेल्न सक्ने भएको छ - माघ १९ कृति ।

माघ १९ भन्दा विशेषकै निरङ्कुशता हावी भएको जीवन पद्धतिलाई प्रस्तुत गर्छ तर त्यहीं मात्र सीमित भएको छैन र त नेपाली साहित्यमा एउटा नवीनतम कृति आएको अनुभव भएको छ। सुन्दर आवरणमा छापिएको माघ १९ प्रतीकात्मक बन्न पुगेको छ। सुन्दर मानव जीवनलाई असुन्दर बनाउने प्रतिको व्यङ्ग्यचित्र प्रस्तुत भएको यो कृति भित्रबाहिर सबै सुन्दर छ। समाज निर्माणको लागि अनवरत लाग्नुभएका व्यक्तिको अन्तर्हृदयको वेदना प्रस्तुत भएको छ। समाजको चित्र खिच्न खप्पीस इंश्वरजीको यो पुस्तकले समाज निर्माणमा लागेका हर व्यक्तिलाई सजग बनाएको पनि छ। इतिहासले हामीलाई देखाएको छ - जहिले पनि मानिस सभ्यताको चरमचुलीमा पुग्ने कोशिसमा भए पनि कार्य गर्ने सिलसिलामा अत्यन्त तल झरेर कार्य गरेको देखिन्छ। स्वार्थान्ध मानिसले मा त्यसो गर्न सक्छ, मानिसकै रूपमा बाँच्न चाहनेले कदापि गर्दैन । महाभारतकालीन समय पनि अति उर्वर समय भन्ने कुरा इतिहासबाट देखिन्छ। कृष्णजस्ता कुटनीतिज्ञ र भीष्मजस्ता व्यक्तिले पनि केही गुमाउनुपरेको थियो समाजलाई सुदृढ बनाउने क्रममा। अर्थात् ठूलो वस्तु प्राप्त गर्न सानो वस्तु गुमाउनुपरे पनि लागि पर्नुपर्छ भन्ने सङ्केत दिन्छ। समय परिवर्तनशील छ, तदनुरुप परिवर्तन मानिसले पनि चाहनु स्वाभाविक हो तर कति उचित कति अनुचित नेतृत्ववर्गले छुट्याउनुपर्छ र नै सभ्य समाजको निर्माण हुन्छ, आफ्ना कमीकमजोरीलाई हेर्न सक्ने व्यक्ति नै सच्चा समाजसेवी हो। यस्ता मुलभूत पक्षलाई लेखकले राम्रोसँग केलाउन माघ १९ कृति सक्षम भएको छ, तसर्थ समाजलाई मार्गदर्शन गर्न सक्षम कृति पठनीय र सङ्ग्रहणीय रहेको छ। इत्यलम् ।

धुम्वाराही, काठमाडौं ।

अमेरिकी लघुकथा

एउटा अनौठो कथा

✍ ओ.हेनरी

अस्टिनको उत्तरी भागमा स्मथर्स नामको एक इमान्दार परिवार बसोबास गर्दथे। त्यो परिवारमा जोन स्मथर्स, उसकी स्वास्नी, पाँच वर्षकी सानी छोरी– तीन जनाको सानो परिवार थियो।

एक रात, खाना खाइसकेपछि सानी छोरीको पेट एकदमै दुख्न थाल्यो र जोन स्मथर्स औषधी लिनका लागि झटपट तल सहरतिर कुँद्यो।

ऊ कहिल्यै आएन।

त्यो सानी बच्चीको पेट दुखाई पछि निको भयो र समय बित्दै जाँदा विस्तारै ऊ ठूली भई, वयस्क भई।

आमाले आफ्नो लोग्ने हराएकोमा खुब चिन्ता लिई। अनि तीन महिनापछि नै अर्को बिहे गरेर सेन अन्टोनियोमा बसाई सरी।

त्यो सानी बच्चीले पनि एक दिन विवाह गरी र केही वर्षपछि उसकी छोरी पनि पाँच वर्षकी भई।

उनीहरू चाहिँ पहिले आफ्नो बाबुले छाडिगएको घरमै बस्दथे। अन्त कतै सरेनन्।

एक रात काकताली नै पऱ्यो, उसकी सानी छोरीलाई पनि बिछट्टै पेट दुख्यो। त्यो रात जोन स्मथर्स हराएको रातकै वार्षिकी थियो। यदि ज्यूँदै भए अहिले उनी हजुरबाबु हुन्थे त्यस बच्चीको।

"म तल सहर गई छोरीको निम्ति औषधी ल्याउँछु"-जोन स्मिथले भन्यो। जोन स्मिथ भनेको अरू कोही होइन, उसले बिहे गरेको व्यक्ति नै थियो।

"अहा नजाऊ, प्रिय जोन!" उसकी स्वास्नी कराई–"तिमी पनि फेरि हराउलाउ सधैंको लागि र फर्कनै बिर्सेलाउ।"

यसरी जोन स्मिथ औषधी किन्न गएन र सानी प्यान्सी (प्यान्सीको नाम त्यही थियो)को ओछ्यानसँगै उनीहरू बसिरहे।

केही बेरपछि प्यान्सीलाई झन् च्याप्यो र जोन स्मिथले फेरि औषधी लिन जान चाह्यो, तर उसकी स्वास्नीले उसलाई फेरि जान दिइन।

अचानक घऱ्याक्क ढोका खोलियो र टाउको कुम निहुरिएको, कुप्रो, लामो सेतो कपाल भएको एउटा बुढो मान्छे कोठाभित्र प्रवेश गऱ्यो।

"उ, हजुरबा आउनुभयो।" प्यान्सीले भनी। अरुले चिन्नु अगाडि नै उसले चिनिहाली।

त्यो बुढो मान्छेले खल्तीबाट औषधीको सिसी निकाल्यो र प्यान्सीलाई एक चम्चा खुवाइहाल्यो। प्यान्सी तुरुन्तै ठीक भई।

"म अलि ढिलो भएँ।" जोन स्मथर्सले भन्यो- " ट्रामगाडी कुरिरहेको थिएँ नि त!"

अनु : किशोर पहाडी

संस्मरण कथा

आशा र निराशा

ॐ नारायण गोदारे

केनाङ सबैलाको थियो, म पोर्ताहा गोदारको। उसलाई मदन र मुरारीले मकहाँ कमलाक्षी जागृति छापाखानामा परिचय गराएका थिए। यस बखत मसँग अध्ययन गर्ने साथी बद्रीकुमार श्रेष्ठ पनि आएको थियो। उसको घर भने लमजुङ जिल्लातिर पर्थ्यो।

केनाङ र बद्री दुवै कथाविधामा कलम चलाउँथे। आज-आज भोलि-भोलि गर्दागर्दै ती चारै घनिष्ट साथी भए। मदन र मुरारी मेरा वडकुर्वामा पढ्दाका साथी थिए। सबैला हाटबजार गर्ने स्थल थियो। त्यो हाटबजार गर्दाको र आवत-जावतको संस्मरण पनि हामी जम्मा हुँदा सम्झने गर्थ्यौं।

जब हामी एसएलसी पास गरेर काठमाडौं कमलाक्षीमा अध्ययनका क्रममा जम्मा भयौं, मैले सरस्वती कलेजमा मानविकीतिर उच्चशिक्षाको पहिलो खुड्किलोमा नाम लेखाएँ। पत्रकारितामा काम गर्न थालें व्यवस्थापन तर्फ।

मदनले त्रिचन्द्रमा आइएस्सी प्रथम वर्षमा नाम लेखायो र पछि इञ्जिनियरिङ्ग पढ्ने अठोट गऱ्यो।

मुरारीले पनि साइन्स बायलोजी पढेर पछि डाक्टर हुने लक्ष्य लियो। त्यसै क्रममा केनाङले पनि अस्कलमा बायलोजी लिएर एक वर्षअघि नै अध्ययनरत थियो।

बद्रीकुमार मसँगै पढ्थ्यो। प्रोफेसर हुने वा शाखा अधिकृत हुने भन्ने लक्ष्य थियो।

तर केनाङ र बद्री दुवै नेपाली समाजका पारपाचुके विरोध चेतनामूलक कथा लेख्दथे। जागृति साप्ताहिकमा म भएका कारण कथा छपाएर कथाकारमा स्थापित हुने रहर मेट्न आइरहन्थे। उनीहरूका कथाहरू पत्रिकाको पालो क्रममा प्रकाशन हुन्थ्यो। यसमा कुनै विवाद थिएन।

रहँदा बस्दा मेरो विवाहको कुरो सुमित्रा चालिसेसँग चल्यो। यस कार्यमा मदन र बद्री निकै उत्सुक भए। मदनले त बिहेसम्म साथ पनि दियो। मुरारी र केनाङका व्यस्तता थिए। कहिले काहीं हामी सबै जम्मा हुन्थ्यौं र अतीतलाई सम्झँदै वर्तमान सच्याएर आगतमा के गर्ने भन्ने लक्ष्यको निर्धारण गर्थ्यौं। कहिले काहिं शनिवार सिनेमा हेर्ने प्रोग्राम चल्थ्यो। सबका सब जम्मा भएर हेरिन्थ्यो। आइन्थ्यो। रमाइलो मनाइन्थ्यो। यो मानवीय धर्म र संस्कार नै थियो।

केनाङ हामीभन्दा एक वर्ष अगाडि आइएस्सी पास भयो। त्यसपछि रसियन भाषा सिकेर रुसमा एर्मावविएसका लागि स्कलरसिप पाएछ। ऊ रसिया जाने तयारीमा जुट्यो। हामी बाँकी चारजना दोस्रो वर्षमा अध्ययनरत थियौं। सुमित्रा पनि पदमकन्यामा अध्ययनरत थिइन्। उनीचाहिं प्रोफेसरी गर्ने लक्ष्य अन्तर्गत निमाविमा अध्यापन कार्यमा थिइन्।

त्यस बेला पञ्चायती राजनीतिको जमजमाहट थियो। आजको जस्तो वृहत् जनसङ्ख्या पनि थिएन। हल्का सामाजिक प्रतिष्ठामा साधारण जीवन यापन हुन्थ्यो।

माघ १९ कृति राजनीतिसँग सम्बद्ध आत्मसंस्मरणात्मक कृति हो, यसमा पुरानो इतिहासलाई पनि ठाउँठाउँमा भिऱ्याइएको छ र त्यो जीवनलाई पनि अत्यन्त निकट तुल्याइएको पाइन्छ। आत्म संस्मरणमा कतिपय ठाउँमा कवितात्मक शैलीले प्रभाव पार्छ। नवीनतम इतिहाससँग सम्बद्ध भएर अगाडि बढेको छ, अग्रगामी सोंचलाई जीवन्त बनाएको छ। माघ १९ कृतिको सीमा त्यति मात्र होइन वा त्यहींमात्र सीमित छैन औपन्यासिकताको झल्को भनौं वा रमरम स्वाद दिन पनि पछि नहटेको आभास यहाँ देख्न पाइन्छ, यो माघ १९ कृतिको विशेषता हो।

माघ १९ कृतिको एक नम्बरको शीर्षक हिरासतमा लिइँदाको पृष्ठ १२ को एक लाइन हेर्न सकिन्छ :

आगनको छेउँमै रहर लाग्दा बोटबिरुवाको बीचमा ठिंगिङ्ग खडा सुकेको सिसौंमा एउटा कालो काग कराउादै थियो .....।

काग कराउनु सामाजिक धारणाबाट उत्पन्न गर्ने राम्रा नराम्रा भावहरूलाई देखाउनु हो जहां कृति माघ १९ को शीर्षकको नजीक पुगेर अनुभव गर्दा भित्रैभित्र बिजाएको, भयधृणा उत्पन्न भएको पाइन्छ। जीवन भयमुक्त हुनुपर्छ, जीवन स्वतन्त्र हुनुपर्छ, भयमुक्त र स्वतन्त्र जीवनको लागि सङ्घर्षरत व्यक्तित्व ईश्वर ईश्वरीय भावनाबाट अभिप्रेरित बनेको छ। कार्य क्षेत्रमा लाग्दाको अवस्थामा मनमा उब्जेका भावनाले प्रतिनिधित्व गर्छ र उर्लंदा भावनाहरू यसरी व्यक्त हुन पुग्छन्

मन्त्रालयमा पुगेर काम गर्न थालेपछि मलाई एउटा भत्केर खण्डहर हुन लागेको ठूलो दरवार मा आइपुगेजस्तो लाग्यो .....।

यसमा व्यक्तिका विचारलाई विस्तारित बनाइदिन्छ। कुनै व्यक्तिलाई त्यसै केही गर्न सकिदैन भन्ने विवेकसम्म भएका सामन्तीहरू आफ्ना भरौटेहरूलाई उजुर हाल्न लगाएर भए पनि न्यायिक परिधिमा बाँच्न चाहन्छन्, एकले अर्कोलाई मुर्ख बनाउने कोशिशमा नै जीवन यापन गरेको विचित्र रूप यहां देख्न पाइन्छ। कुनै पनि कुराले सीमा नाघेपछि आफै मुर्ख बन्न पुग्छन्। यसको उदाहरणको रूपमा ईश्वर पोखरेलले माघ १९ को संस्मरण कृतिमा स्पष्ट लेख्नुभएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका एक प्रहरी सहायक निरीक्षक र प्रहरी हवल्दारको उजुरी प्रतिवेदनको आधारमा डि.एस.पी.ले प्रजिअ समक्ष कारवाहीका लागि सिफारिस गरेको प्रसङ्गले पुष्टि गर्छ। यसबाट शासकका क्रियाकलाप २१औं शताब्दी आएर पनि कुनै भिन्नता नभएको स्पष्ट देखिन्छ। यी कुराहरूलाई हृदयङ्गम गर्दा अत्यन्त सुन्दर कृति बन्न पुगेको छ। राजनीति पृष्ठभूमिमा लेखिएको कृतिमा आफ्नो संस्मरण, जेल जीवनको संस्मरण एउटा राजिनीतिज्ञको संस्मरण प्रस्फुटित भएको छ, जहां केवल राजनीति छैन, साहित्य छ, त्यसमा मानवीय चिन्तन छ, संवेदनशील चिन्तन छ, विगतका सम्झनाहरू हृदयतः पोखिएका छन्। कार्यक्षेत्रको यथार्थ चित्रण छ। जसबाट प्रभावित भएर नेपाली साहित्य क्षेत्रका हस्ती, सटीक टिप्पणीकर्ता मदन पस्कार जगदम्बा प्रेसजस्ता संस्थाहरूका सञ्चालक, साहित्यकार कमलमणि दीक्षितजस्ता व्यक्तित्वले आफैले प्रकाशन गर्ने जिम्मा लिनुभयो र अठोटलाई अक्षरशः पालना गर्नुभयो, राम्रो कार्य जन समक्ष ल्याउनुभयो। वरिष्ठ विद्वान् लेखक मोदनाथ प्रश्रितले मन्तव्य दिनुभयो। आफ्नो मन्तव्यमा उहांले भन्नुभएको छ :

औंसीको कालो रातमा पनि तारा र जुनकीरीहरू चम्कन्छन्। प्रहरीको थेत्रो केठीले एउटा राजनीतिक नेतामा पुस्तक र कलमको भोक तीव्ररूपले जगाइदियो। त्यस लामो सन्नाटाभित्र उहाँले के के सौंच्नुभो, के के पढ्नुभो र किन र कसरी कलम चलाउनुभो, त्यसैको शृङ्खलाबद्ध साक्षी हो उहाँको यो जेलवृत्तान्त.....। चिन्तन, मनन र लेखन निम्ति पनि जेलको समय निकै उपयोगी हुन्छ। पुस्तकले बताउँछ : लेखकले त्यस

समीक्षा

ईश्वरको नाता साहित्यमा

ॐ ठाकुर शर्मा

मानवजीवन विचित्र छ, कहीं स्वादिलो छ भने कहीं बेस्वादिलो । प्रकृति अनुसार विभिन्न क्षेत्रसँग आबद्ध भएर जीवन यापन गर्ने र उद्देश्य परिपूर्ति गर्ने क्रममा कतिपय ठाउँमा चिप्लिन्छ पनि मानव । जानीजानी चिप्लिनु वा नजानीकन चिप्लिनु नियति बनेको छ। सकेसम्म नचिप्लिकन जीवन यापन गर्न सक्नु पनि आध्यात्मिक सिँढीतिर अग्रसर हुनु हो । मानव सामाजिक प्राणी भएकै कारण कुनै नकुनै कार्यमा सङ्लग्न रहनु स्वाभाविक नै हो । केही इच्छा, केही आकाङ्क्षा अवश्य हुन्छन्, पुरा गर्नतिर उन्मुख हुनु पनि स्वभाविक नै हो तर त्यो कतिसम्म हुनुपर्छ, कतिसम्म क्षम्य हुन्छ वा कतिसम्म मानिसले आँखा चिम्लिदिनसक्छ, त्यसको ठम्याइमा चल्नु महत्वपूर्ण कुरा हो ।

जीवनका आरोहावरोहको क्रममा समाजको लागि कार्य गर्न तम्सिनु नै आवश्यक छ । लामो समयदेखि उच्चासनमा बसे पनि यदि आफ्ना पाइलाहरूमा सतर्कता रहेन र नैतिक अनैतिक छुट्याउन सकेन भने पदच्युत हुनु स्वाभाविक हो, त्यसमा पनि राजनीतिको क्षेत्र त अत्यन्त संवेदनशील छ, प्राप्त जीवनमा धेरै कार्य सम्पन्न गर्नुपर्ने हुन्छ। राजनीतिज्ञ हुनुभनेको संसारको अध्ययन गर्नु हो, साधारण व्यक्तित्व हुँदैन, धेरै माथि उठेको हुनुपर्छ र असामान्यस्थितिमा रहेको हुनुपर्छ किनकि उसको नीजि स्वार्थ हुँदैन, स्वार्थविहीन रही आफूलाई त्यसमा समाहित गर्न सक्नुपर्दछ। यस्तै नीजि स्वार्थबाट अलग रही राजनीतिमा होमिएका कर्मशील व्यक्तित्व हुनुहुन्छ **ईश्वर पोखरेल** ।

मैले बुझेसम्म अत्यन्त चिन्तनशील व्यक्तित्व भएको कारण पनि तीसौं वर्षको राजनीतिक जीवनमा आफ्नो व्यक्तित्वलाई निखार्दै लगेको देखिन्छ यो मेरो ठम्याइ हालसालै जगदम्बा प्रकाशनबाट प्रकाशित भएको **माघ १९** कृति हेरेपछिको ठम्याइ हो । **माघ १९** कृति बाह्रयान्तर रूपले नै वृहदाकारको बन्न पुगको छ । एउटा व्यक्तिले आफ्नो जीवनमा देखेकाभोगेका कुरालाई अत्यन्त मार्मिक किसिमबाट प्रस्तुत भएको देखिन्छ भने **माघ १९** कृतिको शीर्षक नै प्रतीकात्मक रहेको छ । त्यसै पनि महिना, मितिले जिज्ञासा उत्पन्न गर्छ, इतिहासमा तिथिमितिको धेरै महत्व छ, इतिहासका सत्यतथ्य घटनाहरूले भविष्य निर्धारण गर्छ, मार्ग निर्देश गरेको हुन्छ । इतिहासमा अनेकौं घटना घटेका छन्, कुनैकुनै मितिले त आइ.सिरिङ्ग बनाइ दिन्छ भने कुनै मितिले आनन्दानुभुतिको अनुभव पनि गराइदिन्छ अर्थात् कुनै नासतिर अग्रसर छ कुनै निर्माणतिर अग्रसर । **माघ १९** कृतिको मितिले जिज्ञासा उत्पन्न गराउनुका साथै अनेक किसिमका भावहरू ताछाडमाछाड गर्दै आउँछन् । **माघ १९** को मिति सम्झँदा हृदयको कुनामा अन्धकार रूपी कालो बादलले ढाक्छ, अशान्त मन त्यसै पनि गतिहीन बन्न पुग्छ, भय, त्रास आतङ्गका चित्रहरू कोरिन थाल्छन्, तर सुस्तसुस्त असन्तुलित मन कृति पढ्दै जाँदा तेरोमेरोबाट पर हटेर मन सन्तुलित भावनातिर जागृत हुन थाल्छ, समानताको खोज हुन थाल्छ, शान्त भएर कृतिको सेरोफेरोमा मन डुल्न थाल्छ । कालो बादलमा पनि त चाँदीको घेरा हुन्छ भनेझैं उज्यालोको आभास त अवश्य छ,अब त धेरै भयो समयले कोल्टा फेर्नै पर्छ, अब जीवन जीवन्त बन्नुपर्छ, जतिजति पाना पल्टाउँदै गयो उतिउति जिज्ञासाहरू बढ्दै जान्छन्, केही लेख्ने क्षमतामा कमी भए पनि केही भन्न मन लाग्छ, केही कोर्न मन लाग्छ। यही कारण लेखनीले गोरेटो खोजिरहेको हो ।

वातावरण हुकुमीशासन भएकाले खलबल थिएन । आकाश खुला । समय चैतवैशाखको वसन्त ऋतु । एक दिन बिहानै चिया खानेगरी कमलाक्षी जागृति छापाखानामा केनाड, मुरारी र मदन आइपुगे । नमस्कार पनि चल्यो । चिया सुर्क्याए । भाउजु ! भनेर सुमित्रालाई सम्बोधन गरे । बिहे भएकोमा हामी दुवैलाई बधाई पनि दिए । हामीले पनि स्वागतम् भन्यौं । स्वीकारोक्ति अत्यन्त वातावरणीय ढङ्गबाट भयो ।

सम्पादक महोदय शक्तिजी आइपुग्नु भयो । "क्या हो ! तिमीहरू त, आज खुब खुसी मुद्रामा देखिएका छौ । के हुँदैछ प्रगति ?" भनेर प्रश्न गर्नुभयो । मदनले "केनाड भोलि रुस जाँदैछ एमविविएस पढ्न" भनेर सुनायो । शक्तिजीले "उसो भए प्रगति गरेछौ । लौ राम्रोरी पढ्नू । यहाँका पत्र-पत्रिकाहरूलाई कथा लेखेर त्यहाँका प्रवृत्तिबारे जानकारी गराउनू । मेरो यही छ तिमीलाई शुभेच्छा । लौ त बधाई ।" भन्दै प्रेसतिर छिरे ।

त्यसपछि बिहान आठ बजेतिरको समय आकाश निलीमय घामका झुल्का अल्ला घर भवनहरू छिचोल्दै हामी भएका घरको पहिलो तल्लाको बार्दलीमा प्रकाशमय भयो । यति नै खेर केनाडले पनि हामी दुवैसँग पछि डाक्टर बनेर फिर्ने गरी भोलिको जाने तयारीका लागि मदन र मुरारीलाई लिएर केही बजारमा गएर आवश्यकीय मालसामान लुगाफाटो जिन्सप्यान्ट लिने धुनमा बिदा लियौं । "लौ त भाइ राम्ररी गएस् । राम्ररी पढेस् । रुसका बोक्सीहरूले नचिलुन् ।

त्यसबेलासम्म गोरखापत्र, मधुपर्क र गरिमा लगायतका पत्रपत्रिकामा उसका कथा छापिन झर्खर झर्खर सुरुभएको थियो ।

यसपछि एउटा कथासङ्ग्रह रणधीर सुब्बा साझाका अध्यक्ष भएका बखत निक्कै धाएर त्यहाँबाट प्रकाशित गरायो । त्यो कुरो रुसबाट पत्र पठाउँदा थाहा भयो ।

डेढ वर्षपछि मुरारी पनि रसियन भाषा सिकेर स्कलर्सिपमा रुसमा एमर्विविएस अध्ययन गर्नेतिर लाग्यो । ऊ पनि केनाड्सरह नै बिदा लियो हामीहरूबाट ।

मदनको भने स्कलर्सिपमा कतै पनि नाम निस्केन । नेपालमा त्यसबेला इञ्जिनियरिङ्ग पढाइ हुँदैन थियो । आजको जस्तो । त्यसपछि ओभरसियर तिर अध्ययन गर्न लाग्यो ।

म र सुमित्रा त्रिचन्द्र र पद्मकन्यामा नै अध्ययनरत थियौं ।

रहँदा बस्दा केनाड् रुसको हावापानीमा रम्यो । जेनी भन्ने उसकी गर्लफ्रेण्ड थिई । बिदाका बखत युरोप र एशिया घुम्यो । केही सामान किनमेल गरेर ओसारपसार गर्थ्यो । सबैसँग भेट्ने रहर थियो । बिहे भएको थिएन । प्राक्टिसका लागि वीर अस्पताल रोजेको थियो दुई वर्षका लागि । यो समय पुस माघको महिना थियो । त्यसबेला रुसमा अत्यन्त हिउँ पर्दारहेछ । घामको दर्शन पाउन पनि गाह्रो हुँदोरहेछ । तास्कन सहर आफैमा नमुना सहर थियो । अठार वर्ष नाघेपछि केटाकेटीहरू बालिग हुँदा रहेछन् । आफ्ना जीवनसाथी रोज्ने छुट रहेछ । तर मुस्लिम समाजमा भने स्वजातिमा मात्र छुट रहेछ । उनीहरू भने धर्म कुरानका नाममा कट्टर नै रहेछन् । क्रिश्चियनहरू धेरै नै स्वतन्त्र र एडभान्स रहेछन् । यी सबै रहनसहनका बारेमा उसले आफ्ना कथा मार्फत् नेपाली समाजमा विस्तृत जानकारी गराएको थियो । यो नै केनाड्को विशेषता हो । उसका कथाका पात्र कोही मरुभूमिमा त कोही काठमाडौंका रानीपोखरीमा कथाका अन्त्यमा आत्महत्या र आत्मदाह गर्थे । कोही टिबि र क्यान्सर अनि मुटुको गति बन्द भएर कुनैमा केटा त कुनैमा केटीको मृत्यु बिछ्योड भएको देखाउनु कथाको विशेषता हुन्थ्यो ।

३०३८ सालतिर मदन भेट भयो । उसले जागिर खाइसकेको रहेछ प्राविधिकतर्फ । मुरारी पनि डाक्टर भएछ । कान्तिमा जागिर भएछ । बद्री बडा लेखापाल र पार्ट साइम प्रोफेसरी पनि गर्दो रहेछ । म भने त्यस बेला सुमित्रालाई यतै माइततिर छाडेर कार्गोमा काममा धनगढीतिर पुगेको थिएँ । त्यसैबेला केनाड्को रुसबाट फर्कने खुशियालीमा प्रेमिका जेनीका घरमा एक दिन अगाडिको साँझ पार्टी रहेछ । छुट्टिनुपर्ने पीडामा डिनर ककटेलमा मदिराको मात्रा धेर भएछ । रमाइलो मनाएपछि पिएचडी सर्जनका लागि यतै आउने सर्तमा एघार बजे राती छुट्टिएर होस्टेलमा फर्कदै गर्दा ठण्डा माइनस पन्ध्र तापक्रमले मुटु र मस्तिस्क फ्रिज हुँदा नसा चुडिएर रक्तश्राव भई बाटोमै एक्कासी मृत्यु भएछ । रमन प्रहरीले अस्पताल पुऱ्याएछ । इमर्जेन्सीमा जाँच गर्दा उसको प्राण रहेनछ ।

यो कुरा जेनी र उसका आमाबाबु भाइबैनीले थाहा पाएर अस्पताल पुगे । नाजवाफ भए । सबै नेपाली साथीहरू जम्मा भए । डाक्टरको रिपोर्टमा मुटु फुटेर प्राकृतिक मृत्यु भएको घोषणा गरियो । पर्सिपल्ट शव काठका बाकसमा बन्द गरेर काठमाडौं त्रिभुवन विमानस्थलमा पार्सल भएर हवाइजहाजबाट आइपुग्यो ।

यो खबर पहिले नै सबै आफन्त आमा, बाबु, भाइ, बैनी, फुपु, फुपाजु, भान्जा, भान्जी, उसकी प्रेमीका र मदनका परिवारलाई थाहा भएछ । सबै विमानस्थल पुगे । त्यो बाकस बुझे । त्यतैबाट गुठियार जम्मा भएर आर्यघाट लगियो । धर्म संस्कार अनुसार अन्त्येष्ठी गरियो । सबै परिवार र उसका दिवास्वप्न आशा र निराशामा चिताका दागबत्ती दिएपछिको अग्नीज्वाला लप्काससँगै चकनाचुर भएर अन्त्यमा खरानी भयो । सबैले एक एक अञ्जुली पानी चढाए । अस्तु सेलाए । एउटा डाक्टरी पास गरेर देश र समाजको सेवा गर्ने रहर त्यस दिनबाट पलायन भयो । यो खबर पाएपछि मदनले सुनायो, मलाई र मेरी श्रीमती सुमित्रा एवं साथी बद्रीकुमारलाई पनि साह्रै खल्लो र निरस लाग्यो ।

यो सम्झनास्वरूप लेखकले केनाड्को जन्म दिन मनाउनका लागि पनि एउटा खेस्रा कथा कोरेर तिलाञ्जली सुम्पिदै उसका परिवारप्रति समर्पण गर्दछ । त्यसै समय एउटा सूर्य लालिमासाथ डाँडाबाट पश्चिमतिर ओझेलिन्छ ।

छब्बीस सत्ताइस वर्षको अन्तरालमा आज पुनः रुसमा अर्को केनाड जन्मेर डाक्टरी पढिसिद्धाएको हुनुपर्दछ - मोटो गठिलो त्यही शरीरमा ।

३६ ३६ ३६

गजल

✍ पौडेल 'मधु'

सम्झेथें एउटा, अर्कै पो रहिछौ
क्षितिजमा कोरिएको धर्को पो रहिछौ ।

जुन र शीत शरद् मानें
चैतको धुप झैं चर्को पो रहिछौ ।

मरुन्जेल धित यो पिउँछु भन्थें
सल्केको बिँडीको सर्को पो रहिछौ ।

सागर, नदी, मूल भनें व्यर्थै
हिंउदे झरीको दर्को पो रहिछौ ।

राम्रो नै थियो, आफ्नो नै लाग्थ्यो
तिमी त पल्लो घरको पो रहिछौ ।

पर्वत

चोका

मान्छेको चोला

✍ विष्णुबहादुर सिंह

अतीतसँग
वर्तमान डराई
भविष्य हेर्दै
आफ्ना रुवाइहरू
आँशुमा बेर्दै
सिङ्गो जीवनसँग
मान्छेको रूप
विकृतिमय भई
अट्टहासमा
रुमलिन खोजेर
बाटो बिराई
गन्तव्यहीन यात्रा
नटुङ्गिएर
परिवर्तन सोचाइ
आवश्यकतामा
कति सजीव होला
मान्छेको चोला ।

जुकेना-६, अर्घाखाँची

गीत

✍ श्यामप्रसाद घिमिरे 'निर्मल'

सुखदुःख एक्लै खप्ने मान्छे हैन रे'छ ।
सुख पनि दुःख पनि बाँड्न खोज्दो रे'छ ॥

अँध्यारो मै रोई एक्लै दुःख भुल्न खोज्छु ।
आँखा चिम्ली कल्पनामै पृथ्वी ढुल्न सक्छु ॥
मनले सधैं सुख साँच्ने साथ खोज्दो रे'छ ।
दुःख पर्दा सान्त्वनाको भीख माग्दो रे'छ ॥

संसारमा कोही छ कि मेरो सुख साँच्ने ।
दुःख पर्दा रोइरोई संगसँगै बाँच्ने ॥

कुन आँखा रसाउन्न दुःख पीर देख्दा ?
कुन छाति बिझाउन्न वेदनाले टेक्दा ?
एक्लो सुख अनुभूति पूरा हुन्न कैल्यै ।
रमाउन खोज्छ मान्छे सुख बाँडी पैल्यै ॥

सुख दुःख नबाँडिने दिव्य मन्त्र के छ ?
मनले भने सुख दुःख बाँड्न खोज्दो रे'छ ॥

लामाटार-४, ललितपुर

गजल

✍ अमृत वी.सी. 'सेन्टी'

रक्सीको होइन मलाई मायाको मात भो
जब पहिलो चोटी तिम्रो र मेरो बात भो

छैन मलाई अब भोक अनि तिर्खा
तिम्रो चोखो माया पाएँ त्यही मेरो भात भो

बाचा थियो हाम्रो सात जुनी बिताउने
मायाको दुश्मन आज हाम्रो जात भो

संसारमा किन हुन्छन् मायाका बैरी
हाम्रो माया छुटाउने हाम्रै समाजको हात भो

सक्दिनँ भुल्न विगतका ती दिनहरू
तिमीबिनाको जिन्दगी मेरो झरेको पात भो ।

बागेश्वरी-२, भक्तपुर